●सरकारले अब कोशीको पनि 'कन्यादान' गर्ने भयो

●स्विट्जरल्याण्डको अद्‌भूत प्रगतिको रहस्य !

●भूमिमा द्वैध-नियन्त्रण खत्तम गर्नुका संभावित परिणामहरु

-प्रशिद्ध अर्थविद महेशचन्द्र रेग्मीको विचारमा

कसरी पसिरहेछ संस्कृतिमा साम्राज्यवाद ?

# मूल्याङ्कन

मूल्य रु १५।-
(भारतमा भारु १२।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ४४
माघ, २०५३



## किन र कसरी मारिए किसान योद्धा भीमदत्त पन्त

## पेरुको बन्धक काण्ड

# टुपाक आमारूले विश्व हल्लायो !

# अनाधिकार विद्युत उपभोग नगरौं

विद्युत चुहावट प्रभावकारी ढंगले नियन्त्रण गर्नको लागि नेपाल विद्युत प्राधिकरणले 'विद्युत चुहावट विनियमावली-२०५०' मिति २०५०/१२/७ देखि लागू गरेको छ । सो अनुसार-देहायको कुनै पनि अवस्था फेला परेमा अनाधिकार विद्युत उपभोग गरेको अनुमान गरी नेपाल विद्युत प्राधिकरणले विद्युत काटी नियमानुसार कारवाही गरिनेछ

- प्राधिकरणको स्वीकृति नलिई विद्युत प्रणाली, सर्भिस केबुल, सडक बत्तीको लाइन आदिमा कुनै तरिकाबाट लाइन जोडी विद्युत शक्ति उपभोग गरेमा,
- मिटरको मेन लाइनबाट लोड जोडेमा वा सन्ट गरी मिटरमा पूरा खपत नचढ्ने गरेमा,
- मिटरको टर्मिनल, सिल र टेष्ट सिल बिगारेमा वा प्राधिकरणको सिलको सट्टा अरु कुनै सिल भएमा,
- मिटरभित्र कुनै प्रकारको बाह्य पदार्थ पसालेको पाइएमा,
- टर्मिनल लिंक खोलेको पाइएमा,
- माथि उल्लेखित अवस्था वा विद्युतको अनाधिकार उपभोग हुने अन्य कुनै तरिका अपनाएमा,

नबिर्सौं,
विद्युत दुरुपयोग गर्नु राष्ट्रिय अपराध हो !

## नेपाल विद्युत प्राधिकरण

यसभित्र


# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ४४
२०५३, माघ



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## टुपाक आमारूले विश्व हल्लायो !

**पेरुको बन्धक काण्ड र त्यहाँको कम्युनिष्ट आन्दोलनको विकासको इतिहासबारे खोजपूर्ण सामग्री**

किन र कसरी बन्धक काण्ड घट्यो ? कसरी जन्मियो टुपाक आमारू ?
टुपाक आमारू र साइनिङ पाथमा के भिन्नता छ ?
पेरूमा कस्ता कस्ता वामपार्टीहरू छन् ? ५

◉ हालै भूमि-ऐन संशोधनद्वारा भूमिमा द्वैध-नियन्त्रण खत्तम गरिनुका संभावित परिणामहरू
*-प्रसिद्ध अर्थविद् महेशचन्द्र रेग्मीको विचार*

◉ क्रान्ति कहाँबाट र कसको लागि ?

◉ स्विट्जरलैण्डको अद्‌भूत प्रगतिको रहस्य के हो ?

◉ निरंजन गोविन्द वैद्यले क. माओलाई भेट्दाको त्यो क्षण !

## नेपालमा किन र कसरी पसिरहेछ संस्कृतिमा साम्राज्यवाद ?

*गोविन्द भट्ट, खगेन्द्र संग्रौला, निनु चापागाई, डा. चैतन्य मिश्र, हरिगोविन्द लुइँटेल र बिमल फुँयालबीच सम्पन्न प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्ट* २०


**हाम्रो मूल्याङ्कन** ४
**आवरण कथा**
टुपाक आमारूले विश्व हल्लायो ५
**अचेल**
क. तुलसीलाल अमात्यसंगको कुराकानी १४
**इतिहास**
किन र कसरी मारिए किसान-योद्धा भीमदत्त पन्त १६
**प्रेरक प्रसंग**
स्तालिन निकै भावुक हुनुहुन्थ्यो १८
**रोचक प्रसंग**
चाणक्यले विजय प्राप्त गर्नुको रहस्य १९
**अन्तर्क्रिया**
नेपालमा सांस्कृतिक क्षेत्रमा साम्राज्यवाद २०
**नीति/संस्कृति**
फुर्सदको समय -*चन्द्रदेव नेपाली* २६
**आँखीझ्याल**
स्विट्जरलैण्डको विकासको रहस्य २७
**विज्ञान/प्रविधि**
नेपाली विज्ञानकर्मीले स्वच्छकयन्त्र बनाए -*तुलसीदास महर्जन* ३०
**साहित्य**
प्रगतिशील लेखक संघको झापा भेला ३१
भारतमा 'जसम'को सम्मेलन ३२
**पर्दा/रंगमंच**
इसासको सांस्कृतिक कार्यक्रम ३३
इसासको गीति क्यासेट ३३
**संस्मरण**
निरञ्जन गोविन्द वैद्यले क. माओलाई भेट्दाको क्षण ३४
**दर्शन/दिग्दर्शन**
क्रान्ति कसको लागि र कहाँबाट ? ३६
**घटना र प्रवृत्ति**
भूमिमा द्वैध-नियन्त्रणको अन्त्य ३८
**पाठकको कुरो** ४२


## मूल्यांकन मासिकको अति जरूरी सूचना !

**पाठकवृन्द !**

मुद्रां, कागज र उत्पादन कार्यका अन्य सबै पक्षहरुमा निरन्तर मूल्य वृद्धि भएको कारण हामीलाई हाम्रो हालको स्तर र पृष्ठ संख्यामा सामाग्रीहरु उत्पादन, संयोजन र प्रकाशन गर्नका निम्ति साबिक मूल्यले नधान्ने हुन आएको छ । यस स्थितिमा हामीले नचाहँदानचाहँदै पनि मूल्यांकनको मूल्यमा केही बृद्धि गर्नैपर्ने बाध्यात्मक अवस्था पैदा भएको छ ।

यसैबीच, हाम्रा केही शुभेच्छुक र पाठकहरुले मूल्यांकनमा अरु ८ पेज पनि थप गरियोस्, त्यो ८ पेज प्रयोग गरी हरेक अंकमा नियमित रुपमा विचार-अन्तर्क्रियाको सामाग्री प्रकाशित गरियोस्, यसमा अरु थप ज्ञानवर्द्धक र रोचक सामाग्रीहरु पनि संगेटियून् ; बरु त्यसका निम्ति मूल्यांकनको एक प्रतिको मूल्य रु. २० गरियोस् भन्ने सल्लाह दिनुभएको छ । प्रस्तावित मूल्य र सामाग्री संयोजनका विषयमा यहाँहरुको के राय छ ? पत्राचारमार्फत् हामीलाई आफ्नो विचार यही फागुन १ गतेभित्र आइपुग्ने गरी लेखीपठाउन हुन अनरोध गर्दछौं ।

-मूल्यांकन सम्पादन मण्डल


**आवरण फोटोः टुपाक आमारु छापामार आन्दोलनका नेता क. सेर्पा, बन्धक बनाइएका पेरुका विदेशमन्त्री र अन्य एक छापामार/इन्सेटमाः टुपाक आमारु छापामारहरु फोटोः न्यूजवीक र फ्रन्टलाइन/आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार, भित्री पृष्ठका चित्रहरुः लक्ष्मण भूजेल, जि.डि. साह, यति आर्ट, पुतली सडक कम्प्युटर सेटिङ्ः सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक, सम्पर्क फोनः ४२२७६९/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# अब कोशीको पनि 'कन्यादान' हुने भो

युग बदलिएर कहाँबाट कहाँ पुगिसक्यो । तर जालफेल र फट्याइँद्वारा निर्धा र साना छिमेकीहरूको स्रोतसाधन लापारलुबुर पार्ने भारतीय शासक वर्गको पुरानै दृष्टिकोण र मनोवृत्ति जस्ताकोतस्तै छ । त्यो बदलिएको छैन । यता नेपालमा पनि आफ्नो दिगो सत्ताको स्रोत जनतालाई होइन, विदेशका ठूला शक्तिलाई ठान्ने जंगबहादुर मनोवृत्ति पनि ज्यूँ का त्यूँ देखिएको छ । त्यो फेरिएको पाइएको छैन ।

महाकाली संझौताले यी दुवै प्रवृत्तिहरू उदांगो देखाएको थियो । अब त्योभन्दा पनि पछिल्लो ज्वलन्त उदाहरण भएको छ- हालै अति गोप्यतापूर्वक सम्पन्न भएको कोशी उच्च बाँध सम्बन्धी संझौता, जसलाई 'समझदारी' भनेर फेरि एकचोटि गिरिजाले जस्तै वर्तमान सरकारद्वारा पनि नेपाल राष्ट्रमाथि फट्याइँ गर्ने प्रयास हुँदैछ । सर्वोच्च अदालतको नजीर सरासर मिच्ने काम हुँदैछ ।

यो संझौता दुई देशका संयुक्त विशेषज्ञहरूको टोलीको (तीन दिन लामो) दोस्रो वैठकपछि पुस २५ गते सम्पन्न भएको छ । गिरिजाले प्रधानमन्त्रीको रूपमा भारत भ्रमणको बेला सन् १९९१ मा गरेको तथाकथित 'समझदारी'मा व्यवस्था भएअनुसार नै यस्तो संयुक्त विशेषज्ञहरूको टिमको वैठक हुने गरिरहेको बुझिएको छ । अर्थात्, अहिलेको 'समझदारी' गिरिजाकै 'समझदारी'को निरन्तरता हो । तर फरक यति छ- अहिलेको 'समझदारी' राप्रपाका जलस्रोतमन्त्रीको दिग्दर्शनमा भएको छ, जसले त्यतिखेर गिरिजाको 'समझदारी'लाई राष्ट्रको सामु 'फट्याइँ' बताएका थिए ।

अहिलेको 'समझदारी' सप्तकोशी उच्च बाँध र सुनकोशी उच्च बाँध परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्नको लागि अध्ययन थाल्ने भनेर दुई देशका प्राविधिज्ञहरूले सम्पन्न गरेको संझौता हो । नेपालको तर्फबाट जल तथा शक्ति आयोगका कार्यकारी निर्देशक डा. आनन्दबहादुर थापा र भारतको तर्फबाट केन्द्रीय जल आयोगका अध्यक्ष रमेशचन्द्रले यसमा हस्ताक्षर गरेका छन् । तर यो दुई देशका प्राविधिज्ञहरूको बीचमा सम्पन्न 'समझदारी' मात्र देखिन्न । यसमा त्यस्ता कुराहरू परेका छन्, जो दुई देशका प्राविधिज्ञहरूको कार्यक्षेत्रभन्दा धेरै माथि छ र सिंगै राष्ट्रको आर्थिक भविष्यलाई प्रभावित पार्ने खालको छ ।

> **यो गिरिजाकै 'समझदारी'को निरन्तरता हो, फरक यति छ- अहिलेको 'समझदारी' राप्रपाका जलस्रोतमन्त्रीको दिग्दर्शनमा भएको छ, जसले त्यतिखेर गिरिजाको 'समझदारी'लाई राष्ट्रको सामु 'फट्याइँ' बताएका थिए**

के दुई देशका प्राविधिज्ञहरूको वैठकले (DPR) बनाउन अध्ययन थाल्ने नाममा देशको सबैभन्दा ठूलो बहुउद्देश्यीय योजनाको लाभ बाँडफाँडको सिद्धान्त तय गर्न मिल्छ ?

तर यो 'समझदारी'मा त्यो दुस्साहस गरिएको छ । र, त्यो सिद्धान्त महाकाली नदीको विवादास्पद विद्युत लाभ बाँडफाँडको सिद्धान्त जे हो, हूबहू त्यही भाषामा छ । अर्थात्, सिर्फ परल मोलमा वा कौडीको मोलमा भारतले सप्तकोशीको विजुली किन्छु भन्न सक्ने ठाउँ दिने खालको दोषपूर्ण सिद्धान्त यसमा तय गरिएको छ ।

महाकाली सन्धि पास गर्दा संसदले एउटा संकल्प पनि पास गरेको थियो । त्यो संकल्पमा विजुलीको लाभको बाँडफाँडको सिद्धान्त Avoided Cost Principle नै हुनेपर्ने कुरा प्रष्ट उल्लेख थियो । ऐनसरह मान्य हुने संसदको त्यो संकल्पलाई अहिलेको 'समझदारी'ले धोती लगाइदिएको छ ।

महाकाली नदीकै DPR बनाउँदा संकल्पको मर्म मुताबिक Avoided Cost कै आधारमा विद्युत लाभको बाँडफाँड हुने हो कि होइन, त्यो नै ठेगान भइसकेको छैन । यो स्थितिमा फेरि भारतीय शासक वर्गको चाहनामुताबिक उसैलाई अनुकुल हुने भाषामा कोशी जस्तो विशालतम योजनामा विद्युत लाभको बाँडफाँड गर्ने सिद्धान्त तय गर्ने हक यी प्राविधिज्ञहरूलाई कहाँबाट आयो ? देशको संसदको संकल्पलाई समेत धोती लाउने अधिकार यिनले कहाँबाट प्राप्त गरे ?

यसको मतलब, प्राविधिज्ञहरूको नियमित वैठकको बहानामा भूमिगत रूपमा महाकाली सन्धिकै दोषपूर्ण सिद्धान्तमुताबिक भारतीय स्वार्थ पूरा गर्न सप्तकोशीको पनि 'कन्यादान' गर्ने नियत यो तथाकथित 'समझदारी' ले लिएको देखिन्छ ।

भन्न त सरकारले लाभ बाँडफाँडबारे नै अध्ययन गर्न यो 'समझदारी' गरिएको भनेको छ । तर यो दावीमा कुनै तुक देखिँदैन । किनभने, यदि लाभ बाँडफाँडको अध्ययन गर्न नै यो 'समझदारी' गरिएको हो भने- यसमा अहिले नै विवादास्पद महाकाली सन्धिको बाध्यात्मक बाँडफाँडको सिद्धान्त किन त ? किन यो 'समझदारी'मा सिंगै राष्ट्रको आर्थिक भविष्य प्रभावित हुने बाध्यात्मक प्रावधानहरू राखिएको त ?

लाभ बाँडफाँडकै अध्ययन गर्ने हो भने, नेपाल र भारत दुवै ठाउँमा समान रूपमा लाभको अध्ययन गर्ने व्यवस्था हुनुपर्ने । तर यो 'समझदारी'मा खाली भारतले मात्र नेपालमा लाभको अध्ययन गर्ने कार्यालय खोल्ने व्यवस्था गरिएको छ । तर नेपालले भारतमा त्यस्तै गरी कार्यालय खोल्ने व्यवस्था गरिएको छैन । प्रश्न उठ्छ- यस्तो भारतको निम्ति मात्र हितकारी एकतर्फी अध्ययन व्यवस्था किन त ?

फेरि यो अध्ययनमा खट्ने नेपाली प्राविधिज्ञहरूको भ्रमण भत्ता खर्च र DPR बनाउँदा लाग्ने खर्च पनि भारतले नै व्यहोर्ने व्यवस्था यो 'समझदारी' मा गरिएको छ । के नेपाल त्यति टाट उल्टिसक्यो कि आफ्ना सरकारी कर्मचारीको अध्ययनभत्ता खर्च समेत यसले व्यहोर्न सक्दैन ? उनीहरूको खर्च भारतले व्यहोरेपछि भारतसित कडा मोलतोल गर्नुपर्ने नेपाली प्राविधिज्ञहरू मनोवैज्ञानिक रूपमा उनीहरूप्रति नै निर्भर हुनजाने हुन्न र ? यसबाट DPR भारतकै स्वार्थअनुकुल बन्न जाने सम्भावना टड्कारो हुन्न र ?

यसबाहेक, बागमती र कमला जस्ता नेपालमा बन्ने नेपाली योजनाहरूको विस्तृत तथ्य-तथ्यांकको रिपोर्ट १ महिनाभित्र भारतलाई दिन नेपाल सरकारले मंजुरी गरेको कुरा पनि यो 'समझदारी' मा उल्लेख गरिएको छ । प्रश्न उठ्छ- नेपालमा बन्ने नेपाली योजनाहरूको रिपोर्ट भारतलाई सार्वभौम राष्ट्र नेपालले दिनु पर्ने नै किन ?

यी सबै प्रावधानहरू हेर्दा यस्तो देखिन्छ- यो तथाकथित 'समझदारी' तो खालि DPR बनाउनको निम्ति अध्ययन थाल्ने कुरामा मात्र आफूलाई सीमित गरेको छैन । यसले नेपाल राष्ट्रलाई दीर्घकालीन रूपमा नोक्सान पुऱ्याउने र हातखुट्टा बाँध्ने गंभीर महत्वका जालसाँजीपूर्ण प्रावधानहरू पनि आफ्नो पेटभित्र बोकेको छ ।

यहाँ मुख्य मुद्दा एउटा सप्तकोशी उच्च बाँध योजना बनाउने कि नबनाउनेको छैन । यहाँ मुख्य मुद्दा हो- नेपालको अहिलेको आर्थिक विकासको स्तरमा नेपालको लागि जरूरी र नेपालले आफ्नो सामर्थ्यले धान्न सक्ने योजना कस्तो हो ? र, त्यसमा बराहक्षेत्रमा बन्ने भनेको कोशी उच्च बाँध योजना कहाँनेर पर्छ ?

यो दृष्टिकोणबाट हेर्दा भारतबाट प्रस्तावित कोशी उच्च बाँध योजना नेपालको वर्तमान प्राथमिकताको योजना नै होइन । यो भारतीय प्राथमिकताको योजना मात्रै हो । १४४ मेगावाटको कालीगण्डकी बनाउने पैसा र प्रविधि नभएका हामीसित महाकाली र कर्णालीभन्दा पनि ठूलो विशालतम कोशी उच्च बाँध बनाउने न त प्राविधिक सामर्थ्य छ, न त्यसको लागि चाहिने ऋण व्यहोर्ने क्षमता नै ! यो स्थितिमा हामी कोशी उच्च बाँधमा किन फँस्ने ?

कोशीमै हात हाल्ने हो भने हामीले सुनकोशी डाइभर्सन योजनामा हात हाले हुन्छ । किनभने त्यो हाम्रो सामर्थ्यले भ्याउने निकै लाभदायक मझौला आयोजना हो । त्यस्तै हामी ३०-४० मिटरको बाँध बनाएर २-४ शय मेगावाट विजुली निकाल्ने गरी सप्तकोशीमै मझौला आयोजना शुरू गर्न सक्छौं । जम्मामा भन्ने हो भने, साना र मझौला योजना नै नेपालको अहिलेको सामर्थ्य मुताबिकको प्राथमिकता हो ।

तर सरकार किन यस्तो गरिरहेको छैन ? किन ऊ आफ्नो सामर्थ्यले नभ्याउने भारतीय प्राथमिकताको आयोजना नेपालको नोक्सानीको मूल्यमा कार्यान्वयन गर्न लट्टू कसेर लागेको छ ? सरकारको यो ताबेदार मनोवृत्तिको सर्वत्र विरोध हुनु जरूरी छ ।

नेपालको कल्याण यसमा छ कि हामी हाम्रो प्राथमिकताको आयोजनामा मात्र हात हालौं । सुनकोशी योजनालाई सप्तकोशीबाट छुट्ट्याउँ । र, भारतीय प्राथमिकतामा हामीले ध्यान दिनु पर्छ भने हाम्रा प्राथमिकतासित राष्ट्रको लागि निकै फाइदाजनक शर्तमा मात्र तिनको लेनदेन गरौं ।

यो दृष्टिकोणबाट वर्तमान 'समझदारी' सरासर गलत र जालसाजीपूर्ण छ । त्यसैले, यो खारेज हुनु जरूरी छ । र, आफ्नो तुच्छ सत्तास्वार्थ र कमिशन स्वार्थका लागि राष्ट्रको दीर्घकालीन हितकै सौदाबाजी गर्ने मनोवृत्ति खारेज हुनु जरूरी छ । ❑



पेरुको बन्धक काण्डको भित्री कथा

# टुपाक आमारुले विश्व हल्लायो !

राजेन्द्र महर्जन

## पुस २ गते मंगलबार बेलुका ८ बजे !

पेरूको राजधानी लिमाको सान इसिडो क्षेत्रस्थित जापानी राजदूतको आवासगृह । आवास गृहभित्रको विशाल चौरमा कूटनीतिज्ञहरूको विशाल जमघट चलिरहेको थियो । जमघटमा देशी-विदेशी कूटनीतिज्ञहरूका अलावा ठूलठूला जापानी व्यापारीहरू, पेरू सरकारका मन्त्रीहरू, न्यायाधीशहरू, प्रहरी र सेनाका उच्च अधिकृतहरू थिए । ५०० जनाभन्दा बढी सहभागीहरू जापानी सम्राट अकिहितोको जन्मदिन धूमधामका साथ मनाइरहेका थिए ।

ह्विस्की खाएर झुमिरहेका ती कूटनीतिज्ञहरू र सरकारी अधिकारीहरू ह्विस्की र स्न्याक्स वितरण गरिरहेका केही 'बेयराहरू' वास्तवमा 'टुपाक आमारू क्रान्तिकारी आन्दोलन' (MRTA) का छापामारहरू थिए भन्ने कुराबाट पूरै अनभिज्ञ थिए । उनीहरूलाई र समारोह आयोजक जापानी राजदूतलाई समेत के कुरा थाहा थिएन भने समारोह भइरहेको बगैंचामा माली भएर काम गरिरहेकाहरू पनि MRTA कै छापामारहरू थिए ।

यसरी एकातिर MRTA का छापामारहरू बेयरा र मालीका रूपमा ४ घण्टा अगाडिदेखि नै जापानी राजदूतको आवास गृहमा तैनाथ थिए भने, अर्कातिर त्यस आवासगृहबाहिर ठाउँ ठाउँमा अनेक भेषमा छापामारहरू निगरानी गरेर बसिरहेका थिए । यसैबीच एम्बुलेन्सको रूपमा प्रयोग हुने एउटा ट्रक हुईंकिएर आवास गृहतिर गयो । त्यो 'एम्बुलेन्स' भित्र पनि नर्स र डाक्टरहरूको भेषमा छापामारहरू नै बसेर आएका रहेछन् । 'पानअमेरिकन टेलिभिजन' ले प्रसारण गरेको ३ मिनेटको भिडियो टेपमा देखाइए अनुसार, एम्बुलेन्सभित्र पनि केही छापामारहरू हातहतियारले सुसज्जित थिए ।

'एम्बुलेन्स' मा ती नर्स र डाक्टरको भेषमा आएका छापामाहरू र हातहतियारले सुसज्जित दर्जनौं अन्य छापामारहरूलाई आवास गृहको पछिल्तिरको पर्खाल नजिकै झारियो । त्यतिखेरसम्म पनि ह्विस्कीको नसामा झुमिरहेका कूटनीतिज्ञहरू र सरकारी अधिकारीहरू छापामारहरूको गतिविधिबाट परिचित थिएनन्, न त आवासगृह र कूटनीतिज्ञहरूको सुरक्षाका लागि खटिएका प्रहरी र जासूसहरू नै सतर्क र सचेत थिए !

यस्तैमा सवा आठ बज्यो ।

ठीक यही बेला एम्बुलेन्सबाट झरेका छापामारहरूले आवासगृहको उत्तर-पश्चिमतिरको पर्खालमा भित्र पस्ने बाटो बनाउनको लागि बम बिस्फोट गरे । बम बिस्फोटको धमाकाले गर्दा होशहवास गुमाएका कूटनीतिज्ञहरू र सरकारी उच्चअधिकारीहरूले आफूलाई सम्हाल्न पनि पाएका थिएनन्, अचानक आवासगृहको भित्री पर्खाल नाघेर सशस्त्र छापामारहरू बगैंचामा आउन खोजिरहेको दृश्य देखापर्‍यो । हातमा मेशिनगन लिएका ती छापामारहरू एक-एक गर्दै 'Viva the MRTA' को नारा लगाउँदै समारोह भइरहेको बगैंचामा झर्न थाले । त्यतिन्जेल-सम्ममा आवासगृहको मूल ढोकाबाट छिरेका छापामारहरू तथा बेयरा र माली भएर काम गरिरहेका छापामारहरूले

जापानी राजदूतको आवास बाहिरको एक दृश्य



- पेरू कम्युनिष्ट आन्दोलनको नालीबेली
- कसरी जन्मियो टुपाक आमारू समूह ?
- साइनिङ्ग पाथ र यसमा के छ फरक ?
- कस्ता कस्ता वाम-पार्टीहरू छन् पेरूमा ?

पनि आ-आफ्नो हतियार लिए । र, ८ बजेर ३८ मिनेट जाँदा सबै कूटनीतिज्ञ र सरकारी अधिकारीहरूलाई तिनीहरूले घेरामा पारे ।

त्यसको एक्कै मिनेटपछि, बम विस्फोट र बन्दूक पड्केको आवाज सुनेर मोटरकारमुनि लुक्न गएका कम्पाउण्ड बाहिरका प्रहरीहरूले एकाएक छापामारहरूमाथि अश्रुग्यास र गोलीले आक्रमण गर्ने प्रयास गरे । छापामारहरूले पनि अरू दुईवटा स-साना बम प्रहार गर्नुका साथै जवाबी गोली प्रहार गरे । भयभीत कूटनीतिज्ञहरू र उच्च सरकारी अधिकारीहरू गोलीबाट बच्नका लागि बगैंचामै लम्पसार परेर सुते ।

अन्ततः प्रहरीहरूले गोली प्रहार गर्ने कामलाई रोक्नु पऱ्यो, किनकि यो मूर्खतापूर्ण आक्रमणमा प्रहरीको गोलीले छापामारहरूको मात्रै होइन, सरकारी अधिकारीहरू र कूटनीतिज्ञहरूको समेत ज्यान लिन सक्ने संभावना पैदा भयो । प्रहरीहरूको आक्रमण रोकिएपछि MRTA का नेता नेस्टोर सेर्पा कार्तोलिनीले सबैलाई बन्दी बनाइएको घोषणा गर्नुभयो ।

नेस्टोर सेर्पाले साँढे नौ बजेतिर बन्दीहरूलाई आफ्नो छापामार समूहको नाम- 'टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट' MRTA भएको कुरा बताउँदै पेरूको जेलमा कैद गरिएका यस समूहका संस्थापक नेता भिक्टर पोले क्याम्पोस लगायत ४५० जना कार्यकर्ताहरूको रिहाइका लागि यो बन्धक काण्ड गरिएको जानकारी दिनुभयो ।

९ बजेर ४० मिनेट जाँदा पेरूका गृहमन्त्री जनरल ह्वाँ ब्रियोनेस डेभिला घटनास्थलमा पुगेर प्रहरी प्रमुख केतिन विडालका साथ प्रहरी अपरेशनको जिम्मा लिए । १० बजेर २ मिनेट जाँदा बन्धक बनाइएका जापानी राजदूत मोरिहिशा आओकीले छापामारहरूको अनुरोध अनुसार आवासगृहबाटै स्पेनीश भाषामा एउटा स्थानीय रेडियोबाट वक्तव्य दिए । उनले आफू लगायत अन्य सबैजना सुरक्षित रहेको र कोही पनि हताहत नभएको बताए ।

सवा दश बजे छापामारहरूले राष्ट्रपति अल्बर्टो फुजिमोरीकी आमा मात्सुए इनोमोते र फुजिमोरीकी बहिनी जुवाना लगायतका सबै महिला र बूढा-बूढीहरूलाई छाडीदिए ।

साँढे दश बजे रेडियो र टेलिभिजनबाट प्रसारण गरिएको टेलिफोन वक्तव्यमा नेस्टोर सेर्पाले माग गर्नुभयो- 'पेरूका विभिन्न कारागारहरूमा दुर्व्यवहार र यातनामा परेका हाम्रा सबै कमरेडहरूको मुक्तिका लागि हामी जोडदार माग गर्दैछौं । पेरू सरकारले हाम्रा कमरेडहरूलाई रिहा गरेन भने प्रत्येक बन्दीको हत्या हुनेछ । हामी सबै मर्न र मार्न तयार छौं ।'

**छापामारहरूले जवाबी गोली प्रहार गरे, भयभीत कूटनीतिज्ञहरु र उच्च सरकारी अधिकारीहरु गोलीबाट बच्नका लागि बगैंचामै लम्पसार परेर सुते**

## आवासगृह भित्र

त्यसपछि नेस्टोर सेर्पाले बन्दीहरूको नाम टिप्ने र प्रमुख-प्रमुख व्यक्तिहरूलाई छान्ने काम गर्नुभयो । त्यहाँका केही बन्दीहरू कति कायर देखिए भने उनीहरूले आफ्नो परिचय लुकाउन सक्दो प्रयास गरे । कैयौं उच्च सैनिक अधिकारी र सांसदहरूले आ-आफ्नो परिचय पत्र, डायरी र कागजपत्र च्यात्ने, जलाउने र ट्वाइलेटमा फ्याँक्ने प्रयास गरे । राति त्यहाँ काम गर्ने बेयरा र मालीहरूलाई रिहा गरिंदा राष्ट्रपतिका एक जना अंगरक्षक 'अण्डरवेयर' मात्रै लगाएर नाँगै सुटुक्क भागे । त्यस्तै बुधबारको दिन लिमाका एक मेयर आवासगृहको दोस्रो तल्लामा रहेको बाथरूमबाट सुईंकुच्चा ठोके । स्मरणीय छ- यो दुवै केसमा छापामारहरूले आफ्ना बन्दीहरू भागेको देख्दा-देख्दै पनि गोली प्रहार गरेनन् !

क. सेर्पाले बन्दीहरूको नामावली टिप्दै जाँदा १७ जना विदेशी राजदूतहरू, पेरूका दुई जना मन्त्रीहरू, ६ जना सांसदहरू, सर्वोच्च अदालतका ५ जना न्यायाधीशहरू, गुप्तचर विभाग, आतंकवादविरोधी विभाग लगायत प्रहरी र सेनाका ८ जना पुराना र नयाँ प्रमुखहरू, ३५ जना ठूलठूला जापानी व्यापारीहरू लगायत फुजिमोरीका भाइ र छोरीहरू पनि जालभित्र परेको थाहा भयो । तर केही महत्वपूर्ण व्यक्तिहरू फुत्के, जस्तो कि अमेरिकी राजदूत र राष्ट्रपति फुजिमोरी !

आवासगृहभित्र बन्धकहरू सशस्त्र छापामारहरूबाट ४८ घण्टासम्म भयभीत रहे, गोला-बारूद, बम, बन्दूकदेखि ट्यांकभेदी अत्याधुनिक बन्दूक लिएर पालो बसिरहेका छापामारहरूदेखि आतंकित हुनु स्वाभाविक नै थियो । तर छापामारहरूको मायालु र मानवीय व्यवहार देखेर अधिकांश बन्दीहरू आश्चर्यचकित भए । उनीहरू विस्तारै बिस्तारै आफ्नो भय र आतंकबाट मुक्त भई छापामारहरूसंग देश-विदेशको राजनीति, अर्थनीतिदेखि फिल्मी विषयमा समेत छलफल गर्ने स्थितिमा आए । त्यहाँ गीत गाउने, जोक सुनाउने, छापामार महिलाहरूसंग बसी टि.भि. हेर्नेदेखि लिएर अपहरण, एण्डिजका जंगलहरूको उपयोग, जापानी खाद्यान्नहरूको फाइदा, पेरूको संसद जस्ता विषयमा अन्तर्क्रिया गर्ने र आ-आफ्नो विशेषज्ञताको विषयमा बोल्ने कार्यक्रम समेत हुनलाग्यो ।

## बन्धक काण्डको प्रतिक्रिया

अचानक टुपाक आमारू क्रान्तिकारी आन्दोलन (MRTA) का २०-२५ जना छापामारहरूले ५०० भन्दा बढी कूटनीतिज्ञ, सरकारी अधिकारी र मन्त्रीहरू बन्धक बनाएको घटनाले पेरूभित्र मात्र होइन, विश्वभरि नै तहल्का मच्चायो । बुधबार विहान १ बजे राष्ट्रपति फुजिमोरीले बोलाएको पेरूको मन्त्रीपरिषदको आपतकालीन बैठकले आफ्ना ४५० जना कमरेडहरूलाई रिहा गर्नका लागि छापामारहरूले गरेको मागलाई अस्वीकार गऱ्यो । मन्त्री परिषदले सार्वजनिक सुरक्षा प्रमुख जोर्ग सान्टिस्टे भानलाई घटनास्थल पठाएर बन्धकहरूको मुक्तिका लागि वार्ता गर्ने प्रस्ताव राख्यो । राष्ट्रपति फुजिमोरीले बन्धकहरूको ज्यूज्यानको सुरक्षा र स्वास्थ्यको लागि जे जस्तोसुकै कडा कदम पनि चाल्ने घोषणा गर्दै छापामारहरूको मागलाई पटक-पटक अस्वीकार गरिरहे । तर छापामारहरूले पटक-पटक गरी धेरैजसो बन्दीहरूलाई रिहा गर्दै हठी र जिद्दीवाल राष्ट्रपति फुजिमोरीलाई अप्ठ्यारोमा पार्दैगए । अत्यन्त धर्मसंकटमा परेका राष्ट्रपति फुजिमोरीले गत पुस १९ गते एक चोटी राष्ट्रिय टेलिभिजनमा आफ्नो मुख देखाई एउटा छोटो वक्तव्य दिनेबाहेक कुनै सकारात्मक प्रयास गरेनन् । त्यो छोटो वक्तव्यमा पनि उनले छापामारहरूलाई 'आतंकवादी' भनेर गाली गर्ने र बन्दीहरूको विनाशर्त रिहाइको माग दोहोऱ्याएका थिए ।

अहिले फुजिमोरीको यो हठी र जिद्दीपूर्ण शासन शैलीलाई नै पश्चिमेली पूँजीवादी सरकारदेखि जापानले समेत टेवा दिने खालका कामहरू गरिरहेका छन् । उनीहरूले बन्दी प्रकरणको पृष्ठभूमिमा लुकिरहेको सामाजिक-आर्थिक र राजनीतिक समस्याहरूको पहिचान गरी त्यसलाई हल गर्नु र बन्दी काण्डको शान्तिपूर्ण समाधान खोज्नुको सट्टा, सैनिक बल प्रयोग गर्ने विचार पोखेर फुजिमोरीको जिद्दी, हठी र तानाशाही शासनलाई नै अझ बल पुऱ्याउने कार्य गरेका छन् ।

नेस्टोर सेर्पाका अनुसार, 'पेरूमा चर्किरहेका हिंसात्मक घटनाहरूको मूल कारण त्यहाँको वर्तमान राजनीतिक व्यवस्था हो । त्यहाँको पूँजीवादी राजनीतिक सत्ताकै कारणले हिंसामा बृद्धि भइरहेको छ । हिंसा र दमनको भरमा टिकिरहेको सत्ताको हिंसाकै प्रतिक्रियास्वरूप वामपन्थी खेमाबाट प्रतिहिंसात्मक कारवाहीहरू भइरहेका छन् । यी प्रतिहिंसाहरू बहुलाहरूको बर्बरतापूर्ण क्रियाकलापहरू होइनन् ।'

## सशस्त्र संघर्षलाई नाश गर्नका लागि

स्मरणीय छ, पेरूमा पूँजीवादीकरण प्रक्रियामा ल्याइएको तीव्रतासँगै १९८० को दशकको शुरूदेखि नै पेकपा (साइनिङ पाथ) र टुपाक आमारू क्रान्तिकारी आन्दोलन (MRTA) ले पेरूको सत्तालाई उखेलेर फ्याँक्नका लागि सशस्त्र संघर्ष चलाउँदै आइरहेका छन् । यी दुवै सशस्त्र संघर्षलाई दमन गरेर स्वाहा पार्ने र 'आर्थिक क्रान्ति' गर्ने नारा सहित देशी-विदेशी पूँजीपतिहरूको सहयोगमा सन् १९९० मा अल्बर्टो फुजिमोरी राष्ट्रपति पदमा निर्वाचित भएका थिए ।

उनले अमेरिका र विश्व बैंक-अन्तर्राष्ट्रिय मुद्राकोषद्वारा तयार गरिएको 'खुला र उदार बजार अर्थतन्त्र' पेरूमा लागू गरे । 'शक थेरापी' गरेर नक्कली आर्थिक बृद्धिदर देखाउने, विदेशी सामानहरूको बाढी ल्याउने, निजीकरणको तूफान ल्याउने कार्य गरे । परिणाम के निस्क्यो भने, गरीबहरू झन् गरीब र धनीहरू झन्झन् धनी भए । मुद्रा अवमूल्यनले गर्दा मुद्राको भाऊ झन् झन् गिऱ्यो । विदेशी ऋणको भार देशले बोक्नै नसक्ने गरी बृद्धि भयो । घाटा बजेट, महँगी, बेरोजगारी र भोकमरीमा बृद्धिका साथसाथै देशी-विदेशी पूँजीपतिहरूको ढुकुटीमा पनि झन्झन् बृद्धि भएकाले फुजिमोरी र फुजिमोरीका अन्नदाता-जापानी र अमेरिकी साम्राज्यवादीहरू खुशी थिए ।


पूँजीवादी र साम्राज्यवादीहरूको यही खुशी खोसेर पेरूभियाली गरीब जनताबीच बाँड्ने उद्देश्यसहित संघर्षरत दुवै छापामार संगठनलाई निमिट्यान्न पार्न पनि फुजिमोरीले भरमग्दूर प्रयास गरे । उनले सर्वप्रथमतः पेरूभियाली वामपन्थीहरूबाट त्रस्त अमेरिकी साम्राज्यवादसंग पक्का संझौता गरे । पेरूका 'लागू औषध तस्करहरूका विरूद्ध संघर्ष गर्ने' निहुँमा १९९१ मा भएको यो द्विपक्षीय संझौता मूलतः छापामार संघर्षविरूद्ध लक्षित थियो । अमेरिकाले यही संझौताको धोती समाएर पेरूको छापामार संघर्षलाई नष्ट पार्नका

**जापानी राजदूत निवासभित्रको दृश्यः बन्दीहरू हाँसी-खेलिरहेका छन्**





बन्दी प्रकरणको नेतृत्व गर्दै



१९७० को दशकमा मजदूर हुँदा

## टुपाक आमारुका नेता क. सेर्पा

लागि ठूलो मात्रामा आर्थिक सहयोग दिने, हातहतियार, सैनिक प्रशिक्षण र निर्देशन दिने एवं सिआईएमार्फत् जासूसी सम्बन्धी सहयोग दिनुका साथै पेरूमा आफ्नो सैनिक अखडा समेत निर्माण गरेको थियो ।

ल्याटिन अमेरिकी देशहरूको तथाकथित 'ठूलोदाजु' र विश्वको एक मात्र महाशक्ति राष्ट्र- अमेरिकाको आड भरोसा पाएपछि फुजिमोरीले सत्तामाथि आफ्नो प्रभुत्वलाई मजबूत पारे । उनले आफ्नो सत्तास्वार्थमा अप्ठ्यारो स्थिति सिर्जना गर्ने संभावना भएको संसद र अदालतमाथि बज्रमुक्का प्रहार गरे । राष्ट्रपतिको विशेषाधिकार भएको संविधान निर्माण गरे । संसद र अदालतलाई मनपरी ढंगले भंग गरिंदा पनि अमेरिका, बेलायत र जापान जस्ता स्वघोषित 'प्रजातन्त्रवादी' देशहरूले चुँसम्म बोलेनन् । उल्टो, फुजिमोरीलाई नै थप तानाशाही कदम चाल्न प्रेरित गरिरहे ।

संसद र अदालतबाट आउने छेकेवारहरू सबै हटाइसकेपछि उनले अमेरिकी साम्राज्यवादको नीति-निर्देशनमा छापामार संघर्षविरोधी सैनिक अभियानलाई तेज पारे । यसैबीच पेकपा, साइनिङ पाथका संस्थापक नेता डा. अविमायल गुजमान अर्थात क. गोन्जालो र टुपाक आमारू क्रान्तिकारी आन्दोलन MRTA का संस्थापक नेता क. भिक्टर पोले क्याम्पोसलाई गिरफ्तार गर्न उनी सफल भए । यही सफलताबाट अति उत्साहित भएर उनले १९९५ भित्र दुवै छापामार समूहलाई सखाप पार्ने घोषणा गरी छापामार आन्दोलनमाथि निर्ममतापूर्वक दमन गर्न थाले ।

### फुजिमोरीको सपना चकनाचूर भयो

दुवै छापामार आन्दोलनमाथि केही हदसम्म दमन गर्न सफल भएका फुजिमोरीले १९९५ को आफ्नो पुनर्निर्वाचनमा गर्वका साथ घोषणा गरे- 'साइनिङ पाथ र टुपाक पाथ आतंकवादीहरूलाई निमिट्यान्न पारियो । अर्थतन्त्रलाई स्थिर पारियो । अब देशमा आर्थिक क्रान्ति गरौं ।'

तर, साइनिङ पाथले क. गोन्जालोको अभावमा पनि क. फेलिसियानोको नेतृत्वमा आफ्नो जनयुद्धलाई विस्तार गऱ्यो । त्यसले यसैबीच हुआलागा उपत्यकाका महत्वपूर्ण क्षेत्रहरूमाथि कब्जा जमाउने, थुप्रै सैनिक अड्डाहरू ध्वस्त गर्ने र क. गोन्जालो लगायत अरू कमरेडहरूको रिहाईका लागि विश्वव्यापी अभियान चलाउने कार्य गरेर आफ्नो शक्ति प्रदर्शन गऱ्यो ।

उता, टुपाक आमारू क्रान्तिकारी आन्दोलनले १९९५ को अन्ततिर संसदभवन कब्जा गर्न खोज्यो र लिमामा सैनिकहरूसंग ११ घण्टासम्म गोली हानाहान गरी आफ्नो छापामार क्षमताको परिचय दियो । अहिले आएर राजधानी लिमाकै जापानी राजदूतको आवासमा ५०० भन्दा बेसी देशी-विदेशी कूटनीतिज्ञ, सरकारी अधिकरीहरू, प्रहरी र सेनाका जनरलहरू, फुजिमोरीकै आमा, भाई-बहिनी र छोरीका साथै मन्त्रीहरूलाई समेत बन्धक बनाएर फुजिमोरीको सपनालाई चकनाचूर पारेको छ ।

टुपाक आमारूको यो कदमले देशभित्र र बाहिर फुजिमोरीको तानाशाही सरकारलाई अत्यन्त नरांम्रोसंग धर्मसंकटमा पारेको छ । अर्थतन्त्रमा स्थिरता आयो, छापामारहरूलाई निमिट्यान्न पारियो भनेर उनले जुन दावी गर्दै आइरहेका थिए, त्यसमाथि यसले ठूलो प्रश्नचिन्ह उठाइदिएको छ । उनको यो झूठो दावीलाई अब न पेरूभियाली जनताले पत्याउने भएका छन्, न त विश्वका जनताले !

MRTA को दावी अनुसार यो बन्धक काण्ड विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा तयार गरिएको खुला र उदार बजार अर्थतन्त्रमाथि पनि ठूलो धक्का हो ।

### जापानी दूतावासमै कब्जा गर्नुको कारण

MRTA ले घोषणा गरे अनुसार बन्धक प्रकरणका लागि जापानी राजदूतको निवासलाई नै निशाना बनाइएको कारण जापानी सरकार र जापानी पूँजीपतिहरूले पेरूमा बढाउन थालेको हस्तक्षेप हो । फुजिमोरी सरकारलाई विश्वमा सबैभन्दा बेसी ६० करोड डलर सहयोग दिंदै आएको जापानले पेरूको चाँदी, तामा र सीसा जस्ता प्राकृतिक सम्पदामाथि गिद्दे दृष्टि लगाउँदै आइरहेको थियो । जापानी पूँजीपति वर्गको स्वार्थ अनुकूल पेरूको प्राकृतिक सम्पदा, सस्तो श्रम र विशाल बजारमाथि प्रभुत्व जमाउने उद्देश्यले जापानी सरकारले पेरूलाई सहयोग दिंदै आइरहेको थियो ।

> **छापामारहरुले विनाशर्त बन्धकहरुलाई रिहा गर्नुको अर्थ तिनीहरुले पनि जेलको हावा खान वा चिहानमा गाडिन तयार हुनु बाहेक केही हुन सक्दैनन्**

१९९४ मा जापानको सम्पूर्ण वैदेशिक सहयोगमध्ये १९% प्राप्त गर्ने फुजिमोरी सरकारले जापानी पूँजीपतिहरूको स्वार्थ अनुकूल सरकारी छूट दिने, जापानलाई संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदमा सदस्य बन्नका लागि सहयोग गर्ने, आफ्नो सत्ता वरिपरि जापानी मूलका पूँजीपतिहरू र नोकरशाहहरूलाई विशेष ग्राहयता दिने काम गर्दै आइरहेको थियो । स्मरणीय छ, अल्बर्टो फुजिमोरी स्वयं जापानी मूलका पेरूभियाली हुन् ।

त्यसैले, पेरूको राजनीति र अर्थतन्त्रमा जापानी सरकारको बढ्दो हस्तक्षेपको विरोधस्वरूप MRTA ले जापानी राजदूतको निवासलाई मूल निशाना बनाएका हुन् । उनीहरूले जापानी राजदूत तथा दर्जनौं-दर्जन जापानी पूँजीपतिहरूलाई बन्धक बनाउने कार्य गरेका हुन् । क. नेस्टोर सेर्पा (Nestor Cerpa) को भनाइ छ- 'पेरूमा भइरहेको मानव अधिकारको व्यापक उल्लंघनका लागि जिम्मेवार र नवउदार अर्थतन्त्रको नीति लागू गर्ने फुजिमारी सरकारलाई सहयोग र पेरूमा खुला रूपमा, निरन्तर रूपमा हस्तक्षेप गर्ने जापानको विरोधस्वरूप नै हामीले यो ठाउँ रोजेका हौं ।

### भविष्यमा के होला त ?

अहिले पेरू बन्धक काण्ड कसरी समाधान गर्ने भन्ने विषयमा जापान र पेरूबीच ठूलो मतभेद देखा परिरहेको छ । जापान हरकुनै हालतमा आफ्ना राजदूत र पूँजीपतिहरूको सुरक्षा र स्वास्थ्य चाहन्छ । ऊ हिंसात्मक उपायको विरोधमा, शान्तिपूर्ण समाधानको पक्षमा तर्क गरिरहेको छ ।

तर पेरू, अमेरिका, बेलायत र रूस भने शान्तिपूर्ण ढंगले होइन, सैनिक शक्ति प्रयोगद्वारा यो समस्या हल गर्न चाहिरहेका छन् । उनीहरू फुजिमोरी सरकारलाई MRTA को मागमा कडा अडान लिन र दमनात्मक क्रियाकलाप गर्न उक्साइरहेका छन् । दिन-दिनै संकटकालीन बैठक बस्न र आफ्नो सत्तास्वार्थ अनुकूलका उपायहरू खोज्न फुजिमोरी सरकार व्यस्त छ । उसले ग्वाटेमालामा शान्ति सम्झौता गर्ने छापामारहरूसंग जस्तो विषयमा छापामारसंग वार्ता नगर्ने, MRTA का बन्दी नेता र कार्यकर्ताहरूको रिहाइको बारेमा पनि वार्ता नगर्ने जिद्दी कसिरहेको छ । तर उसले जापानी राजदूतको निवासमा बन्धक बनाइएका व्यक्तिहरूको भने विनाशर्त रिहाइको माग सहित शिक्षामन्त्री डोमिंगो पालेरमोलाई छापामारहरूसंगको वार्तामा पठाइरहेको छ ।

छापामारहरूले धेरैजसो बन्दीहरूलाई रिहा गरेर शान्तिपूर्ण समाधानका लागि जुन सदाशयता देखाए, त्यसको एक अंश पनि सदाशयता नदेखाउने फुजिमोरी सरकारले संभवतः बन्दी बनाइरहेका छापामारहरू विरूद्ध शक्ति प्रयोग गर्न सक्दछ । बन्दीहरू र छापामारहरूलाई औषधि, खाना, लत्ताकपडा, बिजुली र संचार सुविधाबाट वञ्चित गराएर तड्पाउने, छापामारहरूसंग अन्तर्वार्ता लिने पत्रकारहरूलाई गिरफ्तार गर्ने, फोटो पत्रकार र पत्रकारहरूलाई देश निकाला गर्ने काम फुजिमोरीले गरेको छ । यो हेर्दा तानाशाह फुजिमोरी सरकारले यस्तो आतंकवादी कार्य गर्ने संभावना बेसी छ । नरसंहार गर्न कहिल्यै नहिच्किचाउने फुजिमोरी सरकारलाई त्यसो गर्न अब जापानी सरकारले मात्र छेकिरहेको देखिन्छ ।

यता आफ्ना बन्दीहरूलाई अत्यन्त मानवीय व्यवहार गर्ने टुपाक आमारू छापामारहरूले विनाशर्त बन्धकहरूलाई रिहा गर्नुको अर्थ तिनीहरूले पनि जेलको हावा खान वा चिहानमा गाडिन तयार हुनु बाहेक केही हुन सक्दैनन् । बन्धकहरूलाई विना शर्त रिहा गरेर सुरक्षित रूपमा विदेश जाने सरकारी प्रस्तावलाई अस्वीकार गरिसकेका छापामारहरूले बन्धक काण्डलाई लामो समयसम्म तन्काउनु पर्ने बाध्यता छ । मर्न र मार्नका लागि हरदम तयार भएर बसिरहेका छापामारहरूले राजदूत निवासको कम्पाउण्डभरि विस्फोटक पदार्थहरू बिछ्याएर सैनिक दमनको प्रतिरोधको तयारी गरिसकेका छन् । यस स्थितिमा उनीहरूले अब पेरू सरकारले शान्तिपूर्वक समस्या हल गर्न वार्ताको टेबुलमा बोलायो भने जाने कि सरकारबाट बल प्रयोग हुँदा बन्दूक तानेर लड्ने भन्ने दुवै सवालमा आफ्नो मानसिक र भौतिक तयारी गरिसकेका छन् । उनीहरूले बन्दी काण्डमाथि बल प्रयोग गरिएमा बन्दीहरू कोही पनि नबच्ने, देशका विभिन्न भागमा रक्तपात मच्चाउने र विदेशमा रहेका पेरूका कूटनीतिक नियोगहरू ध्वस्त गर्ने चेतावनी दिइसकेका छन् ।

हेरौं- पेरू, जापान र अमेरिकाका पूँजीवादी सरकारहरूले रक्तपात रोज्छन् कि शान्तिपूर्वक बन्दीहरूको रिहाईको पक्ष लिन्छन् ? ग्वाटेमालाका वामपन्थी छापामारहरूसित जस्तै शान्ति सम्झौता गरेर पेरूको संसदीय राजनीतिमा आउने MRTA को अव्यक्त चाहना पूरा गर्ने ढोका खोल्छन् कि हिंसा-रक्तपात र विद्रोहतिरै धकेल्छन् ?

भोलि जे जस्तो गरे पनि, आज विश्वभरि पेरू सरकार टुपाक आमारू क्रान्तिकारी आन्दोलनको संचार युद्धमा भने परास्त भइसकेको छ ।

बाँकी ४२ पेजमा



# टुपाक आमारू क्रान्तिकारी आन्दोलनको इतिहास

अहिलेको विश्वको एउटा चर्चित वामपन्थी संगठन- टुपाक आमारू क्रान्तिकारी आन्दोलन (MRTA) को इतिहास १३ वर्ष लामो छ । निकारागुआली क्रान्ति र क्यूबाली क्रान्ति तथा त्यसका नायकहरू क. चे ग्वेभारा र क. फिडेल क्यास्त्रोद्वारा प्रभावित क. भिक्टर पोले क्याम्पोसको अगुवाईमा सन् १९८३ मा यो सगठनको स्थापना गरिएको थियो ।

'करिश्मापूर्ण मार्क्सवादी बुद्धिजीवी' का रूपमा चर्चित क. पोलेले राजधानी लिमामा स्थापित गरेको यो संगठनमा अरू चारवटा स-साना वामपन्थी समूहहरू पनि समाहित भएका थिए । विशेष गरी, यसमा पेकेपा र अन्य वामपन्थी पार्टीका संसदीय अभ्यासहरूबाट वाक्कदिक्क भएका, क्रान्तिका लागि बलिदान दिन तयार, निम्न पूँजीपति वर्गका युवाहरूको बाहुल्यता रहेको देखिन्छ ।

स्पेनीश भाषामा यो संगठनको पूरा नाम हो- Movimiento Revolucionario Tupac Amaru अर्थात् टुपाक आमारू क्रान्तिकारी आन्दोलन (MRTA) ! 'टुपाक आमारु' नाम पेरूभियाली स्वतन्त्रता संग्रामका एक नायकको नामबाट लिइएको हो । स्पैनीश साम्राज्यवादीहरूको सैनिक हस्तक्षेपका विरूद्ध लड्ने पेरूभियाली इंका आदिवासीहरूका नेता 'टुपाक आमारू'बाट यो नाम लिइएको हो । स्पेनीश साम्राज्यवादीहरूविरूद्ध लड्दा-लड्दै गिरफ्तार भएका टुपाक आमारूलाई सन् १५७२ मा फाँसी दिइएको थियो । उही स्वतन्त्रता सेनानीको नाम धारण गरेर १७८० तिर जोसे ग्याब्रियल कोण्डोर्कान्कीले छापामार आन्दोलन शुरू गरेका थिए । स्पेनीश साम्राज्यवादीहरूलाई धपाई आफ्नो देश मुक्त पार्न चाहेका जोसे ग्याब्रियल 'टुपाक आमारू- द्वितीय'का नामले प्रख्यात छन् । उनको नेतृत्वमा संचालित छापमार आन्दोलन पनि स्पेनिश साम्राज्यवादीहरूको कठोर सैनिक दमनका कारणले असफल भयो र उनलाई पनि गिरफ्तार गरी सन् १७८१ मा निर्ममतापूर्वक फाँसी दिइयो ।

हो, यिनै दुई स्वतन्त्रता सेनानी 'टुपाक आमारू' हरूको नामबाट टुपाक 'आमारू क्रान्तिकारी आन्दोलन' को नामाकरण गरिएको हो । ऐतिहासिक व्यक्तिहरूका नामबाट आन्दोलनलाई नामाकरण गर्रेर उनीहरूको गरिमामय विरासतलाई जीवित राखिछाड्ने यो परम्परा निकारागुआको साण्डानिष्टा आन्दोलन, मेक्सिकोको जापातिष्टा आन्दोलन, एल साल्भाडोरको फार्बुण्डो मार्टी लिबरेशन फ्रन्टले पनि कायम राखेका देखिन्छन् । कारण, यी संगठनहरूका यी सबै नामहरू विगतका प्रसिद्ध नेता वा लडाकूहरूको नाम अनुकूल राखिएका हुन् ।

## चर्चाको शिखरमा MRTA

न्यूयोर्क टाइम्सका अनुसार, यो संगठन तब चर्चाको शिखरमा पुगेको थियो, जब यस संगठनका छापामारहरूले १९८४ मा लिमास्थित अमेरिकी राजदूतावासमाथि मेशिनगनले फायर गरेका थिए । पेरूमा 'अमेरिकी साम्राज्यवादको प्रतीक' का रूपमा रहेको अमेरिकी दूतावासमाथि मेशीनगनद्वारा गोली र बम प्रहार गरेर MRTA ले 'साम्राज्यवाद विरोधी' आफ्नो संघर्षको घोषणा गर्‍यो ।

यसको लगत्तै अरू पूँजीवादी देशका दूतावासहरू, प्रमुख-प्रमुख विदेशी संस्थाहरू, केन्टुकी फ्राइड चिकेन जस्ता बहुराष्ट्रिय कम्पनीका कार्यालयहरूमाथि यस समूहले गोली र बमद्वारा आक्रमण गर्ने श्रृंखला नै अघि बढायो । यसका साथै बैंकमा छापा मार्ने र देशी-विदेशी पूँजीपतिहरूलाई लुट्ने कार्य गरेर पैसा जम्मा गर्ने र ती पैसा गरीबहरूबीच बाँड्ने, हतियार किन्ने आदिमा खर्च गर्ने कामसमेत गरियो ।

पेरूको समाजमा हलचल गर्ने गरी यो संगठन प्रकट भएको र आक्रमण गर्न थालेको देखेर एक छिनको लागि 'जनयुद्ध' संचालन गरिरहेको अर्को ठूलो संगठन पेकपा (साइनिङ पाथ) नै छायाँमा पर्‍यो कि भन्ने आभाससमेत एकताका उत्पन्न भएको थियो । १९८० देखि पेरूका ग्रामीण इलाकादेखि विभिन्न प्रान्तका शहर र राजधानी लिमा वरपरका गरीब बस्तीहरूमा छापामार संघर्ष चलाइरहेको साइनिङ पाथ त्यसबेला सरकारको लागि मुख्य खतराको विषय भइरहेको थियो । तर MRTA का शहरीया छापामार शैलीको तीब्र आक्रमणले गर्दा सरकारसमेत आच्छुआच्छु भएको थियो ।

सरकारले विशेषत: सैन्य शक्तिले रक्तपातपूर्ण र निर्मम सामूहिक हत्याको श्रृंखला चलाई १९८४ सम्ममा साइनिङ पाथलाई परास्त गरेको विश्वास गरेको थियो । सेनाद्वारा प्रकाशित दस्तावेजहरूमा कतिसम्म भनिएको थियो भने- 'अब साइनिङ पाथ सरकारको लागि खतराको विषय रहेन, अब खतराको रूपमा MRTA विकसित हुन थाल्यो !'

तर यथार्थमा MRTA सरकारको लागि त्यति ठूलो खतराको रूपमा विकसित भइसकेको भने थिएन । त्यसबेलासम्म यसको प्रभाव र सैन्य शक्ति उल्लेखनीय मात्रामा विकसित भइसकेको थिएन । बरू भएको शक्तिलाई बढी प्रचार पाउने क्षेत्रमा होमेको कारणले नै सरकारको लागि यो मनोवैज्ञानिक ढंगमा मात्र 'ठूलो खतराको रूपमा' देखापरेको थियो । स्मरणीय छ, त्यसबेला यसका छापामारहरूको सख्या जम्माजम्मी ५०० भन्दा बेसी थिएन ।

यही शक्तिको भरमा यसले पेरूमा तहल्का मच्चाइरहेकै बेला सन् १९८५ मा एवं सोशल डेमोक्रेटिक पार्टी APRA का युवा नेता ३८ वर्षीय डा. एलान गार्सिया पेरेज पेरूको राष्ट्रपति पदमा निर्वाचत भए, जो क. पोलेका एउटै कोठामा बसी पढेका सहपाठी थिए । क. पोलेले डा. पेरेजको सरकारलाई 'आफ्नो घोषेणापत्र अनुसार गरीब जनताको लागि ठोस्, उपलब्धिमूलक कामहरू गर्नका लागि' भनेर १ वर्षको समय दिनु भयो । MRTA ले पेरेज सरकारसंग गरेको यो युद्धविरामलाई साइनिङ पाथले 'प्रतिक्रान्तिकारी कदम'को रूपमा लियो । पेरेजको राष्ट्रपतित्वको अवधिमा MRTA ले सरकारको संरक्षण र APRA पार्टीको सहयोगसमेत प्राप्त गरेको आरोप पनि छ । न्यूयोर्क टाइम्सले सुरक्षा अधिकारीहरूको स्रोत उल्लेख गर्दै लेखेको छ- 'ठीक त्यही मौकामा प्रहरीले MRTA विरूद्ध काफी धेरै सूचना जम्मा गर्ने सफलता प्राप्त गरेको थियो ।'

MRTA ले शुरूवातमा गरेका सबै आक्रमणहरू राजधानी लिमामा मात्रै केन्द्रित थिए । विशेषत: 'शहरीया

> पेरूको समाजमा हलचल गर्ने गरी यो संगठन प्रकट भएको र पेकपा (साइनिङ पाथ) नै छायाँमा पर्‍यो कि भन्ने आभाससमेत एकताका उत्पन्न भएको थियो

छापामार शैली' अनुसार यी आक्रमणहरू गरिएका थिए । उरूग्वे, ब्राजिल र अर्जेन्टिनाका वामपन्थीहरूले १९६० को दशकमा शुरू गरेको यो 'शहरीया छापामार आन्दोलन' मा मूल निशाना राज्ययन्त्रका पुर्जाहरू, प्रहरी र सैनिकका अड्डाहरू, विदेशी कूटनीतिक नियोगहरू र बहुराष्ट्रिय कम्पनीहरू हुन्छन् । 'प्रहार गर्ने र भाग्ने' युद्धशैली अनुरूप उनीहरूले प्रहरी र सैनिक अड्डाहरू नष्ट गर्ने, उनीहरूको संचार, यातायात, सैनिक खरखजाना नष्ट गर्ने र शहरमा आफ्नो आन्दोलनप्रति समर्थन जुटाउँने लक्ष्य राख्छन् ।

ल्याटिन अमेरिकाका अधिकांश देशहरूमा अप्नाइएको यो 'शहरीया छापामार आन्दोलन' जनसंसंघर्ष र जनसमर्थनको अभावमा उग्रवादी भड्कावहरूमा फँस्न पुगेको थियो । र, अन्ततः छापामारु आन्दोलन पूर्णतः असफल भएको थियो । यो ऐतिहासिक अनुभवबाट पाठ नसिकेर MRTA ले केही वर्षसम्म शहरीया छापामार आन्दोलन नै चलाइरह्यो ।

## ग्रामीण छापामार संघर्षतिर

तर पेरू सरकारले सैनिक दमन अभियानमा तीव्रता ल्याएपछि MRTA ले पनि ग्रामीण छापामार संघर्षतिरै जोड दिनु पर्‍यो । शहरीया छापामार आन्दोलनका एक कमाण्डरका रूपमा देखापरेका क. सेर्पालाई सान मार्टिन प्रान्ततिर र अरू कमाण्डरहरूलाई पनि गाउँतिर पठाइयो ।

क. सेर्पाले राजधानीभन्दा ४०० मील टाढाको सान मार्टिन प्रान्तमा अमेरिको र राउल गिल्भोनियो नामक MRTA का कार्यकर्ताहरूसंग मिलेर आफ्नो राजनीति र सैनिक प्रभाव स्थापना गर्नुभयो । १९८७ सम्ममा यस प्रान्तका घना-जंगलहरूमा सैयौंको संख्यामा लडाकूहरू रहेको छापामार दस्ता- MRTA को 'उत्तरपूर्वी मोर्चा' निर्माण भइसकेको थियो ।

सानमार्टिन प्रान्तका गरीब किसानहरूको सहयोग र समर्थनमा निर्मित यो 'उत्तर पूर्वी मोर्चा'ले AK–47 राइफल लिएका आफ्ना सैयौं छापामारहरू मार्फत त्यस प्रान्तका गाउँ र शहरहरू कब्जा गर्ने, सैनिक र प्रहरी चौकीहरू उडाउने, गश्तीमा रहने सैनिकहरूमाथि अप्रत्याशित ढंगले आक्रमण गर्ने, जमीन्दारहरू, पूँजीपतिहरू र सरकारका मालवाहक ट्रकहरू अपहरण गर्ने र 'क्रान्तिकारी सरकारका लागि आवश्यक कर असुली' गर्ने काम गर्न थाल्यो ।

१९८० को दशकको अन्तसम्ममा यसले हुआलागा उपत्यकातिर पनि आफ्नो प्रभाव विस्तार गरेको देखिन्छ । त्यहाँ सरकार र साइनिङ पाथप्रति असहमत भएका किसानहरूको समूहलाई यसले संरक्षण दिएको थियो । त्यस्तै, यसले पेरेने उपत्यकाका किसानहरूबीच पनि आफ्नो प्रभाव विस्तार गरेको तथ्य सरकारी सेनाका कमाण्डरले नै स्वीकारेका थिए ।

'न्यूजवीक' पत्रिकाका अनुसार साइनिङ पाथसंग यसको राजनीतिक प्रभुत्वको संघर्ष शहरका मजदूर युनियनहरू, विश्वविद्यालयहरू र गरीब शहरी वस्तीहरूमा भएको बताइन्छ ।

## जेल तोड्ने र संसद कब्जा गर्ने योजना

जनवरी, १९९० तिर आएर यसले नरसंहारको आदेश दिने र क्रियान्वयन गर्ने व्यक्तिहरूलाई छानीछानीकन मार्ने योजना लागू गर्न थाल्यो । यसै क्रममा क. सेर्पाको नेतृत्वमा यसका छापामारहरूले पेरूका ठूल-ठूला नरसंहारका लागि जिम्मेवार पूर्व रक्षामन्त्री एनरिक लोपेज अल्बुजारलाई सान इसिद्रो क्षेत्रमा उनको कारमै गोली हानेर मारेका थिए ।

१९९० तिरै यसका संस्थापक नेता क. पोलेलाई गिरफ्तार गर्न सरकार सफल भयो । उहाँलाई आजन्म कैदको सजाय दिएर MRTA नष्ट गर्ने सपना देखिरहेको सरकार तब आश्चर्यचकित भयो, जब अत्यन्त कडा सुरक्षा प्रबन्धका साथ लिमास्थित क्यान्तो ग्राण्डे जेलमा बन्दी बनाइएको क. पोले अचानक भाग्न सफल हुनुभयो । विशेष रूपमा क. सेर्पाको नीति-निर्देशनमा सिधै यसका छापामारहरूले क.पोलेलाई राखिएको कालकोठरीसम्म पुग्ने २५० मिटर लामो सुरूङ्ग खनेर क. पोलेलाई सफलतापूर्वक भगाएका थिए ।

यसबाट अत्यन्त सतर्क भएका राष्ट्रपति फुजिमोरीले आफू सत्तासीन हुनासाथ साइनिङ पाथ र टुपाक आमारूको संघर्षलाई निमिट्यान्न पार्ने दुस्साहसिक घोषणा गरे । यही घोषणा लागू गर्नका लागि चलाएको सैनिक अभियानको क्रममा दुबै समूहसंग सरकारको भीडन्त हुनथाल्यो । यसैबीच, १९९२ मा क. पोलेलाई पनि क. गोञ्जालोलाई जस्तै गिरफ्तार गर्न सफल भएपछि सरकारले दुबै समूहको सशस्त्र संघर्ष निमिट्यान्न भएको दाबी गर्‍यो । दुबै छापामार नेताहरूलाई लिमा नजिकैको एल कलाओ नौसैनिक अखडाको बंकरभित्रको कालकोठरीमा अत्यन्त निर्ममतापूर्वक र बर्बरतापूर्वक बन्द गरियो । यसबीच क. पोलेका साथ अरू ४०० भन्दा बढी MRTA का छापामार र समर्थकहरू गिरफ्तार भइसकेका थिए ।

क. पोलेलाई बचाउन MRTA का छापामार नेता क. सेर्पा, उहाँकी श्रमिती तथा छापामार नेतृ क. नान्सी गिल्भोनियो, त्यसका दोस्रो नम्बरका नेता मिगेल रिंकोनका साथै केही छापामारहरूले संसद-भवन कब्जा गर्ने योजना बनाए । १९९५ को अन्ततिर त्यस कार्यमा अमेरिकी युवती लोरी बेरिन्सन पनि समावेश भइन् । उनीहरूले संसद भवनमाथि कब्जा गरेर सांसदहरूलाई बन्दी बनाउने र त्यसको बदलामा आफ्ना नेता तथा कार्यकर्ताहरूलाई जेलबाट सुरक्षापूर्वक छुटाउने योजना बनाएका थिए ।

यही योजना अनुरूप लोरी बेरिन्सन र क. नान्सीलाई नोभेम्बर ३० का दिन संसद भवनमा पत्रकारका रूपमा भित्र पस्न खोज्दा 'आतंकवाद विरोधी सैनिकहरू' ले गिरफ्तार गरे । त्यसपछि लोरीद्वारा भाडामा लिइएको लिमाको एउटा भवनमाथि सैनिकहरूले आक्रमण गर्दा ११ घण्टासम्म सैनिकहरू र छापामारहरू बीच गोली हानाहान भइरह्यो । अन्ततः एक जना प्रहरी र ४ जना छापामारहरू मारिएपछि सैनिकहरूले क. रिंकोनका साथै २१ जना छापमारहरूलाई गिरफ्तार गरे ।

तर क. सेर्पा भने त्यो घरको नजिकै अर्को घरमा लुकिरहेकाले बच्न सफल हुनुभयो । गिरफ्तार गरिएकाहरूलाई कतिसम्म निर्ममतापूर्वक यातना दिइयो भन्ने कुरा पश्चिमी संचार माध्यमहरूका बीच बन्दी छापामारहरूलाई उपस्थित गराइँदा क. नान्सी उभ्भिन पनि नसकेको कारूणिक दृश्यबाटै प्रष्ट हुन्थ्यो ।

**पेरूको हुआलागा उपत्यकामा सक्रिय टुपाक आमारुको छापामार दस्ता**



## MRTA : दयालु र भलादमी

मुद्रास्फीति चर्को मात्रामा देखा परिरहेको बेला बैंक लुट्न, जमीन्दार, पूँजीपति र विदेशी नियोगका प्रतिनिधिहरूको अपहरण गर्नु र त्यसको बदलामा लाखौं रकम माग्नु र अपहृत व्यक्तिहरूलाई नमार्नु, मानवीय व्यवहार गरी छाड्नु त MRTA को सामान्य परिचय नै भइसकेको छ ।

यही परिचयलाई याद गरेर पूँजीवादी खेमाले यसका छापामारहरूलाई 'दयालु र भलादमी खालका आतंकवादीहरू' समेत भन्दछन् । MRTA का छापामारहरूप्रतिको पूँजीवादी खेमाको यो प्रशंसाको पछाडि यसका नरम नीति र व्यवहारले काम गरेको हुनसक्छ, किनकि ती नीति र व्यवहारहरू सरकार र पूँजीपतिहरूका लागि साइनिङ पाथका 'माओवादी' नीति र व्यवहारहरूभन्दा कम खतरनाक देखिन्छन् ।

स्मरणीय छ, क. पोले र क. सेर्पाले MRTA को छवि निर्माण गर्ने काममा विशेष भूमिका खेल्नु भएको थियो । उहाँहरूले सशस्त्र संघर्षको क्रममा पनि सकेसम्म कम हिंसा प्रयोग गर्ने, अपहृत व्यक्तिहरूलाई कुनै मानसिक र शारीरिक पीडा नदिने आचरण-विधि निर्माण गर्ने र त्यसलाई लागू गर्ने काम गर्नु भएको थियो ।

यस संगठनको परिचयसंग अभिन्न रूपले जोडिएको एउटा अनौठा पक्ष छ, त्यो हो- रबिन हूड शैली ! पूँजीपतिहरूका दर्जनौंदर्जन ट्रकहरू अपहरण गरी लिमा शहर वरिपरि रहेका गरीब वस्तीहरूमा लगेर ट्रकमा रहेका खाद्यान्न र लत्ताकपडाहरू

बाँकी १३ पेजमा

# पेरुको कम्युनिष्ट आन्दोलनको नालीबेली







- ❑ कसरी जन्मियो टुपाक आमारू समूह ?
- ❑ साइनिङ्ग पाथ र यसमा के छ फरक ?
- ❑ कस्ता कस्ता वाम-पार्टीहरू छन् पेरूमा ?

**पेरुको बन्धक-काण्डले गर्दा विश्वको वर्तमान कम्युनिष्ट आन्दोलनमा एउटा नयाँ नाम- टुपाक आमारु रिभोल्यूशनरी मुभमेन्ट (MRTA) अहिले विशेष रुपले चर्चित भइरहेको छ । पेरुमा नयाँ जनवादी क्रान्ति गर्नका लागि सशस्त्र संघर्ष गरिरहेको पेरु कम्युनिष्ट पार्टी (साइनिङ्ग पाथ) को चर्चा-परिचर्चा र प्रख्यातिका बीच छायाँमा परिरहेको यो छापामार संगठन (MRTA) अहिले पेरुभित्र मात्र होइन, विश्वमै एकाएक पुनः प्रकाशमा आएको छ ।**

MRTA जति चर्चित भयो, त्यति त्यसको मार्गनिर्देशक सिद्धान्त, पेरूको क्रान्तिको सिद्धान्त, छापामार युद्ध आदिका बारेमा आम जिज्ञासा र सोधखोज पनि बढेको छ । पेरूको वामपन्थी आन्दोलनमा यसको स्थानदेखि लिएर मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो मार्ग-निर्देशक सिद्धान्त मान्ने पेकपा (साइनिङ पाथ) संग रहेका यसका मतभेदहरूको बारेमा समेत जान्ने-बुझ्ने र अध्ययन गर्ने जिज्ञासा नेपालमा पनि बृद्धि भएको देखिन्छ ।

यसै सन्दर्भमा पेरूको सात दशक लामो वामपन्थी, आन्दोलनमा MRTA को स्थान, यो संगठनको मार्ग-निर्देशक सिद्धान्त र व्यवहारका साथै, साइनिङ पाथसंगका यसका मतभेदहरूको विवेचना गर्ने जमर्को यहाँ गरिनेछ ।

### पेरुको वामपन्थी आन्दोलनका उतार-चढावहरु

विश्व कम्युनिष्ट आन्दोलनमा मध्य-अमेरिकी देशहरू क्यूबा, निकारागुआ र ल्याटिन अमेरिकी देश चिली जस्तै पेरू पनि वामपन्थी आन्दोलनका कारणले निकै प्रख्यात छ । पेरूको वामपन्थी आन्दोलनका उकाली-ओरालीहरू क्यूबा, निकारागुआ र चिली लगायतका ल्याटिन अमेरिकी देशहरूले पार गरेका सजिला-असजिला बाटाहरूभन्दा फरक छ ।

बीसौं शताब्दीको शुरूदेखि पेरूमा थालिएको पूँजीवादीकरण संगसंगै जन्मिएको मजदूर आन्दोलनको गर्भबाट पेरू कम्युनिष्ट पार्टीको जन्म भएको थियो । पेरू कम्युनिष्ट पार्टी (पेकपा) नजन्मदै १९१८ बाट शुरू भएको मजदूर आन्दोलन १९१९ मा पराकाष्ठामा पुगेपछि पेरू सरकारले पुलिस र फौजको सहायताले यसमाथि हिंसात्मक दमन गरेको थियो । यही दमन अभियानको क्रममा बगेको मजदूहरूको रगतको नदीबाटै एउटा संगठित कम्युनिष्ट पार्टीको स्थापना पेरूमा भएको हो ।

पेरूमा सैनिक शासन चलिरहेको बेला सन् १९२८ मा क. जोसे कार्लोस मारिएतेगको नेतृत्वमा पेरू कम्युनिष्ट पार्टी (पेकपा) को स्थापना भएको थियो । पेकपाको स्थापनाका लागि आफ्नो जीवन अर्पण गर्नुभएका क. मारिएतेगको सिंगो जीवन पार्टीको जग हाल्ने काममा मात्रै खर्च भयो । पार्टीको जग दरिलो पार्न र पार्टीलाई विकसित पार्नका लागि उहाँलाई समय नै पुगेन । स्मरणीय छ, पार्टी निर्माण भएको दुई वर्ष पनि नपुग्दै उहाँको देहान्त भएको थियो ।

क. गोञ्जालोको भाषामा, "क. मारिएतेग आजसम्म अमेरिकी महादेशले जन्माएका महानतम मार्क्सवादी" हुनुहुन्थ्यो । क. गोञ्जालोका अनुसार, उहाँले स्पष्ट मार्क्सवादी-लेनिनवादी जगमाथि पार्टीलाई खडा गर्नुभयो । उहाँले यसलाई स्पष्ट विचाराधारात्मक अडान प्रदान गर्नुभयो । क. मारिएतेगको लागि मार्क्सवाद-लेनिनवाद उहाँको युगको मार्क्सवाद थियो । उहाँले पार्टीलाई आम राजनीतिक कार्यदिशा पनि प्रदान गर्नुभयो ।

पार्टी स्थापना भएको दुई वर्ष पनि नपुग्दै क. मारिएतेगको मृत्यु भएकोले पेकपालाई दरिलो तुल्याउने, मार्क्सवादी-लेनिनवादी सिद्धान्तअनुरूप विकसित गर्ने र पेरूको क्रान्तिको सिद्धान्त तयार गरी क्रियान्वयन गर्ने जस्ता ऐतिहासिक कार्यभारहरू अधुरै रहे ।

सोभियत समाजवादी क्रान्तिले ल्याएको विश्वव्यापी लहरकै क्रममा स्थापित भएका ल्याटिन अमेरिकी कम्युनिष्ट पार्टीहरूमध्ये एउटा कान्छो पार्टीमा गनिने पेकपा अरू धेरै कुरामा पनि 'कान्छो' नै ठहरियो । पेरूमा पनि पेशेवर क्रान्तिकारीहरूको डफ्फा पैदा गर्ने, तिनीहरूबीच चिन्तन जगत्‌का सबै क्षेत्रमा वैचारिक केन्द्रीयता तयार गर्ने र सामूहिक नेतृत्वको ठोस रूप विकसित गर्ने कुरामा भने त्यहाँ पार्टी निर्माणताका ध्यान पुगेको देखिंदैन । यस मामलामा त्यहाँ शुरूमै कमजोरी भएको देखिन्छ ।

यी सबै कमीकमजोरीका बावजूद पेकपाले आफ्नै ढंगले जनसंगठनहरू निर्माण गर्ने, मजदूर र अन्य तप्काका सघर्षहरू संचालन गर्ने कामलाई जारी राख्यो । त्यस कार्यमा छेकेबार लगाउन पेरूको तानाशाही सरकारले पेकपामाथि सन् १९३० देखि १९४५ सम्म प्रतिबन्ध लगायो ।

सामाजिक जनवाद अर्थात् (सोशल डेमोक्रेटिक विचार) लिएर देखापरेको 'अमेरिकन पपुलर-रिभोल्यूशनरी अलाएन्स' (APRA) ले मजदूर आन्दोलनमा सिर्जना गरेका भ्रमहरूले पनि पेकपाका संघर्षहरूमा वैचारिक अन्यौलको स्थिति उत्पन्न गऱ्यो । क. मारिएतेगको मृत्युपछि पेकपाको नेतृत्वमा आएका नेताहरूले उहाँको मृत्युभन्दा पहिले जस्तो APRA का संस्थापक नेता हाया डेला तोरेसग कम्युनिष्ट पार्टीको आवश्यकताका बारेमा र जनसंगठन र जनसंघर्षहरूको विषयमा लामो समयसम्म वैचारिक-राजनीतिक संघर्ष चलाएको भए यो अन्यौललाई चिर्न सकिन्थ्यो । तर यस्तो गरिएन ।

## लिमाका पर्खालका भित्ताहरुमा लेखिएका साइनिङ्ग पाथ समर्थक नाराहरु



# पेरु कम्युनिष्ट पार्टीभित्र विभिन्न गूटहरु कसरी सक्रिय रहे ?

यसैबीच, पेकपाले जनसंगठनहरू निर्माण गर्ने र संघर्षहरू संचालन गर्ने काम भूमिगत रूपमा जारी राख्यो । १९४५ मा प्रतिबन्ध त हट्यो तर १९४८ को 'कलाओ जनविद्रोह'पछि पार्टी पुनः प्रतिबन्धित भयो । त्यसपछि पनि पेकपाको सहयोगमा १९५० मा 'अरेक्विपा जनविद्रोह' भयो, जसबाट पेरूभियाली जनताको क्रान्तिप्रति उत्कट अभिलाषा प्रकट भयो । तर पेकपाका नेताहरूको 'अनैतिक धन्दा'ले गर्दा जनविद्रोह सफल भइरहेको थिएन । तापनि, त्यतिखेर जनताको भरोसाको केन्द्र पेकपा नै थियो । १९५७ सम्म पुग्दा पेकपाको सदस्य संख्या ३० हजार पुग्नुले पनि यही कुराको संकेत गरिरहेको थियो । त्यसबेला पेकपाको विशेष जनआधार भनेको मजदूर र विद्यार्थी समुदाय थियो । किसान, समुदायमा जरो गाड्न भने यो पार्टी सफल भएको थिएन ।

## पेकपाभित्र चर्को आन्तरिक संघर्ष

विश्व कम्युनिष्ट आन्दोलनका नेता एवं सोभियत संघको कम्युनिष्ट पार्टीका महासचिव क. स्तालिनको मृत्युपछि त्यहाँ हावी भएको खुश्चेभको संशोधनवादी नेतृत्वविरूद्ध क. माओले शुरू गर्नु भएको वैचारिक संघर्षले पेरूको कम्युनिष्ट पार्टीलाई पनि प्रभावित पाऱ्यो । विश्वस्तरमा शुरू भएको मार्क्सवाद र संशोधनवादबीचको संघर्षकै प्रतिबिम्बस्वरूप पेकपाभित्र पनि वैचारिक संघर्ष तेज गतिले शुरू भयो ।

यस क्रममा, १९६० को दशकमा पेकपाभित्र विभिन्न समूह-गूटहरूले चलखेल गर्न पाउने स्थिति बनाइएको थियो । कम्युनिष्ट पार्टी गठन गर्नुभन्दा अगावै निर्माण गर्नुपर्ने वैचारिक केन्द्रीयता र सामूहिक नेतृत्व जस्ता प्राथमिक कुराहरूको अभावमा पार्टीभित्र विभिन्न गूटहरूको निर्माण हुनु कुनै अस्वाभाविक कुरो थिएन । तथापि, मार्क्सवादी सिद्धान्तलाई राम्ररी लागू गर्ने घोषणाका साथ संगठित पार्टी कार्यकर्ताहरूका ती विभिन्न गूटहरूबीच वैचारिक संघर्षलाई अघि बढाउन र पार्टीको विकास गर्नका लागि आफ्ना राजनीतिक अडानहरूबारे खुलेआम बहस गर्ने स्वस्थ परम्परा त्यतिखेर पार्टीभित्र थियो ।

यही परम्पराभित्र पार्टी-महासचिव देल प्रादोको समूह, पारेदेजको समूह, पात्रिया रोजाको चिङ काङ समूह र सेर्गियोको बोल्शेभिक समूहका साथै क. गोञ्जालोको समूह आपसी वैचारिक संघर्षमा क्रियाशील रहँदै आएको थियो ।

अरेक्विपा शहरको कम्युनिष्ट अध्ययन-सर्कलका संस्थापक र अरेक्विपा विश्वविद्यालयका विद्यार्थी नेता अविमायल गुजमानले (अर्थात् क. गोञ्जालोले) पेकपाको संशोधनवादी नेतृत्वविरूद्ध 'विषालु हावाविरूद्ध जुधौं !' भन्ने नारासहित पार्टीभित्र अलग्गै समूह निर्माण गर्नुभएको थियो ।


साँढे तीन दशक लामो इतिहास भएको पेकपाले सर्वहारा वर्गको धारणालाई कडिकडाउका साथ नअंगालेको र सन् १९६२ सम्म भएका चारवटै महाधिवेशनहरू मार्क्सवादी अधिवेशन नभएको ठहर यो समूहको थियो ।

क. गोञ्जालोको समूहले पेकपाभित्रको देल प्रादो नेतृत्वलाई फ्याँकेर पेरूको क्रान्तिका लागि विचारधारात्मक र राजनीतिक रूपले राम्ररी सुदृढ भएको र माओ विचारबाट सुसज्जित कम्युनिष्ट पार्टीको खाँचो भएको महसूस गऱ्यो । त्यसले समाजको मुख्यशक्ति किसान समुदाय भएको र सर्वहारावर्ग नेतृत्वकारी भएको ठहर गर्दै ग्रामीण क्षेत्रबाट सशस्त्र संघर्ष थालेर 'शहर घेर्ने' रणनीति तय गऱ्यो ।

यिनै विचारहरूसहित क. गोञ्जालोको समूहले अरू समुहहरूसंग मिलेर पार्टीभित्र हावी भइरहेको देल प्रादोको नेतृत्वविरूद्ध संघर्ष छेड्यो । खुश्चेभका संशोधनवादी नीतिहरू अनुशरण गर्ने देल प्रादोको समूहलाई पार्टी पंक्तिबाटै बढार्नका लागि उनीहरूले चलाएको संघर्ष सन् १९६४ मा सफल भयो । यसलाई पेरूको वामपन्थी आन्दोलनको इतिहासमा खुश्चेभ-समर्थक र माओ-समर्थक समूहहरूबीचको 'पारपाचुके' को रूपमा लिइन्छ ।

देल प्रादो समूहलाई निष्काशन गरेपछि पेकपाभित्र चारवटा समूह बाँकी रहे । तिनीहरूले सन् १९६५ को पाँचौं सम्मेलनमा माओ विचारको पक्षपोषण गर्ने कार्यदिशा तय गरे । तर यसलाई लागू गर्ने मामिलामा पेकपाभित्र गडबडी फैलियो । क. गोञ्जालोका अनुसार- 'यसले पार्टीभित्र अकुशल ढंगले नेतृत्व गरिएको अस्वस्थ आन्तरिक संघर्षको रूप लियो र पार्टीभित्र बिस्फोट भएर पात्रिया रोजाको समूह पार्टीबाट पाखा लाग्यो ।' 'दक्षिणपन्थी अवसरवादी कार्यदिशा अंगालेको, क. मारिएतेग र अध्यक्ष माओलाई नकारेको र पेरूमा क्रान्तिकारी स्थिति विद्यमान छ भन्ने कुरालाई नकारेको' हुनाले उनी र उनको चिङ काङ समूहलाई पार्टीबाट निष्काशन गरियो ।

**क. गोञ्जालोले पेकपाको संशोधनवादी नेतृत्वविरुद्ध 'विषालु हावाविरुद्ध जुधौं !' भन्ने नारासहित पार्टीभित्र अलग्गै समूह निर्माण गर्नुभएको थियो ।**




*क. गोञ्जालो बन्दी सेलबाट भाषण दिनुहुँदै*

अब बाँकी रहेका तीनवटा समूहबीच १९६९ मा आयोजित पेकपाको छैठौं सम्मेलनसम्म मात्रै एकता कायम रह्यो । त्यस सम्मेलनमा १९६७ मा क. गोञ्जालोको समूहले तात्कालीन 'विस्तारित राजनीतिक आयोग' समक्ष प्रस्तुत गरेका दुई वटा समस्याहरूका बारेमा सहमति कायम गरिएको थियो । ती दुई समस्याहरू हुन्- पार्टी एकता र पार्टीको पुनर्गठनको आधार ।

तर पछि पारेदेजको समूहले पार्टीको पुनर्गठनको सवालमा र पार्टी एकताको आधारबारे असहमति जनायो । त्यसले सके पार्टीलाई आफ्नो नियन्त्रणमा राख्ने, नसके पार्टीलाई नै चकनाचचूर पार्ने अभियानमा लागेको बताइन्छ । यी क्रियाकलापहरूलाई दक्षिणपन्थी विसर्जनवादको संज्ञा दिंदै कठोर संघर्ष चलाइएपछि पारेदेज समूह पनि एकातिर पाखा लाग्यो ।

त्यसपछि बाँकी रहेको क. गोञ्जालोको समूह र बोल्शेभिक समूहबीचको आन्तरिक संघर्ष पनि धेरै दिन लुकिरहेन । बोल्शेभिक समूहले मुलुकमा स्थिरता रहेको, क्रान्तिकारी परिस्थिति विद्यमान नरहेको र जनसमूहबीच होइन, स्कूल कलेजहरूमा लडाकू संगठन निर्माण गर्नुपर्ने विचार प्रस्तुत गऱ्यो । क. गोञ्जालो समूहले चाहिँ त्यस समूहले 'बाम विसर्जनवाद'को बाटो अंगालेको आरोप लगायो र एक्लैले पार्टीको पुनर्गठन गर्ने अभिभारा बहन गरेर अगाडि बढ्ने दाबी गऱ्यो ।

क. गोञ्जालोको समूहको भनाइ अनुसार, 'त्यसबेलासम्म पेकपाका नेताहरू विचलनतर्फ गइरहेको, अवसरवादको आहालमा जाकिइरहेको र पार्टी स्वयं अस्तव्यस्त भइरहेको थियो । र, त्यसलाई पुनर्गठन गर्नु अत्यन्त जरूरी भइसकेको थियो ।' त्यसैले पेकपाको पुनर्गठन गरेर नयाँ किसिमको मार्क्सवादी लेनिनवादी र माओविचार पक्षधर, संगठित राजनीतिक अग्रदस्ता बनाएर यो समूह हातमा हतियार लिएर 'जनयुद्ध' गर्न अघि बढ्यो ।

क. गोञ्जालोको समूह नै अहिले पेकपा (साइनिङ पाथ) बनेको हो । दर्शनशास्त्रमा पि. एच. डी गर्नुभएका डा. अविमायल गुजमान अर्थात् त्यस पार्टीका अध्यक्ष क. गोञ्जालोको नेतृत्वमा 'नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न' भनी शुरू गरिएको जनयुद्ध अहिले पनि जारी छ । देशको ८०% भूभागमा, गाउँदेखि राजधानीसम्ममा सशस्त्र संघर्ष गरिरहेको साइनिङ पाथलाई १२ सेप्टेम्बर, १९९२ मा क. गोञ्जालो लगायत केही शीर्षस्थ नेताहरूको आकस्मिक गिरफ्तारीपछि केही धक्का लागेको छ ।

फुजिमोरी सरकारसंग शान्ति वार्ता गर्ने कि नगर्ने भन्ने विषयमा उठेको विवादले साइनिङ पाथमा विभाजन ल्याएको छ । तर जनयुद्धको निरन्तरताका पक्षपातीहरू अहिलेसम्म पनि पार्टीभित्र हावी छन् । क. गोञ्जालोको गिरफ्तारीपछि अहिले क. फेलिसियानोको क्रियाशील सहभागितामा जनयुद्ध चलिरहेको छ ।

**जन**युद्धमा होमिरहेको साइनिङ पाथको क्रान्तिको सिद्धान्त, रणकौशल र रणनीति MRTA को भन्दा धेरै नै फरक छ ।

तर दुवै छापामार समुहबीच एउटा कुरोमा भने समानता छ, त्यो हो- अन्ध नक्कल ! आफ्नो देशको सामाजिक, आर्थिक, राजनीतिक

व्यवस्थाजन्य जटील र लामो वर्ग-संघर्षको प्रक्रियालाई राम्ररी बुझेर पेरूभियाली क्रान्तिको सिद्धान्त तय गर्नुभन्दा पनि, विदेशी क्रान्तिको अन्ध-नक्कल गर्नुमा दुवै समूहको समानता देखिन्छ । स्मरणीय छ- MRTA ले क्यूबा र निकारागुआको क्रान्तिको अन्ध नक्कल गरिरहेको छ भने पेकपा साइनिङ पाथले क. माओको नेतृत्वमा चीनमा भएको चिनियाँ क्रान्तिको अन्ध नक्कल गरिरहेको छ ।

**MRTA को स्थिति**

टुपाक आमारू क्रान्तिकारी आन्दोलन (MRTA) का छापामारहरूले पेरू बन्धककाण्डको लगत्तैपछि आफ्नो पार्टीको साइनिङ पाथसंग संलग्नता नरहेको र ऊसंग धैरै भिन्नता रहेको कुरा घोषणा गरेका छन् ।

साइनिङ पाथ र टुपाक आमारूबीचका मतभेदहरू र भिन्नताहरूलाई राम्ररी बुझ्नका लागि पेरूको भूमिमा १९६० को दशकदेखि शुरू भएको सशस्त्र संघर्षतिर फर्केर हेर्नु जरूरी देखिन्छ, जुन टुपाक आमारूको संघर्षसंग मिल्दोजुल्दो देखिन्छ । सन् १९५९ मा क. चेग्वेभारा र क. फिडेल क्यास्त्रोको नेतृत्वमा क्यूबामा क्रान्ति भएपछि पेरूमा पनि सशस्त्र संघर्षको लहर नै उठेको थियो । पेकपाप्रति असन्तुष्ट क्रान्तिप्रेमी युवाहरूलाई संगठित गरी १९६० को दशकको शुरूवातदेखि नै त्यहाँ ब्लाको, भ्यालेजोस र हेराउड जस्ता क्यूबाली क्रान्ति समर्थकहरूले छुट्टाछुट्टै सशस्त्र संघर्षहरू चलाउन थालेका थिए ।

त्यसमाथि मुभमेन्ट अफ दि रिभोल्युशनरी लेफ्ट (MIR) र ELN जस्ता संगठनहरूले अझ बढी सुसंगठित ढंगले १९६४ देखि छापामार संघर्ष थालेका थिए । तर विडम्बनाको कुरा, ती सबै संघर्षहरू १९७० को दशकको शुरूवातसम्म पनि लम्बिन सकेनन् । यसले गर्दा पेरूका तानाशाही शासकहरूले सम्पूर्ण वामपन्थी शक्तिमाथि निर्मम दमन गर्ने सुअवसर पाए । क्रान्तिप्रेमी युवाहरू पनि दमन र निर्मम चरम हतोत्साहका शिकार भए ।

क्यूबाली क्रान्तिको अन्ध-नक्कल गरेर शुरू गरिएका यी सशस्त्र संघर्षहरू असफल हुनु कुनै आश्चर्यको विषय थिएन ।

म्याड्रिड र पेरिसमा उच्च शिक्षा अध्ययन गरेर देश फर्केको एक वर्ष पनि नहुँदै क. भिक्टर पोलेले टुपाक आमारू क्रान्तिकारी आन्दोलन (MRTA) को स्थापना गर्नुका साथै सशस्त्र संघर्षको थालनी गर्नु भएको थियो । क्यूबा र निकारागुआको साण्डानिष्टा क्रान्तिको सफलताबाट उत्साहित क. पोलेमाथि सशस्त्र संघर्ष थाल्नुभन्दा अगाडि मार्क्सवाद-लेनिनवादलाई राम्ररी ग्रहण गर्ने र



बन्दी प्रकरणमा संलग्न एक टुपाक आमारू छापामार

> *क. गोञ्जालोको गिरफ्तारीमा समेत टुपाक आमारुले चुँसम्म नबोल्ने, क. भिक्टर पोले गिरफ्तार हुँदा पनि साइनिङ पाथ मुखमा दही जमाएर बस्ने परम्परा त त्यहाँ अहिलेसम्म जीवित नै छ*

त्यसलाई आफ्नो देशको परिस्थिति अनुसार लागू गर्ने, बैज्ञानिक पद्धति अनुरूप क्रान्तिकारी पार्टी निर्माण गर्ने र पेरूको क्रान्तिको सिद्धान्त निर्माण गर्ने र त्यसका लागि आवश्यक जनसंगठन र जनसंघर्षहरूको विस्तार गर्ने काम नगर्नु भएको आरोप लगाइन्छ ।

पहिलेको सोभियत संघ समर्थक टुपाक आमारू क्रान्तिकारी आन्दोलनले शुरूमा शहरीया छापामार संघर्ष चलाएको थियो । शहरका बैंक र पूँजीपतिहरूलाई लुटेर गरीबहरूबीच पैसा बाँड्ने 'रबीन् हूड' शैलीको कार्यनीति अपनाउने टुपाक आमारूले सरकारी दमन चर्केपछि ग्रामीण छापामार संघर्षलाई प्रश्रय दिएको थियो । क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी पार्टीबिनाको यो 'क्रान्तिकारी आन्दोलन' ले जबसम्म अन्धनक्कलबाट मुक्त भएर वैज्ञानिक समाजवादलाई ग्रहण गर्ने र त्यसलाई पेरूको परिस्थितिमा आलोचनात्मक तवरले अभ्यास गर्ने बाटो समात्दैन र क्रान्तिकारीहरू साझा शत्रुका विरूद्ध एक हुने बाटो समात्दैन, तबसम्म बैंक लुट्ने, अमेरिकी दूतावासहरूमा बम पड्काउने र दुई चार सय प्रहरी र सैनिकलाई मार्ने काम गर्दैमा श्रमिक र उत्पीडितहरूको जनक्रान्ति सम्पन्न हुन्छ भनेर सोच्नु कोरा कल्पना मात्र हुनेछ ।

'तर विडम्बनाको कुरो, अहिले साइनिङ पाथ र टुपाक आमारू दुवै विशेषतः मजदूर, विद्यार्थी र शिक्षकहरूबीच आ-आफ्नो राजनीतिक र सांगठनिक प्रभुत्व विस्तारका लागि संघर्षरत छन् । एण्डिज पर्वतका किसानहरूबीचको प्रभुत्वको संघर्षले कहीं कतै हिंसात्मक स्वरूपसमेत लिएको इतिहास हेर्दा यिनीहरूबीचको कार्यगत एकता निकै टाढाको कुरो जस्तो देखिन्छ । त्यसमाथि क. गोञ्जालोको गिरफ्तारीमा समेत टुपाक आमारूले चुँसम्म नबोल्ने, क. भिक्टर पोले गिरफ्तार हुँदा पनि साइनिङ पाथ मुखमा दही जमाएर बस्ने परम्परा त त्यहाँ अहिलेसम्म जीवित नै छ । टुपाक आमारूका छापामारहरूले 'पेरू बन्धककाण्ड' जस्तो घटना घटाउँदासमेत साइनिङ पाथ सकेसम्म बोल्दै नबोल्ने र बोल्नै परे पनि अत्यन्त घुमाउरो पाराले, गोलमटोल भाषामा बोलेको यथार्थ सबैको सामु छ ।




इन्टरनेटमा टुपाक आमारुको समर्थनमा प्रसारण भइरहेको वेब-पेज

स्मरणीय छ, क्यूबासमर्थक टुपाक आमारू साइनिङ पाथलाई 'उग्रवादी र आतंककारी' संगठन ठान्छ । र, मार्क्सवाद-लेनिनवाद र माओवाद मान्ने साइनिङ पाथ टुपाक आमारूलाई 'प्रतिक्रान्तिकारी' सम्झन्छ ।

साइनिङ पाथका अध्यक्ष क. गोञ्जालोको आरोप छ- 'विगतमा टुपाक आमारूले सोभियत संघको सामाजिक साम्राज्यवादको सेवा गर्दै सोभियत संघको विश्वप्रभुत्व स्थापित गर्ने स्वार्थ अनुकूल अमेरिकी साम्राज्यवादसंग टक्कर लिएको थियो । मध्य अमेरिकाका क्यूबा, निकारागुआले जस्तै टुपाक आमारूले पनि सोभियत संघको चेसको गोटीको भूमिका खेलेको थियो ।'

अहिले 'क्यूबावाद' लाई समातेर त्यसले देशमा प्रतिक्रान्तिकारी भूमिका खेलिरहेको विचार पोख्दै क. गोञ्जालो टुपाक आमारूको 'प्रतिक्रान्तिकारी भूमिका'लाई प्रष्ट पार्न APRA को एलान गार्सिया सरकारसंग टुपाक आमारूको युद्ध-विरामलाई उदाहरणको रूपमा राख्नु हुन्छ । उहाँका अनुसार, एलान गार्सियाले आफूले राष्ट्रपतिको दायित्व वहन गरेकै दिन राजधानी लिमामा जनतामाथि दमन चक्र चलाएको थियो र अक्टोबर १९८५ मा लुरिगान्चोमा सामूहिक हत्या गराएको थियो । यसरी जनतामाथि प्रहार हुँदासमेत युद्ध-विराम गरेर बसिरहेकोमा क. गोञ्जालो टुपाक आमारूको कटु आलोचना गर्नुहुन्छ ।

उता MRTA का नेताहरूले पेकपा साइनिङ पाथलाई उही पुरानै आरोप लगाउँदैछन् र भन्दैछन्- 'साइनिङ पाथले चिनियाँ क्रान्तिको नक्कल गरिरहेको छ ।' साइनिङ पाथ 'उग्र माओवादी' भएको विचार पोख्दै तिनीहरूले 'आफूले साथनिङ पाथले जस्तो अनावश्यक मात्रामा हिंसाको वकालत नगरेको र त्यतिविधि हिंसात्मक कारवाहीहरू पनि नचलाएको' बताउँछन् ।

यी सबै आलोचना, आरोप प्रत्यारोपबीच टुपाक आमारू र साइनिङ पाथबीच पेरूको क्रान्तिका लागि कार्यगत एकता संभव होला ?- पेरूका जनताको चासोको विषय अहिले यो पनि भइरहेको छ ।

**सतहमा देखिएका वामपन्थी पार्टीहरू**

अहिले पेकपा (साइनिङ पाथ) र टुपाक आमारू क्रान्तिकारी आन्दोलन (MRTA) बाहेक अरू पनि थुपै कम्युनिष्ट पार्टीहरू पेरूमा अस्तित्वमा छन् ।

अहिले देल पादोको नेतृत्वमा संचालित पेरूभियाली कम्युनिष्ट पार्टी (PCP) संसदीय राजनीतिमा मात्रै सकृय छ । पेरूको संसदीय राजनीतिमा तेस्रो शक्तिको रूपमा रहेको 'युनाइटेड लेफ्ट' मोर्चा PCP कै अगुवाईमा संचालित भइरहेको छ । 'यूनाइटेड लेफ्ट' नामक यो मोर्चामा PCP र यूनाइटेड मारिए तेगुइस्ट पार्टी (PUM) जस्तै माओ विचारविरोधी, पूर्व सोभियत संघ समर्थकदेखि लिएर मार्क्सवादविरोधी र नक्कली मार्क्सवादी संगठन र व्यक्तिहरूसमेत आबद्ध छन् ।

अर्कोतिर, माओ विचार समर्थक भनिने पारेदेजको नेतृत्वमा रहेको कम्युनिष्ट पार्टीदेखि पात्रिया रोजाको 'कम्युनिष्ट पार्टी अफ पेरू, रेड फादर ल्याण्ड' र सेर्मियोको नेतृत्वमा संचालित बोल्शेभिक पार्टी पनि पेरूमा क्रियाशील छन् । पात्रिया रोजाको कम्युनिष्ट पार्टी विगतमा आफ्नो संगठनलाई कट्टर माओ-समर्थक ठान्थ्यो । पछि गएर चीनको कम्युनिष्ट पार्टीमा तेङ स्याओ पिङ हावी भएपछि यो पार्टी पनि तेङ स्याओ पिङ समर्थक भएको थियो । चीन समर्थक यी वामपन्थी पार्टीहरू पनि 'जन राष्ट्रिय सभा' (ANP) निर्माण गरी अहिले संसदीय राजनीतिमै पौडी खेलिरहेका छन् । यूनाइटेड लेफ्ट र ANP का हातमा केही संसदीय सिटहरूका साथै केही स्थानीय निकायहरू छन् । तर त्यहाँ फुजिमोरी र एलान गार्सियाको भन्दा भिन्न राजनीति, अर्थनीति र संस्कृति लागू गर्न तिनीहरू असक्षम भइरहेको आलोचना पनि चर्को रूपमा सुनिन्छ । समूह जतिसुकै वटा भए पनि अन्ध-अनुशरण पेरूमा वामपन्थीहरूको प्रमुख रोग भएको देखिएको छ । यान्त्रिक चिन्तन प्रक्रिया उनीहरूको प्रमुख विशेषता भएको देखिन्छ, अन्धनक्कल- चाहे चीनको होस् वा क्यूबाको वा सोभियत संघको । अन्ध-नक्कलबाट कहीं कतै पनि क्रान्ति भएको इतिहास छैन । ❑

९ पेजको बाँकी

गरीबहरूलाई बाँड्नें कार्य पटक पटक गर्दै आएकाले यिनीहरू 'नयाँ रबिन हुड' का रूपमा चर्चित छन् । रबिन हुड शैलीमा अपहरण गर्ने, बैंक लुट्ने, पूँजीपतिहरूलाई धम्काउने कार्य गरेर यिनीहरूले पेरेज सरकारलाई सुधारवादी नीति अनुशरण गर्न दवाब दिन चाहेका थिए । तर पेरेज सरकार एकातिर अमेरिका र विश्व बैंक र अर्कोतिर आफ्नो सोशल डेमोक्रेटिक चुनावी घोषणापत्रको चेपुवामा पर्दापर्दै अन्ततः सत्ताच्यूत भयो ।



# क. चे र क. क्यास्त्रोः

## जसको क्रान्तिको बाटोको अन्ध-अनुशरण गर्दै टुपाक आमारु संगठन अघि बढिरहेको छ

आफूलाई गरीब जनताको 'मुक्तिदाता' सम्झने MRTA का छापामारहरू अत्याधुनिक हातहतियारले लैश छन् । क. चेग्वेभाराकै जस्तो टोपी र लुगा लगाएर हिंड्ने यी छापमारहरूसंग AK-47 स्वचालित बन्दूकहरूदेखि लिएर कालो बजारबाट किनिएका र सैनिकहरूबाट खोसिएका रकेट लञ्चरहरू, मोर्टारहरू जस्ता सशक्त हतियार पनि छन् । यिनीहरूसंग अत्याधुनिक हतियार त धेरै छन् तर हतियार उठाउने मानिसहरूको भने कमी नै छ । आन्तरिक वैचारिक संघर्ष, साइनिङ पाथको बढ्दो प्रभाव र अत्याधिक नेता र कार्यकर्ताहरू जेलमा परेकाले यसको शक्तिमा ह्रास आउन थालेको बताइन्छ । १९९० को दशकमा, नीलो र हरियो ड्रेस लगाएर एकसाथ मार्च गर्ने अर्द्धसैनिकहरू जस्तो औपचारिक ढंगले हिँड्ने शैलीका कारणले पनि सरकारी सेनाबाट यो समूहले धेरै नै घात-प्रतिघात सहनु परेको छ ।

## MRTA को सिद्धान्त र व्यवहार

MRTA का दस्तावेजहरू साह्रै कम मात्रामा मात्र पाइन्छन् । त्यसले अहिले इन्टरनेटमा जर्मनीबाट Voz Rebelde ( विद्रोही आवाज) नामक वेब-पेज प्रसारण गरिरहेको छ । पूँजीवादी अखबारहरूबाट प्राप्त सूचनाका आधारमा भन्ने हो भने, यसको सिद्धान्त र रणनीति पेरूमा संसदीय राजनीति गरिरहेका वामपन्थीहरूको भन्दा क्रान्तिकारी देखिंदैन । मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्ग निर्देशक सिद्धान्त 'मान्ने यो संगठनका एक कार्यकर्ताले न्यूजवीकलाई बताए अनुसार, MRTA प्रत्यक्ष प्रजातन्त्र (Direct Democracy) चाहन्छ । उनी भन्छन्- 'हामीले समाजवादलाई भन्दा पनि 'डाइरेक्टर डेमोक्रेसी' मा बेसी जोड दिइरहेका छौं । तर जनतालाई यो विचार बुझाउन साह्रै गाह्रो भइरहेको छ ।'

MRTA लाई सिद्धान्त र नीति-निर्णयमै प्रभावित पार्ने क्यूबाली क्रान्ति र निकारागुआली क्रान्तिका नायकहरू बिस्तारै सोभियत संघ पक्षधर हुँदै गएपछि यसको पक्षधरता पनि सोभियत संघप्रति नै ढल्केको थियो । सोभियत संघलाई आलोचनात्मक ढंगले बुझ्नुको सट्टा, अन्धतापूर्वक त्यसको समर्थन गर्नाले सोभियत संघको पतनपछि MRTA पनि अरू सोभियत समर्थक वामपन्थी पार्टीहरू जस्तै नराम्ररी असजिलोमा परेको देखिएको छ । साँच्चै भन्ने हो भने, सोभियत संघको विखण्डन र पूर्वी यूरोपमा समाजवादको अन्त भएपछि उनीहरूले आफ्नो आस्थाको केन्द्र नै नरहेको महसूस गरे । आफू टुहुरो र अनाथ जस्तो महसूस गर्ने MRTA का एक कार्यकर्ता भन्छन्- 'पूर्वी यूरोपबाट समाजवादको अन्तले सोचेको भन्दा बेसी नै भयावह दुष्परिणाम ल्यायो । त्यसैले, अहिले हामी समाजवादमा बढी जोड दिंदैनौं र बाहिरी विश्वको सहयोगबिना नै हामी क्रान्ति सफल पार्न लागिपरेका छौं ।'

## क्रान्ति भोज-भतेर होइन !

MRTA का नेता र कार्यकर्ताहरू पेरूको क्रान्तिलाई जसरी हेरिरहेका छन्, त्यो हेर्दा उनीहरू क्रान्तिलाई भोज-भतेर ठान्ने गलत दृष्टिकोणबाट ग्रस्त भए जस्ता देखिन्छन् । केही अपहरण, लूटपाट, बम बिस्फोट गर्दैमा क्रान्ति हुने भए साइनिङ पाथले उहिल्यै क्रान्ति गरिसकेको हुन्थ्यो । टुपाक आमारूले क्रान्ति गर्ने चान्सै पाउँदैनथ्यो । तर क्रान्ति भनेको वैचारिक, सांस्कृतिक, राजनीतिक, अझ भनौं समग्र परिवर्तनको नाम हो, यसको लागि मार्क्सवाद-लेनिनवाद जस्तो वैज्ञानिक सिद्धान्तले लैश पेशेवर क्रान्तिकारीहरूको डफ्फा, सामूहिक नेतृत्व र वैचारिक केन्द्रीयता भएको कम्युनिष्ट पार्टीको जरूरत हुन्छ । यस्तो कम्युनिष्ट पार्टीले मात्रै पेरूको क्रान्तिको सिद्धान्त निर्माण गर्ने, त्यसलाई क्रियान्वयन गर्ने जनसंगठनहरू निर्माण गरी सशक्त संघर्षहरू उठाउने कार्य गर्दै अन्ततः क्रान्ति सम्पन्न गर्न सक्छ ।

तर MRTA को समस्या के हो भने, न यो त्यसरी वैज्ञानिक पद्धति अनुरूप बनेको कम्युनिष्ट पार्टी हो, न त पेरूमा कसरी र कस्तो खालको क्रान्ति गर्ने भन्ने कुराको स्पष्ट खाका नै योसंग छ । क. पोलेले देशभित्र छिर्नु भएको एक वर्षभित्रै स्थापना गर्नु भएको यो संगठनको ठूलो भ्रम नै के हो भने, क्यूबामा जस्तै केही चुनिएका क्रान्तिकारीहरूको डफ्फाले जनताको सचेत, संगठित र संघर्षशील सहभागिताबिना नै सशस्त्र संघर्षमार्फत् त्यत्तिकै क्रान्ति गर्न सक्छ ! मार्क्सवाद-लेनिनवादलाई राम्ररी नबुझी, आफ्नो देशको परिस्थिति अनुकुल ग्रहण नगरी केही छिपछिपे र टापटिपे सैद्धान्तिक ज्ञानको भरमा, देशमा चलिरहेको क्रान्तिको लामो र जटील प्रक्रियालाई गहिराइपूर्वक नबुझीकन कम्युनिष्ट पार्टी बनाउने, क्रान्तिकारी संघर्ष चलाउने नेता-कार्यकर्ताहरूबाट कुनै पनि देशमा अहिलेसम्म क्रान्ति सम्पन्न भएको इतिहास छैन । छिटोभन्दा छिटो क्रान्ति गर्ने निम्न पूँजीवादी अधैर्यता र क्यूबा र निकारागुआको जस्तै दुरूस्तै कपी-क्रान्ति गर्ने यान्त्रिक चिन्तन-प्रणाली नछाडेसम्म, पेरूभियाले किसान र मजदूरहरूको संघर्षका सबै रूपहरूलाई कुशलतापूर्वक विकसित गर्दै नलगेसम्म MRTA को 'पेरूभियाली क्रान्ति' क्षितिजमा देख्न पनि गाह्रै हुन्छ । तर विडम्बना कस्तो छ भने, यो संगठन यही निम्न पूँजीवादी अधैर्यता र यान्त्रिक चिन्तन प्रणालीका कारणले गर्दा अपहरण, लूटपाट, हत्या जस्ता उग्रवामपन्थी कारवाहीमा मात्र सीमित भइरहेको छ ।

## MRTA को भविष्य

उग्रवामपन्थीहरू कुनै पनि बेला उग्र दक्षिणपन्थी हुने संभावनाबारे कम्युनिष्ट आन्दोलनका गुरूहरूले चेतावनी दिंदै आउनु भएको पाइन्छ । उग्रवामपन्थीहरू आफूले वर्षौंवर्षदेखि चलाइरहेको सशस्त्र संघर्ष प्रतिक्रियावादी सत्ताको मनमानी र हिंसक दमनका कारणले अन्ततः हातहतियार छाडेर, प्रतिक्रियावादी सत्तासंग 'शान्ति संझौता' गरेर संसदीय राजनीतिको सागरमा पौडिन गएका इतिहासहरू ल्याटिन अमेरिकामा त झन् छ्यासछ्यास्ती नै पाइन्छन् ।

क्यूबाली क्रान्तिको सफलताबाट अति उत्साहित क्रान्तिप्रेमी युवाहरूले १९५९ मै हैटी, पानामा, डोमिनिकन गणतन्त्र र निकारागुआमा, १९६२ मा इक्वेडरमा, १९६४ बाट पेरू, अर्जेन्टिना र होण्डुसरमा र १९६७ तिर बोलिभिया र ब्राजिलमा गरेका सशस्त्र संघर्षहरू नराम्ररी असफल भएको इतिहास कसैले पनि बिर्सेको छैन । अझ, बीसौं-तीसौं वर्षसम्म निरन्तर छापामार संघर्ष गर्दै आएका निकारागुआका साण्डानिष्टा आन्दोलनकारीदेखि लिएर एल साल्भाडोर, कोलम्बिया र ग्वाटेमालाका छापामार संगठनहरूले १९९० को दशकको शुरूदेखि हात-हतियार छाडेर संसदीय राजनीति गर्न थालेको कुरा त स्पष्टै देख्न सकिन्छ ।

कोलम्बियाको M-19 नामक संगठन, एल साल्भाडोरको फारबुण्डो मार्टी फ्रन्ट फर नेशनल लिबरेशन (FMLN) जस्ता MRTA का भाइचारा छापामार संगठनहरूले केही वर्ष अगाडि नै प्रतिक्रियावादी सत्तासंग 'शान्ति संझौता' मा हस्ताक्षर गरेको मसी पनि सुक्न पाएको छैन । अझ भर्खरै मात्र MRTA संगसंगै ल्याटिन अमेरिकामा एकसाथ क्रान्ति गर्ने सपनासहित ग्वाटेमालामा विगत ३६ वर्ष अगाडिदेखि लडिरहेका नेशनल रिभोल्यूशनरी यूनियन अफ ग्वाटेमाला (URNG) ले ग्वाटेमालाको सरकारसंग शान्ति संझौता गरेको छ ।

हिजो उग्रवामपन्थी कारवाहीमा विश्वास गर्ने ल्याटिन अमेरिकी छापामार समूहहरूको यो दक्षिणपन्थतिरको यात्राले MRTA का बारेमा पनि नराम्रो संकेत गरिरहेको छ । पेरू बन्धक प्रकरण पनि यस संगठनको फुजिमोरी सरकारसंग शान्ति वार्ता गर्नका लागि ढोका खोल्ने र भोलि कथंकदाचित शान्ति संझौता भइहालेमा संसदीय राजनीतिमा हाम्फाल्नका लागि प्रचारको उपयुक्त साधनको रूपमा यसले रोजेको हुन सक्ने प्रबल संभावना छ ।

योभन्दा उपयुक्त र क्रान्तिकारी बाटो समात्नु पर्नेमा, यही बाटो अप्नाई ल्याटिन अमेरिकाका अन्य उग्रवामपन्थी पार्टीहरूले गरेजस्तै खालको गल्ती गरेमा विश्वको वामपन्थी आन्दोलनमा MRTA को नाम पनि उग्रवामपन्थबाट दक्षिणपन्थतिर जानेहरूको लामो लिष्टमा दर्ता हुने संभावनालाई नकार्न सकिदैन । □

## क. तुल्सीलाल अमात्यसंगको कुराकानी

# नेपालमा सबै कम्युनिष्टहरु एकै ठाउँमा बस्नुपर्छ



कुराकानीमा व्यस्त क. तुल्सीलाल अमात्य

८० वर्षको उमेर पार गरिसकेका क. तुल्सीलाल अमात्य नेपालको कम्युनिष्ट आन्दोलनका पुराना नेताहरुमा चर्चित नेताहरुमध्येका एक हुनुहुन्छ । युवाकालको शुरुमा गीता पाठ गर्ने बानी भएको र त्यसैबाट समानताको शिक्षा पाएको बताउनु हुने क. अमात्य पछि गान्धीको दर्शनबाट प्रभावित भई २० वर्षको उमेरसम्म खद्दर लगाएर हिँड्नुभयो । त्यही क्रममा २००४ सालमा वहाँले नेपाली कांग्रेसको केन्द्रीय समितिमा बसी नेपालको राजनीतिक आन्दोलनमा संगठित रुपमा पाइला चाल्नुभयो ।

तर, भारतको स्वतन्त्रतापछि त्यहाँ गान्धीले भने जस्तै वर्गविहीन र वर्णविहीन समाजको स्थापना नभएको देखी क्रमशः नेपाली कांग्रेसप्रतिको उहाँको मोह भंग हुँदै गयो । त्यही समयमा उहाँको भेट रक्सौलमा नारायणविलाससंग भयो र उहाँकै सल्लाहमा क. अमात्यले कांग्रेस पार्टी त्याग गर्नुभयो र उहाँ कम्युनिष्ट बन्नुभयो ।

१९४९ को सेप्टेम्बर महिनामा कलकत्तामा पुष्पलालको नेतृत्वमा गठित नेकपाको पहिलो केन्द्रीय संगठन समितिको उहाँ सदस्य रहनुभयो । त्यस समितिमा अन्य सदस्यहरु मनमोहन अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, डी. पी. अधिकारी र भारतका एक कम्युनिष्ट नेता अयोध्यासिंह थिए । उक्त समिति नेपाल कम्युनिष्ट पार्टीको पहिलो केन्द्रीय अंग भए तापनि नेकपाका संस्थापकहरुका रुपमा भनिएका पुष्पलाल श्रेष्ठ, नारायणविलास, नरबहादुर कर्माचार्य र निरञ्जनगोविन्द बैद्य उहाँभन्दा पुराना कम्युनिष्ट भएको कुरा उहाँ स्वीकार्नुहुन्छ ।

२०१९ सालमा भएको नेकपाको तेस्रो महाधिवेशनबाट उहाँ महासचिवमा चुनिनुभयो । तर, पछि अन्तर्राष्ट्रिय रुपमा चर्केको रुस र चीनको विवादले नेकपालाई पनि विभिन्न टुक्रामा विभाजित गरिदियो ।

२०४६ सालको जनआन्दोलनपछि उहाँ नेकपा अमात्यको महासचिवको रुपमा देखापर्नुभयो । तर, उहाँको पार्टीले शक्ति र विचारमध्ये कुनैबाट पनि देशको राजनीतिमा उल्लेखनीय प्रभाव पार्न भने सकेन । र, अन्तमा उहाँ २०५१ को मध्यावधि निर्वाचनपछि एमालेमा प्रवेश गर्नुभयो ।

एमाले प्रवेशपछि एमाले सरकारको पालामा उहाँ चीनको लागि नेपाली राजदूत भएर पनि जानुभयो । हाल मृगौलासम्बन्धी रोगबाट पीडित क. अमात्यसंग ललितपुरको स्वथ टोल ग्वाःछेस्थित उहाँकै निवासमा मूल्यांकनले गरेको कुराकानीका प्रमुख अंशहरु यहाँ प्रस्तुत गरिएका छन् ।

*प्रस्तुतिः तुल्सीदास महर्जन*

☛ **अहिले तपाईको स्वास्थ्यको स्थिति कस्तो छ ?**

➡मलाई मृगौलासम्बन्धी रोग लागेको छ । शुरूमा म यहीं नेपालमै उपचार गर्दै थिएँ । तर, रोगले धेरै चापेपछि मलाई डा. ऋषिराज काफ्लेले कलकत्ता जाने सल्लाह दिनुभयो । कलकत्ता जान मेरी छोरीले आवश्यक रूपियाँ सहयोगस्वरूप जुटाइदिई ।

कलकत्तामा १५ दिन बसी रोग केही कम भएपछि म यहाँ फर्कें । अहिले होमोडाइलोसिस चलिरहेको छ । कलकत्ताबाट ४ महिनाको लागि औषधि ल्याएको छु । अहिले पैसा सकिएको छ ।

लगातार औषधि गर्न पाएमा त रोग निको हुन्छ कि भन्ने लागेको छ । तर, चार महिनापछि के गर्ने हो ?- अहिले भन्न सकिरहेको छैन ।

☛ **पार्टी र सरकारले उपचारको लागि सहयोग गरेनन् ?**

➡पार्टीले एकमुष्ट पाँच हजार र सरकारले एकमुष्ट डेढ लाख रूपियाँ उपलब्ध गराएका छन् । त्यस्तै ललितपुर नगरपालिकाले पचास हजार, ललितपुर जिल्ला विकास समितिले पच्चीस हजार र विराटनगरको एक सलाई कारखानाका मजदूरहरूले पाँच हजार रूपियाँ सहयोगस्वरूप उपलब्ध गराएका छन् ।

☛ **अहिले तपाईले पार्टी काम वा अन्य कुनै गतिविधिहरु गरिरहनु भएको छ ?**

➡अहिले त म निकै नै कमजोर छु । पढ्न, लेख्न र बोल्न त्यति सक्तिनँ । हिँड्डुल त झनै सक्तिनँ । त्यसैले अन्य कामहरू अहिले केही गरेको छैन । औषधि लगातार गर्न पाएमा त म ठीक हुँला जस्तो लाग्छ । मेरो शरीर ठीक भएपछि त फेरि म पहिले जस्तै काम गर्न थाल्दछु ।

☛ **तपाई अतीतमा नेपाल कम्युनिष्ट पार्टी एउटै छँदाको एक समयमा र पछि आफ्नै समूह बनाउँदा पनि लामो समयसम्म पार्टीको महासचिव हुनुभयो । तर, केही समय अगाडि तपाई एमालेमा प्रवेश गर्नुभयो र एमालेको सरकारको पालामा चीनमा नेपालको राजदूत भएर पनि जानुभयो । विगतका समयहरुसंग अहिलेको समयलाई तुलना गर्दा तपाईलाई कुन समय बढी सन्तोषजनक झैं लाग्छ ?**

➡हेर्नुस्, मेरो जीवनमा त्यस्तो सन्तोषको क्षण अहिलेसम्म आएको छैन । म पार्टीको महासचिव हुँदा पनि मलाई सन्तोष भएन । म राजदूत हुँदा पनि सन्तोष भएन र अहिले पनि मलाई सन्तोष छैन, किनकि- मेरो एउटै मात्र लक्ष्य भनेको नै दुई करोड नेपाली जनताको जीवनमा आमूल परिवर्तन ल्याउनु हो ।

अहिलेको प्रजातन्त्र भनेको पूँजीवादी प्रजातन्त्र हो, यसले जनताको जीवनमा त्यस्तो उल्लेखनीय परिवर्तन ल्याएको छैन । म जनताको प्रजातन्त्र (Peoples' Democray) ल्याउन चाहन्छु ।

☛ **नेपालमा कम्युनिष्ट आन्दोलनले ४७ वर्षको लामो अवधि पार गरिसक्दा पनि किन क्रान्ति हुन सकेको छैन ? यसमा तपाईको विचार के छ ?**

➡नेपाल कम्युनिष्ट पार्टी पहिलेदेखि नै लोकप्रिय पार्टी रहँदै आएको छ । २०१५ सालको संसदीय चुनावमा यसले ४ वटा सीट मात्रै जित्यो, तैपनि त्यतिखेर पनि यो शक्तिशाली र लोकप्रिय पार्टी थियो । तर २०१७ सालमा राजा महेन्द्रले 'कू' गर्दा यसका नेताहरू प्रवासमा जान बाध्य भए । देशमा पार्टीहरू प्रतिबन्धित भए । यसले पार्टीलाई केही कमजोर तुल्यायो ।

त्यसपछि पार्टीलाई सुदृढ गर्न २०१९ सालमा बनारसमा पार्टीको तेस्रो महाधिवेशन सम्पन्न भयो । त्यस महाधिवेशनमा मैले प्रस्तुत गरेको 'राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रम पास भयो ।

तर, लगत्तै त्यो कार्यक्रमलाई संशोधनवादी कार्यक्रम भनी विरोध हुन थाल्यो । मलाई माओत्सेतुङ्ग विचारको 'विरोधी' भनेर प्रचार हुन

**एकताबद्ध भएर अगाडि बढ्छ भने, नेपालमा भविष्य वामहरुकै छ, किनकि देशलाई माया गर्ने, इमान्दारीसाथ देश र जनताको पक्षमा काम गर्नेहरु भनेका वामहरु नै हुन्**

**म नेपालका नदीहरु विदेशीहरुको हातमा दिंदै जाने पक्षमा छैन, मैले गण्डक सम्झौताको बेलामा पनि विरोध गरें, जेल गएँ ।**

थाल्यो । म खुश्चोभवादी र रूसको दलाल भएँकों, रूसबाट पैसा खाएर मैले घर ठड्याएको आदि जस्ता नानाथरी आधारहीन प्रचारहरू हुन थाले ।

वास्तवमा 'राष्ट्रिय प्रजातन्त्र' को कार्यक्रम कुनै संशोधनवादी कार्यक्रम थिएन । त्यो त लेनिनले १९२० मा अल्पविकसित राष्ट्रहरूको लागि बनाइदिएको कार्यक्रम थियो । मंगोलियामा त्यही कार्यक्रमअन्तर्गत क्रान्ति भयो । 'राष्ट्रिय प्रजातन्त्र' भन्नाले राष्ट्रियतासहितको प्रजातन्त्र हो, जसले मजदूर वर्ग र किसान वर्गको एकताको बलमा मजदूर वर्गको नेतृत्वमा देशका सबै जनतालाई राष्ट्रियता र प्रजातन्त्रको लागि लड्न एउटै सूत्रमा बाँध्छ ।

म माओको विरोधी थिइनँ । म त मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन र माओ सबैका विचारहरू पढ्नुपर्छ र हाम्रो देशमा सामाजिक परिवर्तनको लागि कुन बाटो लिँदा ठीक हुन्छ, त्यही लिनुपर्छ भन्ने व्यक्ति थिएँ । तर, माओ विचारधारा भन्नेहरूले मलाई अनाहकमै संशोधनवादी, खुश्चोभवादी र रूसको दलाल भनी मेरो पार्टीलाई टुक्रा गरे । अहिले नेकपा बीसौं टुक्रामा विभाजित छ । मेरो भनाइ के छ भने- माओ विचारधाराको नाममा पार्टी टुक्र्याउनु ठीक थिएन ।

अहिले पनि मलाई यही लाग्छ कि- यदि नेपालमा सामाजिक क्रान्ति गर्नु छ भने, सबै कम्युनिष्टहरू एकै ठाउँमा बस्नुपर्छ । अनावश्यक झैं-झगडा गरेर केही फाइदा छैन । अनावश्यक विवादको कारणले नै आज कम्युनिष्ट आन्दोलनले ४७ वर्ष बिताइसक्दा पनि देशमा क्रान्ति हुन सकेको छैन ।

**☛ 'राष्ट्रिय प्रजातन्त्र' को कार्यक्रम अहिलेको सन्दर्भमा पनि लागू हुन्छ ?**

➥अहिलेको सन्दर्भमा पनि त्यो त्यत्तिकै उपयुक्त लाग्छ । किनकि, 'राष्ट्रिय प्रजातन्त्र' भनेको नेपाल राष्ट्रभरि लागु हुने प्रजातन्त्र हो, जसमा मजदूर वर्गले नेतृत्व गरेको हुन्छ र मजदूर र किसानको संयुक्त शक्ति नै मूल क्रान्तिकारी शक्तिको रूपमा रहन्छ ।

यसले संसदलाई नकार्दैन, तर यो चुनावमा मात्र पनि अल्मलिँदैन । संसदमा कम्युनिष्ट पार्टीले विजय प्राप्त गरी त्यसको पछाडि एउटा क्रान्तिकारी शक्ति निर्माण गरेको हुन्छ । त्यो शक्तिले संसदलाई दवाब दिइ जनपक्षीय नियम कानून बनाई काम गर्न बाध्य तुल्याउँछ ।

**☛ तपाईको यो कार्यक्रमलाई अहिले तपाई प्रवेश गर्नु भएको पार्टी नेकपा (एमाले) ले कुन रुपमा लिएको छ ?**

➥एमालेको कार्यक्रम त 'बहुदलीय जनवाद' हो । त्यो कस्तो कार्यक्रम हो, मैले बुझ्न पाएको छैन र त्यसको लागि मैले अध्ययन गर्न बाँकी छ ।

**☛ एमालेमा प्रवेश गरेपछि तपाईले पार्टीमा आफ्नो कार्यक्रम राख्नु भएन ?**

➥मै प्रवेश गरेपछि आफ्नो छुट्टै कार्यक्रम राख्ने सवाल त आएन नि ! एमालेमा नगएसम्म त 'राष्ट्रिय प्रजातन्त्र' भनेर म हिँडिरहेकै थिएँ ।

म के चाहन्छु भने- मैले राख्दै आएको कार्यक्रमको पनि पार्टीले अध्ययन गरोस् र यसमा भएको काम लाग्ने कुरा लेओस् । म नेकपा (एमाले) कमजोर होस् भन्ने पक्षमा छैन । यो पार्टीको सबलता भनेको नै यसले विशाल जनसमुदायलाई समेटेको छ । तर, पार्टीलाई क्रान्तिकारी सिद्धान्तबाट लैस गर्ने सवालमा यसको कमजोरी म देख्दछु ।

**☛ अब आगामी पार्टीको महाधिवेशनमा तपाई आफ्नो राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पेश गर्नु हुन्छ कि हुन्न ?**

➥म आफ्नो कार्यक्रम त जनतासामु राखी नै हाल्छु । अहिले त म बिरामी छु । निको भएपछि बिस्तारै म आफ्नो कार्यक्रमलाई लिपिबद्ध गर्छु । तर २०/३० वर्ष अगाडि पेश गरेको कार्यक्रम अहिले हूबहू त राख्न नमिल्ने हुन्छ, परिस्थिति अनुसार केही त परिवर्तन हुन्छ नै ।

**☛ महाकाली सन्धिको सवालमा संसदमा नेकपा (एमाले) ले जुन भूमिका खेल्यो, त्यस विषयमा तपाईलाई कस्तो लाग्छ ?**

➥म नेपालका नदीहरू विदेशीहरूको हातमा दिँदै जाने पक्षमा छैन । मैले गण्डक सम्झौताको बेलामा पनि विरोध गरें, जेल गएँ ।

मेरो भनाइ के हो भने, दुई करोड नेपाली जनतालाई ख्वाउन हामीलाई खेतीको सिँचाईको लागि पर्याप्त पानी चाहिन्छ । यस्तै, देशको आधुनिकीकरणको लागि बिजुली उत्पादन गर्नको लागि पनि हामीलाई प्रशस्त पानी चाहिन्छ । यी सबै कुराको हिसाब गरी मात्र नदीको सवालमा विदेशीहरूसंग सम्झौता गर्नुपर्छ । मलाई यो महाकाली सन्धिको सवालमा त्यस्तो भएको जस्तो लागेन । अहिले डि.पि.आर.को कुरा आइरहेछ । त्यो पनि कुनै स्पष्ट छैन ।

**☛ सत्ताप्राप्तिको लागि नेकपा (एमाले) ले विगतका पंचहरुको पार्टी राप्रपाको नेतृत्वमा संयुक्त सरकार बनाउन प्रयत्न गरेको छ । हालै सम्पन्न संसदको विशेष अधिवेशन त्यसैको खेल हो । तपाई यस कदमलाई ठीक ठान्नुहुन्छ ?**

➥कम्युनिष्टहरूले यो गर्नु हुन्छ, यो गर्नु हुँदैन भनेर सबै लेखेको हुँदैन । द्वन्दवादी विचार अनुसार, कुनै बेला विष भएको चीज कुनै बेला अमृत पनि बन्न सक्दछ । सधैं एउटै कुरा ठीक हुन्छ भनेर ठान्नु यान्त्रिक विचार हो ।

त्यसैले मुख्य कुरो- कसको कार्यक्रम लागू हुने भन्ने हो । यदि कार्यक्रम हाम्रो लागू हुने हो भने हिजो ३० वर्ष हामीलाई दबायो भन्दैमा राप्रपाहरूसंग मिल्न नसक्ने भन्ने कुरो हुँदैन ।

**☛ राप्रपाको नेतृत्व भएको सरकारले एमालेको कार्यक्रम लागू गर्ला र ?**

➥त्यो त सरकारमा हाम्रो बहुमत भएपछि उनीहरूले लागू नगरेर हुन्छ र ? सरकारमा बहुमत जसको हुन्छ, त्यसको कार्यक्रम लागू हुन्छ ।

**☛ नेपालमा चलिरहेको वाम-आन्दोलनको भविष्य तपाईले कस्तो देख्नु हुन्छ ?**

➥एकताबद्ध भएर अगाडि बढ्छ भने- नेपालमा भविष्य वामहरूकै छ, किनकि देशलाई माया गर्ने, इमान्दारीसाथ देश र जनताको पक्षमा काम गर्नेहरू भनेका वामहरू नै हुन् । तर, वामहरू आफू आफूमै लड्दै बस्ने हो भने त भविष्य राम्रो हुनेवाला छैन ।

**☛ तपाई आफ्ना कमजोरीहरु के के देख्नु हुन्छ ?**

➥आफ्नो कमजोरी आफैंले देख्न सकिदैन । मेरो मुखमा कालो दाग छ भने, त्यो म देख्दिनँ, त्यसलाई अर्काले देखाइदिनु पर्छ । त्यस्तै, मेरा कमजोरीहरू छन् भने त्यसलाई अरूले नै देखाइदिनु पर्छ । ❑

DUCKHAMS OILS
THE CHAMPIONS CHOICE

DUCKHAMS

PREMIUM LUBRICANTS
FROM U.K.

MALI OIL STORE
P.O. Box: 4111
Kalimati, Kathmandu
Tel: 270486, 272238
Fax: 977-1-270067



# किन र कसरी मारिए किसान योद्धा भीमदत्त पन्त ?

श्रावण महिनाको दिन थियो । शरीरबिनाको एउटा टाउको बाँसको टुप्पामा झुण्ड्याएर त्यो बाँसलाई जमीनमा गाडिएको थियो । बाँसको त्यो लिङ्गोमा 'देशद्रोह र राजद्रोह गर्नेलाई यस्तै हुन्छ' भनेर लेखिएको कागज टाँसिएको थियो । सामन्तहरू त्यसलाई हेरेर खुशी मनाइरहेका थिए । रमाइरहेका थिए । भोज खाइरहेका थिए । गरीबहरू भने रोइरहेका थिए । दु:ख मनाइरहेका थिए । र, सरकारलाई गाली गरिरहेका थिए ।

त्यो टाउको थियो- किसानहरू, गरीबहरू, शोषित-पिडितहरूका हितैषी, उनीहरूको हक र अधिकारको लागि आवाज उठाउने र उनीहरूकै हक र अधिकारको लागि लड्दा लड्दै शहीद भएका 'किसान योद्धा' भीमदत्त पन्तको ।

बि.सं. १९८३ साल मंसीर १० गते डँडेल्धुराको घटाला कारी गाउँमा सरस्वती देवीको गर्भबाट भीमदत्त पन्तले पृथ्वीमा पाइला टेकेका थिए । सात वर्षको हुँदा अध्ययनको लागि उनी भारतको सिंगाईमा गएका थिए । त्यहींबाट उनले १५ वर्षको उमेरमा म्याट्रिक पास गरे । र, उनी नेपाल फर्के । त्यतिबेला डँडेल्धुरामा स्कूलहरूको स्थापना भइसकेको थिएन । त्यहाँका मानिसहरूले पढ्ने इच्छा हुँदाहुँदै पनि पढ्न पाइरहेका थिएनन् । त्यसैले गर्दा भीमदत्त पन्त आफू शिक्षित भएर पनि उनलाई चित्त बुझिरहेको थिएन । उनी चाहन्थे- 'गाउँका अरू व्यक्तिहरू पनि शिक्षित होउन् । त्यहाँका जनताहरूलाई पनि शिक्षित बनाउने उद्देश्यले उनले कासिगिरी जागी (देउपा)संग सहयोग लिएर डँडेल्धुराको 'विरखन' भन्ने ठाउँमा एउटा संस्कृत पाठशालाको स्थापना गरे । त्यसपछि तल्लो सोरठ र रूपालमा पनि पाठशालाहरू खोले ।

२००१ सालमा आफ्नो अध्ययन अघि बढाउन उनी फेरि भारत गए । भारतमा त्यतिबेला भारतीय जनताहरूले अंग्रेजहरूका विरूद्ध आन्दोलन चलाइरहेका थिए । त्यस आन्दोलनको बीचमा उनले आफ्नो पढाइप्रति ध्यान केन्द्रित गर्न सकेनन् । आन्दोलनप्रति उनको ध्यान आकृष्ट हुन थाल्यो । उनी आन्दोलनमा होमिए । आन्दोलनकै दौरानमा उनी पक्रिए र इलाहबादको जेलमा थुनिए । दुई वर्षपछि २००३ सालमा उनी जेलबाट छुटेर नेपाल फर्के ।

त्यतिबेला नेपालमा राणाहरूको जहाँनिया एकतन्त्री शासन थियो । जनताहरू राणाहरूको निरंकुश शासनबाट र स्थानीय सामन्तहरूबाट शोषित र उत्पीडित भइरहेका थिए । त्यसका विरूद्धमा नेपाली जनताहरूले आन्दोलन चलाइरहेका थिए । त्यसको प्रभाव डँडेल्धुरामा पनि बिस्तार बिस्तारै पर्न थालेको थियो ।

डँडेल्धुरामा किसानहरू, गरीबहरू सामन्तहरूको शोषण र उत्पीडनमा परिरहेको कुरा भीमदत्त पन्तले देखिरहेका थिए । उनी ती उत्पीडित जनताहरूलाई मुक्त पार्न चाहन्थे । 'उनीहरूलाई मुक्त गर्ने हो भने देशमा आमूल परिवर्तन गर्नुपर्छ'- भन्ने उनको विचार थियो । देशमा आमूल परिवर्तनको लागि आफ्नो जीवन उत्सर्ग गर्ने उनले आफ्नो जीवनको लक्ष्य बनाए ।

यही लक्ष्य अनुरूप नै देशमा चलिरहेको राणा शासनविरोधी आन्दोलनमा उनी लाग्न थाले । यस आन्दोलनमा उनले आफ्ना साथीहरू वा सहयोगीहरूको रूपमा गरीब र किसानहरूलाई रोजे । यो आन्दोलनकै दौरानमा २००६ साल कार्तिक १९ गते आफ्ना केही साथीहरूसहित उनी नेपाली कांग्रेसको सदस्य भए । त्यही पार्टीको निर्देशनमा रहेर उनले काम गर्न थाले । उनलाई बैतडी-डँडेल्धुरा मोर्चा सम्हाल्ने जिम्मा दिइयो । उनले आन्दोलनलाई जोडतोडका साथ अघि बढाउन थाले । उनको यो काम गराइले त्यहाँका सामन्तहरूको मुटु थर्कन थाल्यो । त्यहाँका सामन्तहरू मिलेर उनलाई समात्न लगाइयो र उनलाई मार्ने षड्यन्त्र गर्न थालियो ।

तर जनताको माझमा बाँचिरहेका व्यक्तिलाई मार्न सक्ने शक्ति मुट्ठीभर सामन्तहरूसंग कहाँ थियो र ? उनलाई मार्न लागेको षड्यन्त्र जनताहरूले थाहा पाए । उनीहरूले त्यसको विरोध गर्न थाले । विद्रोह हुने स्थिति देखिन थाल्यो । त्यसपछि उनलाई छोडियो र उनी फेरि जनताको माझमा देखिन थाले ।

राणा शासनविरोधी आन्दोलन तीब्र हुँदै जान थाल्यो । ठाउँ ठाउँमा समानान्तर सरकार गठन हुँदै जान थाल्यो । भीमदत्त पन्त पनि महाकाली क्षेत्रको 'गभर्नर' भए । 'गभर्नर' भएर पनि उनी जनताबाट अलग्गिएनन् । बरू उनी झन् झन् जनताको नजीक हुन थाले । कसरी जनताको जीवनस्तर माथि उठाउन सकिन्छ भन्ने ध्याउन्नमा उनी लागिरहे । जनताको चेतनास्तर माथि उठाउन र क्रान्तिको भावनालाई स्थायित्व दिन उनले त्यहाँ 'शान्ति सेना' गठन गरे, जसमा उनले महिलाहरूलाई पनि समावेश गरेका थिए ।

२००७ सालमा जवाहरलाल नेहरूको मध्यस्थतामा दिल्लीमा राजा, राणा र कांग्रेसको बीचमा सम्झौता सम्पन्न



**उनको शरीरलाई त्यहीं कतै फालेर टाउको बोकेर सिपाहीहरु डँडेल्धुरातिर हान्निए**

चित्र साभार: 'विश्वभूमि' नेपाल भाषा दैनिक

भयो । त्यसपछि क्रान्तिकारी आन्दोलन समाप्त भएको घोषणा गरियो । अब देशमा प्रजातन्त्रको स्थापना भएको घोषणा भयो । राणा र कांग्रेस समाविष्ट भएको अन्तरीम मन्त्रीमण्डल बन्यो । तर यसबाट जनताको जीवनस्तरमा कुनै सुधार हुने लक्षण देखा परेन । जनतालाई भुक्याइयो । यो कुरा भीमदत्त पन्तलाई सह्य भएन । 'दिल्ली सम्झौता धोका हो' भनेर दिल्ली सम्झौताको विरोधमा उनले आन्दोलन अगाडि बढाए ।

परिवर्तनपछाडि उनको क्षेत्रमा नून, तेल, कपडा, खाद्यान्नजस्ता दैनिक आवश्यकताका वस्तुहरूको अभाव हुन थाल्यो । कालाबजारियाहरूले बस्तुहरू लुकाउन शुरू गरे । त्यसलाई उनले टुलुटुलु हेरेर बस्न सकेनन् । जनतालाई साथमा लिएर उनी कालाबजारियाहरूकहाँ छापा मार्नपुगे । त्यहाँबाट प्राप्त सामानहरू जनतालाई सित्तैमा बाँडे । बिस्तारै बिस्तारै स्थानीय क्षेत्रमा रहेका वस्तुहरू सिद्धिँदै जान थाल्यो । त्यसपछि उनले तत्कालीन मातृकाप्रसाद कोइराला सरकारसंग आवश्यक वस्तुहरूको माग गरे । मातृका सरकारले भारतबाट कोटामा सामान दिन लगायो । कोटामा आएका समानहरू पनि भंसारका अधिकारीहरूले ठेक्कामा दिएर नाफा कुम्ल्याउन खोजे । भीमदत्त पन्तले तीव्र रूपमा त्यसको विरोध गरे । आखिर भंसार अधिकारीहरूको केही नलागेपछि चारवटा डिपोहरू खोलियो । त्यहाँबाट जनताले सस्तोमा सामान पाउन थाले ।

यसरी त्यस क्षेत्रमा जनताको हित र अधिकारको लागि भीमदत्त पन्तले आन्दोलनलाई अघि बढाउँदै लगे । यसबाट नेपाली कांग्रेस र भीमदत्त पन्तको बीच फाटो उत्पन्न हुँदै गयो । उनी नेपाली कांग्रेसबाट टाढिँदै गए । त्यसपछि उनी पार्टीभन्दा बढी जनताहरूसंग नजिकदै गए । जनताको समस्याप्रति र त्यसको समाधान गर्नमा उनले आफूलाई समर्पित गरे ।

करीब २००८ सालको अन्त्यतिर उनले कमैया प्रथा उन्मूलन गर्न र भू-स्वामित्वको लागि जनतालाई सचेत पार्न शुरू गरे ।

**"कि त जोत हलो**
**कि त छोड थलो**
**यदि हैन भने**
**अब छैन भलो"**

यो नारा दिएर किसान आन्दोलनलाई उनले अघि बढाउन शुरू गरे । यस आन्दोलनले त कांग्रेसको मातृका सरकार र उनको बीच स्पष्ट रूपमा नै नीतिगत मतभेद शुरू हुन थाल्यो ।

यति नै बेला 'अङ्गर' नाम गरेका एकजना भारतीय वामपन्थी नेतासंग उनको भेट भयो । अङ्गरले आफूलाई 'मार्क्सवादी' विचारधारामा विश्वास गर्ने सर्वहारा वर्गको मान्छे हुँ भनेर परिचय दिएका थिए । उनीसंग भीमदत्त पन्तको ५, ६ महिनासम्म सम्पर्क रह्यो । भीमदत्त पन्तले चलाएको आन्दोलनप्रति उनको समर्थन थियो । त्यसबेलादेखि भीमदत्त पन्त कम्युनिष्ट विचारप्रति आकर्षित हुन थाले ।

२००९ सालमा उनी काठमाडौं आएर कम्युनिष्ट पार्टीसंग सम्पर्क गरे र कम्युनिष्ट पार्टीको सदस्य बन्ने विचार प्रकट गरे । तर कम्युनिष्ट पार्टीका संस्थापक नेता निरंजनगोविन्द वैद्यका अनुसार- पार्टीले 'उनी आतंकवादी हुन्, उनलाई कम्युनिष्ट पार्टीको सदस्य बनाइनु हुँदैन' भनेर उनलाई पार्टीको सदस्यता दिएन । निरन्जनगोविन्दले उनलाई किसान फाँटको मात्र जिम्मा दिएर पठाएका थिए ।



**भीमदत्त पन्तको फोटो हातमा लिइरहेकी उनकी श्रीमती पार्वतीदेवी**

काठमाडौंबाट फर्केपछि उनले कमैया प्रथाको उन्मूलन र भू-स्वामित्व स्थापित गर्ने आन्दोलनलाई झन् तीव्र रूपमा अघि बढाउन थाले ।

यो आन्दोलनलाई उनले डँडेल्धुरा, बैतडीबाहेक बझाङ्ग, बाजुरा, कैलाली, कन्चनपुरसम्म पुऱ्याए । त्यहाँका किसानहरूलाई अब संगठित गर्न शुरू गरे । भीमदत्त पन्तको यो क्रान्तिकारी गतिविधिबाट त्यहाँका शोषक सामन्तहरू अत्तालिन थाले । आन्दोलनलाई दबाउन उनीहरूले सरकारसंग हारगुहार माग्न थाले । यही क्रममा २००९ साल माघ महिनामा भीमदत्त पन्त समातिए र कन्चनपुर जेलमा थुनिए ।

उनी थुनिएपछि त्यहाँका जनताहरूले उनको रिहाइको माग गरेर संघर्ष गर्न शुरू गरे । यसले गर्दा सरकार उनलाई छोड्न बाध्य भयो । २०१० साल असार १० गते उनलाई रिहा गरियो । तर सरकारबाट भने उनी जेल तोडेर भागेको भन्ने हल्ला फिँजाइयो । यसलाई नेपाल रेडियोबाट समेत प्रचार गरियो । यसबाहेक उनलाई अरू पनि थुप्रै आरोपहरू लगाइयो । आरोपहरूका नक्कली कागजातहरू तयार गरेर पक्राउको आदेश पनि जारी गरियो ।

यसरी आफूमाथि झूठा लान्छना र आरोपहरू लगाएर बदनाम गरेकोमा उनको रीसले सीमा नाघ्यो । उनले बडा हाकिममाथि नै आक्रमण गरे । त्यस आक्रमणमा उनी फेरि समातिए । उनलाई फेरि कन्चनपुर जेल चलान गरियो । जेल चलान गर्दा जोगबूढाको जंगलबाट उनी भाग्न सफल भए । त्यहाँबाट उनी कन्चनपुरको ब्रम्हदेव पुगे ।

भीमदत्त पन्त प्रहरीको कब्जाबाट फरार भएको खबर पाएर त्यहाँका व्यापारीहरू र भंसार अधिकृतहरू डरले थर्कमान भए । भंसारका हाकिमहरूको आडमा त्यहाँका व्यापारीहरूले गाँजा र चरेसको व्यापार गरिरहेका थिए । कन्चनपुरमा पुगेर उनले भ्रष्टाचारी डिट्ठा धर्मसिंह रावल र सुबेदार जोगराज आयरलाई खाटमा बाँधेर महाकालीमा बगाइदिए । र, भंसारमा भएको गाँजा र चरेस जलाइदिए । उनले सामन्तहरूसंग भएका तमसुकहरू, अदालतका मोठहरू पनि जलाइदिए ।

भीमदत्त पन्तले गरेको यो कारवाहीबाट नेपाली व्यापारीहरूभन्दा भारतीय सीमाका तस्कर व्यापारीहरू बढी आतंकित हुन थाले । किनकि, नेपाली व्यापारीहरूभन्दा बढी चरेस र गाँजाको व्यापार भारतीय तस्कर व्यापारीहरूबाट हुन्थ्यो । भीमदत्त त्यहाँ आइपुगेपछि त्यहाँ पनि लुटपाट हुने र गाँजा चरेस जलाइने डर थियो । त्यसैले उनीहरूले भारतीय सरकारसंग सहयोगको लागि अनुरोध गरे । भारतीय सरकारले पनि भीमदत्त पन्तलाई 'कम्युनिष्ट' र 'आतंकवादी'को आरोप लगाएर उनलाई पक्रन भारतीय सेनाहरू नेपालको सिमानाभित्र प्रवेश गरायो । भारतीय रेडियोबाट उनी कम्युनिष्ट भएको र उनले लूटपाट मचाउन थालेको कुरा प्रचार प्रसार गर्नथालियो ।

त्यसै समयमा नेपालको तत्कालीन प्रधान सेनापति किरण शमशेरले भमिदत्त पन्त जिउँदै वा मरेको अवस्थामा ल्याउनेलाई ५००० रूपैयाँ दिने घोषणा गऱ्यो । र, उनलाई खोज्न भारतीय सेनाहरू, नेपाली सेनाहरू, प्रहरीहरू र जासूसहरूलाई लगाइयो ।

तर प्रत्येक जनताको मुटुको धड्कनमा बाँचिरहेका भीमदत्त पन्तलाई उनीहरूले कहाँ पत्ता लगाउन सक्थे र ? उनी प्रत्येक बस्ती-बस्तीमा, गाउँ-गाउँमा, घर-घरमा पुगिरहेका थिए । र, जनताको मुक्तिको लागि सक्रियतापूर्वक जुटिरहेका थिए । किसानहरूबाट उनलाई पूर्ण सुरक्षा प्राप्त थियो । उनले आफ्नो सुरक्षाको लागि दारी, जुँगा र आँखीभौं समेत खौरेका थिए ।

भीमदत्त पन्तलाई खोज्न र पत्ता लगाउन अनेक प्रयास गरियो । तर कुनै पनि प्रयास सफल भइरहेको थिएन । त्यसैले भारतीय सैनिकले उनलाई खोज्न चासो देखाउन छाडिसकेका थिए ।

एक दिनको कुरा हो- भीमदत्त पन्त आफ्ना केही सहयोगीहरूका साथ जंगलमा खानपानको व्यवस्था गरिरहेका थिए । यो कुरा जासूसहरूले पत्ता लगाएछन् र त्यस ठाउँमा भारतीय सेनाहरूले घेरा हालिसकेका रहेछन् । यो कुराको सुईको पाएपछि भीमदत्तले आफ्नो दूरबीनले चारैतिर हेरे । उत्तरतिरको क्षेत्रमा सेना नभएको देखेपछि उनी त्यतैतिरबाट कुलेलाम ठोके । यहाँ उनको शान्ति सेना र भारतीय सेनाबीच केही समय मुठभेड पनि भयो र यस मुठभेडमा उनका केही सैनिकहरू मारिए । एकजना मगर सैनिकले थुप्रै भारतीय सैनिकहरूलाई पनि मारे र आखिरमा आफू पनि मारिए ।

२०१० साल श्रावण १७ गतेको दिन थियो । भीमदत्त पन्त हिँड्दा हिँड्दै बुडर भन्ने ठाउँमा पुगे । उनी भोक र थकाइले लखतरान भएका थिए । केही खाने कुरा पाउन सकिन्छ कि ?- भनेर उनी एकजना मगरको घरमा पसे । त्यस घरको मगरले उनी भीमदत्त पन्त हुन् भनेर चिने ।

पाँच हजार रूपियाँ पुरस्कारको लोभले त्यो मगरलाई अमानवीय बनायो । मगरले भीमदत्त पन्तलाई चिनेै जस्तो गरेन, बरू उनलाई खाना ख्वाउने आश्वासन दियो । छोरीलाई खाना पकाउन लगाएर ऊ तरकारी किन्न भनेर बाहिर निक्लियो । तर तरकारी किन्न गएको ऊ तरकारीको सट्टा सिपाहीहरू लिएर फर्क्यो । सिपाहीहरूमध्ये एकजना 'भम्बा दियाल' नाम गरेका उनका मीत पनि थिए ।

मीत भम्बा दियालले भीमदत्त पन्तलाई समातेर बाँध्यो र घरबाट बाहिर निकाल्यो । उनीसंग भएको हतियार खोसियो । भीमदत्तलाई पिट्दै सडकमा

घिसार्न लागियो । यति गर्दा उनी पनि चूप लागेर बसेनन् । उनले जनताको मुक्तिको लागि आफूले संघर्ष गरिरहने दृढता व्यक्त गरिरहे । सामन्तहरू र उनीहरूका चम्चाहरूप्रति घृणाले भरिएका शब्दहरू ओकलिरहे ।

उनको शब्द प्रहारले सिपाहीहरूलाई खपिनसक्नु भयो । उनीहरू बहुलाए । सिपाही लालबहादुरले बन्दूक चलायो । गोली गएर भीमदत्त पन्तको आङमा लाग्यो । गोली लागेको ठाउँबाट रगत बगिरहेको थियो । उनको मुखबाट भने गालीका पर्रा छुटिरहेका थिए । र, उनले आफ्नो दृढतालाई पनि दोहऱ्याइरहे ।

उनको त्यो दृढता सुन्ने सहनशीलता उनकै धोकेबाज मीतलाई समेत भएन । उसले आफूसंग भएको खुकुरी दापबाट सट्ट झिक्यो र भीमदत्त पन्तको गर्दनमा बजाऱ्यो । उनको टाउको छिनेर जमीनमा बज्रियो । उनको शरीरलाई त्यहीं कतै फालेर टाउको बोकेर सिपाहीहरू डँडेल्धुरातिर हान्निए ।

श्रावण १८ गते दिउँसो खलंगा बजारको माझमा उनको टाउको बाँसको लिङ्गोमा गाडियो र प्रदर्शन गरियो । यो प्रदर्शन तीन दिनसम्म जारी रह्यो । उनको टाउको लिन उनकी पत्नी पार्वतीदेवीसहित उनका आफन्तहरू, अनुयायीहरू बडाहाकिम मोहनबहादुर सिंहकहाँ पुगे ।

जनताका दुश्मन, सामन्त र शोषकहरूको पृष्ठपोषक बडाहाकिमले मारिइसकेका भीमदत्तको समेत अपमान गर्न चुकेन । उसले अपमानजनक रूपमा भीमदत्तलाई र टाउको लिन गएकाहरूलाई गाली गर्न थाल्यो । उसले आफूले राखेका ३१ वटा शर्तहरू मानेमा मात्र टाउको दिन मंजुर गऱ्यो ।

आखिर ती ३१ वटा शर्तहरू स्वीकार गरेर कागज गराइयो र उनको टाउको उनकी श्रीमतीलाई दिइयो । उनको टाउको घटाला बाबाको मन्दिर नजिकै लगेर जलाइयो । उनले शहादत प्राप्त गरेपछि त्यहाँ चलिरहेको किसान आन्दोलन सेलाउन थाल्यो । त्यसपछि त्यस क्षेत्रमा त्यस किसिमले सशक्त किसान आन्दोलन अहिलेसम्म पनि उठ्न सकेको छैन ।

त्यस किसान आन्दोलनमा उनी बाहेक अरू केही व्यक्तिहरू पनि मारिए । ५२ जना घाइते भए र २७२ जना पक्राउमा परे । पक्राउमा परेका मानिसहरू २०१३ सालमा टंकप्रसाद प्रधानमन्त्री भएको सयमा रिहा भए ।

यसरी भीमदत्त पन्तले दिल्ली सम्झौताको र कमैया प्रथाको विरूद्ध आन्दोलन उठाए । आम किसानहरूको भू-स्वामित्वको निम्ति आवाज उठाए । देशमा भइरहेको शोषण, उत्पीडन र भ्रष्टाचारको विरूद्ध संघर्ष छेडे । तर दुःखको कुरो- जुन व्यक्ति राणा शासनको विरूद्ध प्रजातन्त्रको लागि लडेका थिए, प्रजातन्त्रको स्थापनापछि त्यस व्यक्तिको हत्या 'प्रजातन्त्रवादी' भनिने सरकारबाटै भयो ।

उनको शीर त काटियो, तर देशद्रोही र शोषकहरूको सामु उनले कहिल्यै टाउको निहुराएनन् । उनको शीर सदा ठाडो नै रहिरह्यो । उनको यही देशभक्तिपूर्ण भावना र स्वाभिमानलाई हर नेपालीले अंगाल्नु आवश्यक छ । अहिलेको परिस्थितिमा पनि हर नेपालीले उनको पाइलालाई पछ्याउनु जरूरी छ ।

❑

-मुक्ता श्रेष्ठ


सन्दर्भ स्रोतहरू:

◉ भीमदत्त पन्त र उनले चलाएको आन्दोलन -डा. राजेश गौतम, गोरखापत्र २०५१ फागुन २७ गते ◉ शहीद भीमदत्त पन्त र उनले चलाएको किसान आन्दोलन: सीताराम बराल, श्री सगरमाथा २०५३ मंसीर १० गते ◉ शहीद: मदन-आश्रित स्मृति प्रतिष्ठान ◉ निरन्जन गोविन्द वैद्यसंगको कुराकानी ◉ उषा तिवारीले भीमदत्तकी श्रीमतीसंग गरेको कुराकानी


**एक दिनको कुरा हो- भीमदत्त पन्त आफ्ना केही सहयोगीहरुका साथ जंगलमा खानपानको व्यवस्था गरिरहेका थिए । यो कुरा जासूसहरुले पत्ता लगाएछन् र......**

प्रेरक प्रसंग

# 'स्तालिन निकै भावुक हुनुहुन्थ्यो !'

-क्रेमलिनमा काम गर्ने ८० वर्षीया महिला

**पोलिना मालिनकिना**



सोभियत संघको समाजवादी क्रान्तिका एक नायक जोसेफ स्तालिनको स्वभाव कस्तो थियो होला ? दोस्रो विश्वयुद्धका खलनायक तानाशाह हिटलरलाई परास्त गर्ने सोभियत नेता स्तालिन साह्रै नै भावुक हुनुहुन्थ्यो । उहाँ कतिसम्म भावुक हुनुहुन्थ्यो भने कहिलेकाहीं त उहाँ भावुकतावश पटक-पटक रूनुहुन्थ्यो ।

यो रहस्योद्घाटन पूर्वसोभियत संघको राष्ट्रपति निवास क्रेमलिनमा विगत ६० वर्ष अगाडिदेखि कार्यरत महिला पोलिना मालिनकिनाले गरेकी हुन् । ८० वर्ष पार गरिसकेकी पोलिनाले एउटा रूसी अखबारलाई बताए अनुसार, स्तालिन अत्यन्त दयालु व्यक्ति हुनुहुन्थ्यो । कहिलेकाहीं त उहाँ धुरूधुरू समेत रूनु हुन्थ्यो ।


वृद्धा पोलिनाको भनाइ अनुसार, सौम्य नजर भएका स्तालिनको मन गरीब र सर्वसाधारण जनताप्रति दया भावले हमेशा भरिपूर्ण हुन्थ्यो ।

१९३७ को जाडो महिनादेखि पोलिनाले क्रेमलिनमा काम गर्न थालेकी हुन् । ६० वर्षसम्म क्रेमलिनमा काम गरिसकेकी पोलिना अहिले नोकर्नीको हैसियतले त्यहाँ कार्यरत छिन् । स्तालिन जस्ता सोभियत समाजवादी नेतादेखि येल्तसीन जस्ता पूँजीवादी नेताको चरित्र राम्ररी देखेकी पोलिनाको स्तालिन सम्बन्धी यो मूल्यांकन निकै सटिक देखिन्छ ।

प्रसिद्ध जर्मन लेखक एमिल लुडविगले पनि स्तालिनको स्वभावका बारेमा मूल्यांकन गर्ने सिलसिलामा पोखेको विचार पनि यहाँ स्मरणीय छ- "उहाँको खाना, रहनसहन साधारण मानिसको जस्तै थियो । उहाँको रूचि अत्यन्त सिधा-सादा थियो । उहाँमा धन, सुख र महत्वाकांक्षाको कुनै प्रभाव देखिँदैन थियो । यदि मेरो मनले ठीक ढंगले मूल्यांकन गरेको छ भने म भन्छु- स्तालिन स्वभावैले राम्रो मन भएको मानिस हुनुहुन्थ्यो ।"

❑ *स्रोत: एपी र स्तालिनको जीवनी*


**महावली हनुमानको वरदान !**
**सुन्दर र सुरक्षित छानाको पहिचान !!**



**हनुमान छाप कर्कट (जस्ता) पाता**

टिकाउपनाको अर्को नाम

**सुन्दर स्टील्स प्रा. लि.**

विरगन्ज फोन : ०५१-२१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन : २७०७३०, २७०४५६,
फ्याक्स : ९७७-१२७०९७३



रोचक प्रसंग

# चाणक्यले विजय प्राप्त गर्नुको रहस्य !

आजभन्दा करिब तेईस सय वर्ष अगाडिको कुरा हो - यमन अर्थात् मेसेडोनियाका राजा अलेक्जेन्डर विश्वविजय अभियानमा निस्केका थिए । उनी विभिन्न राज्यहरू विजय गर्दै भारतसम्म आइपुगे । भारतको तक्षशीलाबाट उनी भारत पसे । गंगापारीको राज्य कैकेयसम्म उनले विजय गरे । कैकेय राज्यका राजा पौरपसंगको युद्धपछि उनी गंगा पार गरेर अरू राज्यहरू पनि विजय गर्न चाहन्थे । तर उनका थाकेका सेनाहरू त्यहाँबाट अगाडि बढ्न मानेनन् । केही नलागेर त्यहाँबाट उनी आफ्नो देश फर्के । तर उनी आफ्नो देश मेसेडोनिया पुग्न पाएनन् । उनी फर्किरहेको बेलामा बेबिलोनमै उनको मृत्यु भयो ।

उनको मृत्युपछि उनका सेनापतिहरूले उनले विजय गरेका साम्राज्यहरू बाँडेर लिए । उनका सेनापतिमध्ये एकजना सेनापति सेल्युकसले प्रसिया, मेसोपोटामिया र अलेक्जेन्डरले जितेका भारतका भूभाग आदि प्राप्त गरे ।

अलेक्जेन्डरको मृत्युपछि आचार्य विष्णुगुप्तको मार्गदर्शनमा र चन्द्रगुप्तको नेतृत्वमा यवनहरूलाई भारतबाट धपाइयो र भारतको एकीकरण गर्ने काम भयो । लडाईमा सेल्युकस चन्द्रगुप्तसित हारे । आफू चन्द्रगुप्तबाट पराजीत भएपछि उनले चन्द्रगुप्तसंग आफ्नै छोरीको बिहा गराउनुका साथै गान्धार प्रदेश पनि चन्द्रगुप्तलाई सुम्पे ।

सेल्युकस सधैं आफ्नो हार र चन्द्रगुप्तको विजयको बारेमा सोचिरहन्थे । एक दिन उनी आफ्ना एक कूटनीतिज्ञ मेगस्थनिजसंग बसेर यसैबारे कुरा गरिरहेका थिए । कुराको सिलसिलामा उनले भने- "यदि मसंग पनि चन्द्रगुप्त जस्तो व्यक्ति भएको भए..."

"तैपनि तपाईले विजय प्राप्त गर्न सक्नु हुन्नथ्यो" -मेगस्थनिजले बीचैमा रोकेर भन्यो ।

चकित भएर सेल्युकसले सोधे- "हैन तिमी किन यो कुरा भन्दैछौ ?"

"माननीय सम्राट, म एकदम सत्य कुरा बोल्दैछु । भारतीयहरूको जुन विजय भएको छ, त्यसको वास्तविक नेतृत्व चन्द्रगुप्त होइन ।"

सेल्युकसले आश्चर्य मान्दै सोधे- "उसो भए को हो त त्यो प्रेरक ?"

भारतीयहरूको प्रेरणास्रोत हो- "चन्द्रगुप्तका गुरु तथा मार्गदर्शक विष्णुगुप्त चाणक्य, जो अहिले भारतको प्रधानमन्त्री छन् ।"

चाणक्यको कुरा उनले अगाडि पनि सुनिसकेका थिए । अहिले त्यो नाम सुन्नेबित्तिकै चाणक्यसंग भेट्न उनको मन हतारियो ।

उही दिन सेल्युकस मेगस्थनिजको साथ घोडामा सवार भएर भारतका प्रधानमन्त्री चाणक्यसंग भेट्न हिंडे । बाटोभरि नै उनीले सम्राट र प्रधानमन्त्रीको विशाल भवन, त्यस भवनको रक्षाको लागि तैनाथ गरिएको सशस्त्र सैनिकको कल्पना गरिरहे । तर गंगा पार गरिसक्दा पनि उनले कहीं कतै त्यस्तो विशाल भवन देखेनन् ।

बाटोमा उनले एकजना व्यक्तिसंग प्रधानमन्त्रीको निवास्थानबारे सोधपुछ गरे । त्यस व्यक्तिले उनलाई एउटा टुटेफुटेको पुरानो घर देखाइदियो ।

सेल्युकसले विश्वास गर्न सकेनन् । उनले सोचे- "कतै यसले ठट्टा त गरिरहेको छैन ?," फेरि उनले त्यो व्यक्तिसंग दोहोऱ्याएर सोधे । त्यस व्यक्तिले दृढतापूर्वक जवाफ दियो- "महान चाणक्यको घर त्यही हो ।"

सेल्युकस दोमन गर्दै अगाडि बढे । जब उनी त्यस घरअगाडि पुगे । घरबाट एकजना ब्रम्हचारी निस्क्यो । ब्रम्हचारीसंग उनले आफ्नो नाम बताएर चाणक्यसंग भेट्न आएको कुरा भनेपछि ब्रम्हचारीले उनलाई स्वागत गरेरभित्र लग्यो ।

जब सेल्युकसभित्र पुगे, उनको आश्चर्यको ठेगाना रहेन । अचम्भित हुँदै उनी चारैतिर हेरिरहे । वैभवको नामनिसानै नरहेको, वैरागले परिपूर्ण रहेको कोठा । भित्ताहरू टुटेफुटेका थिए । घरभित्र कुशको थुप्रो, माटाका भाँडाहरू र पुराना कम्बलहरू मात्र थिए । कहाँ उनले सोचको महल, कहाँ चाणक्यको निवास ?

**सेल्युकसले विश्वास गर्न सकेनन्, त्यस व्यक्तिले दृढतापूर्वक जवाफ दियो- "महान चाणक्यको घर त्यही हो ।"**

अलि अलि अँध्यारो भइसकेको थियो । ब्रम्हचारीले उनलाई एउटा कोठामा लग्यो । कोठामा माटोको एउटा सानो दियो बलिरहेको थियो । चाणक्य एउटा मृगको छालामा बसिरहेका थिए । मयुरको प्वाँखले भोजपत्र (एक किसिमको पात, जसमा कागजको आविष्कार हुनुभन्दा पहिले लेख्ने गरिन्थ्यो)मा अर्थशास्त्र लेख्न चाणक्य व्यस्त थिए ।

कोठामा पुगेपछि जब ब्रम्हचारीले आगन्तुकको परिचय दियो- 'पर्ख' भन्दै चाणक्यले बलिरहेको बत्ती निभाएर अर्को बत्ती बाले र आगन्तुकको यथोचित सत्कार गरे ।

सेल्युकस झन् अचम्भित भए । एउटा बलिरहेको बत्ती निभाएर अर्को बत्ती बाल्नुको रहस्य उनले बुझ्न सकिरहेका थिएनन् । त्यसैले आफ्नो स्थानमा बस्ने बित्तिकै उनले चाणक्यसंग आफ्नो जिज्ञासा प्रकट गरे ।


चाणक्यले पनि मुस्कुराहटका साथ जवाफ दिए- 'भरखरै म राजकीय काम गरिरहेको थिएँ र राजकीय सहायताबाट प्राप्त तेलबाट बलेको बत्ती बालिरहेको थिएँ । अब म तपाईसंग कुरा गर्दैछु । यो मेरो व्यक्तिगत काम भयो । त्यसैले मैले आफ्नो व्यक्तिगत बत्ती बालें । व्यक्तिगत काममा किन राजकीय सम्पत्ति खर्च गर्ने ? राजकीय सम्पत्ति भनेको जनताको सम्पत्ति हो । त्यो सम्पत्ति जनताकै लागि खर्च गरिनुपर्छ ।'

यति सुन्ने बित्तिकै सेल्यूकस चाणक्यको पाऊमाथि घोप्टिए । अब उनले बुझे- चाणक्यको प्रेरणा र निर्देशनमा चन्द्रगुप्त भारतको सम्राट बन्न सकेको हो भन्ने कुरा । केहीछिन उनी त्यहाँ बसेर चाणक्यसंग कुरा गरिसकेपछि फर्के । तर उनले चाणक्यको महान आदर्शलाई भुल्न सकेनन् ।

❑ सुजिता श्रेष्ठ

शहीद दिवसको उपलक्ष्यमा
हाम्रा समस्त
आदरणीय शहीदहरूप्रति
हार्दिक श्रद्धान्जलि
व्यक्त गर्दछौं !

भक्तपुर जि.वि.स. परिवार



## अन्तर्क्रियाको रिपोर्ट

सचेत व्यक्ति र संगठनहरुले एक वर्ष लगाएर बडो मिहेनतले एक सय सुसंस्कृत मानिस तयार पारिरहेका हुन्छन् । तर वर्तमानमा साम्राज्यवाद घण्टै-घण्टामा लाखौं मानिसलाई सांस्कृतिक रुपले भ्रष्ट पार्ने काम गरिरहेछ । ऊ विशेषतः युवा पुस्तालाई पथभ्रष्ट पार्न जीउज्यान छोडेर लागिरहेछ ता कि- सामाजिक परिवर्तन वा क्रान्तिको बीऊ नै अंकुरित हुन नपाओस् । नितान्त अनैतिक, व्यक्तिवादी, समाजसंग कुनै चासो नै नभएको, एक्लो विद्रोही उपभोक्ता तयार गर्ने ध्याउन्नामा देखिन्छ, आज साम्राज्यवाद । टि.भि., फिल्म, रेडियो, रंगिचंगी साहित्य र सारा पत्रपत्रिकाहरु यही दिशामा मरिमेटेर लागिरहेका देखिन्छन् । यस्तो गर्न साम्राज्यवादले विश्वभरि अत्याधुनिक संचारयन्त्र र प्रचारयन्त्रको जालोको विकास गरिरहेछ । यसरी एकातिर उसले उत्पादन गरेका मालहरु उपभोग गर्ने असंख्य उपभोक्ताहरु पैदा हुन्छन् । अर्कोतिर, नयाँ पुस्ताहरु आफू आफूमा जुधेर संगठित विद्रोह नै गर्न सक्तैनन् । वर्ग-सचेत नै हुन सक्तैनन् । फलस्वरुप, क्रान्तिको बिउबाट पालुवा नै निस्कँदैन । र, विश्व-जनमत पनि साम्राज्यवादले चाहे अनुसारको बन्छ ।

# कसरी पसिरहेछ साम्राज्यवाद नेपालको संस्कृतिमा ?

संसार अहिले यही दिशातिर गइरहेछ । साम्राज्यवाद यही प्रक्रिया सिर्जना गर्नमा तल्लीन छ । यस्तो कार्य कसरी गर्दैछ साम्राज्यवादले ? कसरी पसिरहेछ साम्राज्यवाद अहिले हाम्रो घर-घरमा नयाँ व्यक्तिवादी नैतिक मूल्य-मान्यता बोकेर ? कस्तो मान्छे तयार पार्न खोज्दैछ उसले ? कस्तो संस्कृति हुर्काउन खोज्दैछ उसले हाम्रो समाजमा ? के फरक पार्दैछ यसले हाम्रो सामाजिक संबन्धमा ?

यिनै प्रश्नका उत्तरहरु खोज्न हामीले केही समयअघि एउटा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं । अन्तर्क्रिया कार्यक्रममा सहभागी हुनुहुन्थ्यो- प्रलेसका वर्तमान अध्यक्ष तथा चिन्तक एवं साहित्यकार गोविन्द भट्ट, साहित्यकार खगेन्द्र संग्रौला र समालोचक निनु चापागाई, समाजशास्त्री डा. चैतन्य मिश्र र साहित्यकार तथा हाम्रो श्रव्य-दृश्य स्तंभका स्तंभकार हरिगोविन्द लुइँटेल । करीब ३ घण्टासम्म चलेको उक्त अन्तर्क्रिया कार्यक्रमलाई संयोजन गर्नुभएको थियो- हाम्रा प्रधान संपादक श्याम श्रेष्ठले । कार्यक्रममा युवा समाजशास्त्री विमल फुँयालले पनि पर्यवेक्षकको रुपमा भाग लिनु भएको थियो ।

प्रस्तुत छ- त्यही अन्तर्क्रिया कार्यक्रममा अभिव्यक्त भएका विचारहरुका मूलभूत अंशहरु र संपादित सारहरु । यो रिपोर्ट हामीले मूल्यांकनको गतांकमै प्रकाशित गर्ने घोषणा गरेका थियौं । तर बीचमा महाकाली सन्धि जस्तो सामयिक महत्वपूर्ण राष्ट्रिय मुद्दा सामुन्ने आइलागेकाले घोषित प्रकाशन स्थगित गरेर महाकाली सन्धिसम्बन्धी सामग्री प्रकाशित गर्‍यौं । अहिले त्यही स्थगित सामग्रीलाई दुई किस्तामा प्रकाशन गर्ने जमर्को गरिरहेछौं ।

नेपालमा हालै साम्राज्यवाद विरोधी राष्ट्रिय मंच गठन भएको छ । त्यसले सबभन्दा पहिले वर्तमान विश्वमा साम्राज्यवाद कसरी क्रियाशील छ भन्ने सम्बन्धमा आफ्नो अवधारणा नै स्पष्ट पार्ने कार्यक्रम राखेकोले यसको उक्त कार्यक्रमलाई पनि यस अन्तर्क्रियाले सघाउ पुर्‍याउनेछ भन्ने हामीलाई लागेको छ ।

-मूल्यांकन

गोविन्द भट्ट
डा. चैतन्य मिश्र
निनु चापागाई
खगेन्द्र संग्रौला
हरिगोविन्द लुइँटेल
विमल फुँयालका
विचारहरु

- सांस्कृतिक क्षेत्रमा साम्राज्यवाद भन्नाले केलाई बुझ्ने ?
- सांस्कृतिक क्षेत्रमा साम्राज्यवादको नियत के ?
- किन साम्राज्यवादले एकल-संस्कृतिको निर्माण गर्न खोज्दैछ ?
- नेपालमा सांस्कृतिक क्षेत्रमा साम्राज्यवाद कहिलेदेखि पस्न थाल्यो ?
- साम्राज्यवादी संस्कृतिलाई स्वीकार गर्ने भावभूमि कतै हामीभित्रै त छैन ?

# भीमसेन थापाले फ्रान्स र ब्रिटेनको अन्तरविरोधबाट फाइदा उठाउन खोजेका थिए

**❑ विषयबारेको अवधारणाबाटै छलफलको शुरुवात गरौं । विश्वमा "सांस्कृतिक क्षेत्रमा साम्राज्यवाद" भन्नाले केलाई बुझ्ने ? यो कसरी विकसित हुँदैछ र कसरी प्रवेश गर्दैछ ?**

**डा. चैतन्य मिश्र**

**विश्वका** विभिन्न भू-भाग, अर्थतन्त्र र राजतन्त्रमा जब पूँजीवाद र साम्राज्यवाद पस्दै गयो, तबदेखि नै यसले ती ती भू-भागहरूको संस्कृतिमा पनि आधिपत्य जमाउन शुरू गऱ्यो । साम्राज्यवादी देशको संस्कृतिको ढाँचामै ती भू-भागहरूको संस्कृतिलाई पनि बदल्ने र लाद्ने काम गर्न थालियो । यसरी भन्ने हो भने हामी देख्छौं- विश्व परिप्रेक्ष्यमा साम्राज्यवादको मुख्य पक्ष भनेकै 'एकल-संस्कृति'को निर्माण गर्नु रहेको छ ।

साम्राज्यवादको यो चालबाजीले शोषित भू-भागमा दुई वटा समस्याहरू पैदा गऱ्यो ।

एक, स्थानीयता भन्ने कुरा एकदमै संकुचित हुन थाल्यो । दुई, आर्थिक स्थिति एक थरी, तर सांस्कृतिक ढाँचा भने अर्कैथरी हुने स्थिति पैदा भयो ।

साम्राज्यवादीहरूको संस्कृतिले राष्ट्रिय विशेषताहरूलाई आफूमा गाभ्ने र त्यसले देशभित्रका पनि विभिन्न स्थानका स्थानीए विशेषताहरूलाई समेत निल्ने गरेका घटनाहरू आज हामी प्रायः गरीब मुलुकहरूमा देखिरहेका छौं । यसैगरी, राजनैतिक-आर्थिक वास्तविकता एकथरी र संस्कृति अर्कोथरी हुन गएर एउटा जातको बोटको जरामा अर्कै जातको हाँगो पलाएझैं भइरहेको छ । यसले गर्दा हाम्रा जस्ता मुलुकहरूमा संस्कृतिको विकास जरैदेखि हुन पाएको छैन । त्यो क्रमिक रूपको पनि हुन पाएको छैन । हाम्रा देशका युवाहरूले पाश्चात्य देशका गीत-संगीत र रहनसहनको जुन नक्कल गरिरहेछन्, त्यसले पनि यही अन्तरविरोधलाई प्रष्ट पारेको छ । बेग्लै संस्कृतिमा बाँचेका पश्चिमाहरूका निम्ति बनेका पाश्चात्य गीतहरू बेग्लै संस्कृतिमा बाँचिरहेका र बेग्लै आर्थिक सामाजिक स्थितिमा बाँचिरहेका हाम्रा युवाहरूलाई उपभोग (Celebrate) गर्न प्रेरित गरिदैछन् ।



गरीब देशका जनताहरूका दिमागमा साम्राज्यवादी संचारको आक्रमण: कार्टून साभार- समकालीन तीसरी दुनियाँ

> राजनैतिक-आर्थिक वास्तविकता एकथरी र संस्कृति अर्कोथरी हुन गएर एउटा जातको बोटको जरामा अर्कै जातको हाँगो पलाएझैं भइरहेको छ

**गोविन्द भट्ट**

**ऐतिहासिक** भौतिकवादको दृष्टिकोणले हेर्दा अन्तर्राष्ट्रिय क्षेत्रमा शक्ति राष्ट्रहरूले अरू मुलुकहरूमाथि आफ्नो साम्राज्य स्थापना गर्ने क्रममा राजनैतिक प्रभुत्व जमाउनुको साथै आफ्नै किसिमको शिक्षा, संस्कृति र सांस्कृतिक सोच पनि लाद्न थाले । हामीकहाँ, खास गरेर, राणाकालीन समयदेखि नै विदेशी संस्कृतिको प्रवेश भएको कुरा इतिहासकारहरू स्वीकार गर्छन् । जंगबहादुरको यूरोप भ्रमणपछि नै नेपालमा विदेशी शैलीका घरहरू निर्माण हुनुका साथै अंग्रेजी शिक्षाको पनि शुरूवात हुन थालेको थियो ।

त्योभन्दा अगाडि नेपालमा अरबी, फारसी नाचगानको रूपमा भारतबाट मुगल संस्कृतिको प्रवेश भएको थियो । पछि ब्रिटिशहरूले त्यहाँ आधिपत्य जमाएपछि ब्रिटिश-संस्कृतिको प्रवेश हुन थालेको हो ।

जब विश्वमा साम्राज्यवादको होडबाजी चलिरहेको थियो, त्यतिबेला भीमसेन थापाले फ्रान्स र ब्रिटेनको अन्तरविरोधबाट फाइदा उठाउन खोजेका थिए । उनले नेपालमा यूरोपेली ढंगबाट सेनाको संगठन गर्न खोजे । सेनाहरूलाई फ्रान्सेली पोशाकहरू लगाउन दिए । यसलाई नेपालको संस्कृतिमा विदेशी संस्कृति घुसेको भन्ने कि के भन्ने ?- यो चाहिं छलफलकै विषय रहेको छ भन्ने मलाई लाग्छ ।

राणाकालमा यहाँ साम्राज्यवादी संस्कृतिको प्रवेश भए तापनि यो पूर्ण रूपमा भने यहाँ पस्न पाएन । किनभने, यो संस्कृति नेपालको संस्कृतिभन्दा उन्नत किसिमको संस्कृति भएकाले राणाहरूलाई निरंकुश शासन चलाउनमा यसले बाधा उत्पन्न गर्न पनि सक्थ्यो । त्यसैले राणाहरूले पनि छानीछानी मात्र आफूलाई फाइदा हुने विदेशी संस्कृति यहाँ भित्र्याए । किनभने, राणाहरूलाई सत्ता टिकाउनका निम्ति यहाँ सामन्ती संस्कृति नै अत्यन्त उपयोगी थियो ।

बिगतमा हाम्रो नेपालमा एकातिर पुरातनपन्थी, अनुदारवादी सामन्ती संस्कृति थियो भने सुगौली-सन्धिपछि बिस्तारै अर्धसामन्ती र अर्धऔपनिवेशिक संस्कृतिको विकास हुनथाल्यो । तर पनि मलाई लाग्छ- नेपालमा साम्राज्यवादी, पूँजीवादी र अर्धसामन्ती संस्कृतिभन्दा ज्यादा हिन्दू धर्म अन्तरगतको सामन्तवादी संस्कृति नै प्रत्येक घरघरमा र दिमाग-दिमागमा बलियोसंग बसेको छ । यहाँको सामन्तवादी संस्कृतिले पनि आफ्नो स्वार्थको हदसम्म बाहिरी र नयाँ संस्कृतिसंग जुध्ने काम यहाँ केही मात्रामा गरिरहेको हामी देख्छौं । तर बढ्दो क्रान्तिकारी जनवादी संस्कृतिलाई रोक्न खोज्ने मामलामा भने, यहाँ सामन्तवादी संस्कृति र साम्राज्यवादी संस्कृतिका बीचमा साँठगाँठ पनि भइरहेको छ ।

> नेपालमा साम्राज्यवादी, पूँजीवादी र अर्धसामन्ती संस्कृतिभन्दा ज्यादा हिन्दू धर्म अन्तरगतको सामन्तवादी संस्कृति नै बलियोसंग बसेको छ

**❑ आर्थिक क्षेत्रमा सामन्तवादकालीन साम्राज्यवादी अर्थतन्त्र, पूँजीवादकालीन साम्राज्यवादी अर्थतन्त्र र दोस्रो विश्वयुद्धपछिको साम्राज्यवादी अर्थतन्त्र भनेर हामी छुट्याएर अध्ययन गर्नेगर्छौं । सांस्कृतिक क्षेत्रमा पनि के यसै गरी तीन कालखण्डमा छुट्याएर हेर्न सकिने अलग अलग विशेषताहरु भेट्न सकिन्छ ?**

**डा. चैतन्य मिश्र**

**पूँजीवाद** विश्वमा व्यापक रूपमा फैलनु अघिदेखि पनि साम्राज्यवादी देशहरूले आफ्नो संस्कृतिलाई 'राम्रो' भनी प्रचार गर्ने र लादने गर्दथे । क्रिश्चियन धर्मलाई र पश्चिमी शिक्षा प्रणालीलाई 'उच्चकोटीको धर्म र शिक्षा प्रणाली' को रूपमा फैलाउने काम त्यतिखेर पनि भएको देखिन्छ ।

पूँजीवादी साम्राज्यवादको कालमा पूँजीवादी संस्कृति र पूँजीवादका अंग-उपांगहरूलाई 'श्रेष्ठ' कुराका रूपमा प्रचार गर्ने र फैलाउने प्रयत्न साम्राज्यवादी देशहरूले गर्दै आएका थिए । शिक्षा, भाषा, साहित्य, संगीत, नृत्य आदि सबैमा आफ्नो प्रभाव फैलाउने कोशिस उनीहरूको हुन्थ्यो । तर दोस्रो विश्वयुद्ध अघिसम्म एकल संस्कृतिको विश्वव्यापीकरण भने उनीहरूको यो कोशिसको बावजूद

> क्रिश्चियन धर्मलाई र पश्चिमी शिक्षा प्रणालीलाई 'उच्चकोटीको धर्म र शिक्षा प्रणाली' को रुपमा फैलाउने काम त्यतिखेर पनि भएको देखिन्छ





भइसकेको थिएन । ब्रिटिश साम्राज्यवाद, फ्रान्सेली साम्राज्यवाद, डच साम्राज्यवाद, अमेरिकी साम्राज्यवाद आदिका रूपमा यिनको आ-आफ्नै राष्ट्रिय विशेषताहरू पनि हुन्थे । तिनका बीचमा टक्करहरू पनि पर्थे । फ्रेन्चहरू आफ्नै भाषा र शैली, लाद्‌न चाहन्थे भने ब्रिटिशहरू आफ्नै । एकले अर्कोको संस्कृतिलाई नकार्ने चलन पनि थियो ।

तर दोस्रो विश्वयुद्धपछि भने- साम्राज्यवादी एकल-संस्कृतिको निर्माण र विश्वव्यापीकरण बढ्‌न थालेको छ । र, यो ज्यादै छिटो-छिटो बढ्‌न थालेको छ ।

दोस्रो विश्वयुद्धअघिको काल भनेको उपनिवेशकाल हो । त्यतिखेरदेखि नै विश्वमा एकल साम्राज्यवादको विकास हुने क्रम शुरू भएको थियो । पहिलो विश्वयुद्धपछि यूरोपीय साम्राज्यवाद र अमेरिकी साम्राज्यवादका बीचमा तीव्र बनेको होडबाजीमा बिस्तारै अमेरिका शक्तिशाली भएर निस्कियो । यसरी विश्व-संस्कृतिको केन्द्रबिन्दू अब यूरोपबाट अमेरिकातिर सर्न पुग्यो । यही अवस्था नै आज पनि कायम छ । विश्व-संस्कृति निर्माणको नाममा आज मूलतः अमेरिकी स्वार्थ अनुकूलको एकल-संस्कृति निर्यात गर्ने काम साम्राज्यवादद्वारा भइरहेको छ ।

**यसरी विश्व-संस्कृतिको केन्द्रबिन्दू अब यूरोपबाट अमेरिका-तिर सर्न पुग्यो**

## गोविन्द भट्ट

डा. **मिश्रले** भन्नु भएझैं साम्राज्यवादीहरूको ध्येय विश्वमा आफ्नो खाले एकल-संस्कृतिको निर्माण गर्नु नै हो । प्रथम विश्वयुद्धअघि उपनिवेश हुन पुगेका देशहरूमा आ-आफ्ना स्वार्थ अनुकूलका मानवीय रूची, जीवनशैली, रहनसहन आदि फैलाउने ध्येयले साम्राज्यवादीहरूले आ-आफ्ना धर्महरू फैलाउन खोज्दा भएका धर्मयुद्धहरूका घटनालाई पनि हामीले बिर्सनु हुन्न ।

र, अर्को उल्लेखनीय घटनालाई पनि हामीले ध्यानमा राख्नु जरूरी छ भन्ने मलाई लाग्छ । त्यो घटना हो- १९१७ मा सोभियत संघको स्थापना । सोभियत संघले त्यतिखेरदेखि नै विश्वमा संस्कृतिको क्षेत्रमा एउटा प्रगतिशील र नयाँ विकल्प पेश गर्न थाल्यो । शक्तिशाली रेडियो, पत्रपत्रिकाहरू, पुस्तकहरू, सेमिनार-गोष्ठीहरू आदिद्वारा यसले विश्वभर नै साम्राज्यवादी संस्कृतिसंग जुधिरहेकाहरूलाई थप नैतिक र वैचारिक बल प्रदान गऱ्यो । अहिले सोभियत संघ बाँकी रहेन । तर यसको तात्कालीन सांस्कृतिक भूमिकाको पनि राम्रो अध्ययन हुनुपर्छ भन्ने मलाई लागेको छ ।

साथै, हामीले साम्राज्यवादी संस्कृतिको कुरा गर्दा यसको प्रतिरोधमा देशदेशमा वैकल्पिक संस्कृतिहरू फष्टाएको पक्षलाई पनि महत्वका साथ लिनु जरूरी छ भन्ने मलाई लाग्छ ।

**विकासका जति पनि संरचनाहरुको निर्माण गरिदिनु पर्थ्यो, त्यो काम नगरिकन नै साम्राज्यवादीहरु यहाँ निकै सस्तोमा र सजिलोसित घुसे**





## खगेन्द्र संग्रौला

यस सन्दर्भमा मलाई दुई वटा कुराहरू उठाउन मन लागेको छ । हो, साम्राज्यवादले कमजोर राष्ट्रहरूबाट आर्थिक फाइदा उठाउन त्यहाँ राजनैतिक प्रभुत्व कायम गर्नेगर्छ । त्यसैलाई स्थायी र दीगो बनाउन उनीहरू संस्कृतिको निर्माण गर्दछन् र त्यसको विस्तारमा पनि लागीपर्छन् ।

नेपालको सम्बन्धमा पनि यही कुरा लागू हुन्छ । तर फरक कत्ति छ भने- सुगौली सन्धिपछि नेपालको राज्यव्यवस्थाका आधारभूत निर्णयहरू साम्राज्यवादीहरूको हातबाट हुन थाल्यो । तर प्रत्यक्ष रूपमा नेपाल उपनिवेशवादीहरूको कब्जामा भने रहेको थिएन । नीति-निर्णय गर्ने कुरामा साम्राज्यवादीहरूको हात रहने, र हाम्रा सत्ताधारीहरूले चाहिँ उनीहरूको तावेदारी गर्ने- यस्तो स्थिति यहाँ पैदा भयो । यसले नेपालमा राष्ट्रिय हीनताको र राष्ट्रिय गुलामीको भावना उत्पन्न गऱ्यो । प्रत्यक्ष रूपमा उपनिवेश लाद्दा विकासका जति पनि संरचनाहरूको निर्माण गरिदिनु पर्थ्यो, त्यो काम नगरिकन नै साम्राज्यवादीहरू यहाँ निकै सस्तोमा र सजिलोसित घुसे ।

अहिलेको कुरा गर्ने हो भने, विश्वका एकाधिकारी वित्तीय शक्तिहरूको विश्वव्यापी रूपमा जुन हस्तक्षेप बढ्‌दैछ, त्यसले कमजोर राष्ट्र-राज्यको दुर्बलीकरण गर्ने र त्यहाँका परम्परागत सांस्कृतिक संरचनाहरूलाई ध्वस्त-नष्ट गर्ने काम गरिरहेको छ । यो कुरा हाम्रो सम्बन्धमा पनि लागू हुन्छ । यी साम्राज्यवादीहरूले परम्परागत संरचना, जीवनशैली, मूल्य र मान्यताहरूमाथि पनि आमरूपमा आक्रमण गर्ने र आफ्नै किसिमको मूल्य र मान्यताहरू लाद्‌ने जुन प्रयत्नहरू गरिरहेछन्, यी कुराहरूमा पनि हाम्रो छलफलमा ध्यान जानु पर्छ भन्ने म ठान्दछु ।

## निनु चापागाई

**संस्कृति** भनेको आर्थिक जगमा निर्माण हुने उपरी संरचना हो । यसर्थ, साम्राज्यवादी संस्कृति उनीहरूकै आर्थिक एवं सामाजिक जगमा निर्माण भएको संस्कृति हो । हामीकहाँ त्यस्तो आर्थिक संरचनाको जग छैन । यहाँ त अर्धसामन्ती, अर्धऔपनिवेशिक सामाजिक-आर्थिक संरचना छ । अर्को कुरा, त्यहाँबाट आउने संस्कृति जस्ताकोतस्तै यहाँ आइपुगेको पनि छैन । र, त्यसमा केही अन्तरविरोध पनि छ । त्यसैले, पहिले साम्राज्यवादीहरूले भौतिक-आर्थिक रूपमा मात्रै संसारलाई एकलौटी बनाउने जमाना थियो । अहिले भौतिक र आत्मिक अर्थात् आर्थिक र सांस्कृतिक दुबै रूपमा एकलौटी बनाउने प्रक्रिया अगाडि बढिरहेको र तीव्र भइरहेको छ । पूँजीवादीकालदेखि आफूले विकास गरेको संस्कृतिलाई अगाडि बढाउने काम आज साम्राज्यवादले गरिरहेको छ । र, त्यही कुरा हामीकहाँ पनि आयात गर्ने कार्य भइरहेको छ ।

सारमा भन्ने हो भने, साम्राज्यवादीहरूको सांस्कृतिक नियत दुईटा देखिएका छन्-:

पहिलो, संस्कृतिलाई सामाजिक दायित्वबाट उन्मुक्त गराउने । र, दोस्रो, व्यक्तिगत स्वार्थमा आधारित मूल्य-मान्यताहरू सृजना गर्ने, जसले गर्दा आफ्नो व्यक्तिगत सुख सुविधाको लागि व्यक्ति जे पनि गर्न तम्तयार होस् ।

यसले व्यक्ति-व्यक्तिबीच विरोध र द्वन्द खडा गर्ने गरिरहेको छ र व्यक्तिलाई बिलकुलै समाजबाट अलग, स्वतन्त्र-सत्ताको रूपमा उभ्याउने जस्ता षड्यन्त्रहरू गरिरहेको छ । यी षड्यन्त्रहरू साम्राज्यवादी मुलुकहरूका जनतामाथि पनि भइरहेको छ । हाम्रो जस्ता मुलुकहरूमा तिनै षड्यन्त्रहरूलाई सांस्कृतिक रूपमा आयात गर्ने कामहरू भइरहेका छन् ।

संस्कृतिलाई सामाजिक दायित्वबाट अलग राख्ने र यसको परिवर्तनकारी भूमिकालाई अस्वीकार गर्ने एवं संस्कृतिलाई व्यक्तिको नितान्त व्यक्तिगत सुख र आनन्दमा सीमित गर्ने- यस्तो षड्यन्त्रका कारण व्यक्तिहरूमा सामाजिक चिन्तन, सामाजिक दायित्व र सामाजिक महत्वलाई तिरस्कार गर्ने प्रवृत्तिको विकास

**देशदेशमा वैकल्पिक संस्कृतिहरु फष्टाएको पक्षलाई पनि महत्वका साथ लिनु जरुरी छ**


फोटो: उषा तिवारी

**घरघरका थाप्लामा नाचिरहेछन् अत्याधुनिक संचारयन्त्रहरु: साम्राज्यवादी संस्कृतिको संवाहक भएर**

भइरहेका छन् । यसरी व्यक्तिहरूलाई समाजमुखी बनाउनुको सट्टा आत्म-केन्द्रित बनाएर साम्राज्यवादीहरू आफ्नो स्वार्थपूर्ति गर्न लागिपरेका छन् । यहाँका सत्ताधारी र प्रभुत्वशाली वर्गहरू त्यस्ता संस्कृतिका आयातकर्ता र दलाल बनिरहेका छन् । यसरी आयातित संस्कृतिभित्र हामी अस्तित्ववाद, फ्रायडवाद, शैलीविज्ञान, आधुनिकतावाद, संरचनावाद, उत्तर आधुनिकतावाद आदि भिन्न भिन्न नाम र रूपहरू पाउन सक्छौं । तर सारमा भने, यी सबै एकै हुन्- व्यक्तिलाई सामाजिक दायित्वबाट पर पन्छाउने नियत यी सबैको एउटै सार हो । भट्टजीले भन्नुभएजस्तै यसका विरूद्ध उभिएर नेपाली जनताले स्वस्थ र जीवनमुखी, प्रगतिमुखी अर्को संस्कृतिको निर्माण गर्न खोजिरहेका छन् । तर उनीहरू बलियो भने हुन सकिरहेका छैनन् ।

❑ **सामाजिक दायित्वबाट व्यक्तिलाई पर पन्छाउने भनेको व्यवहारिक अर्थमा के हो ?**

## निनु चापागाई

**साम्राज्यवाद** आफ्नो संस्कृतिमार्फत् हाम्रो देशमा हाम्रा नागरिकहरूलाई यस्तो स्वार्थी र व्यक्तिवादी बनाउन चाहन्छ, जसले पारिवारिक दायित्व पनि बोक्दैन, समाज, देश, संसारको बारे पनि सोच्दैन । केवल ऊ जनावर झैं बाँच्छ । साम्राज्यवादीहरूका उत्पादित सामानहरू किनिदिन्छ, खाइदिन्छ, लाइदिन्छ । तर न्याय, सत्य र उच्च मानवीय मूल्यहरूका बारेमा ऊ चिन्तित हुँदैन । पूँजीवादले विश्वमा शुरूशुरूमा आफैंले ल्याएको तार्किकता (rationalism) पनि नमान्ने, प्रगति, मानवमुक्ति आदि सबै कुरासंग वास्ता नभएको बेसरोकार मान्छे तयार गर्ने नियत साम्राज्यवादी संस्कृतिको रहेको छ । जम्मामा-साम्राज्यवाद आफ्नो शोषणका विरूद्ध जनचेतना नफैलियोस् भन्ने चाहन्छ । यसको निम्ति ठाडै दमन गर्दा टक्करको स्थिति पैदा हुने हुनाले ऊ घुमाउरो बाटो अप्नाउने कामलाई प्राथमिकता दिन चाहन्छ । यसको निम्ति आफ्नो शोषणमा परेका जनताहरूमा असल भावनाहरू उठ्नै नदिने, उठिहाले पनि त्यसलाई अन्तै मोडीदिने प्रयत्न आफ्ना संस्कृतिमार्फत् ऊ गरिरहेछ ।

नेपालमा यसको शुरूवात सुगौली सन्धिताकाबाट भएको थियो । यो बढ्ने प्रकृयामा २००७ पछि तीब्रता आयो । त्यसमा पनि २०१७ मा पंचायती व्यवस्थाको शुरूवातपछि यो ह्वात्तै बढेको पाइन्छ । यसको उदाहरण हामी नेपाली साहित्य क्षेत्रमा प्रत्यक्ष रूपले देख्न सक्छौं । हाम्रो साहित्यमा यसपछि अत्यन्त धेरै विकृतिहरू आयात भएका छन् । २०१९ देखि २०३० सम्मको आधुनिकतावादका सबैभन्दा ज्यादा खिचडी रूपहरू यहाँ त्यही अवधिमा भेटिन्छन् । आधुनिकतावाद अन्तर्गत व्यक्तिलाई सामाजिक यथार्थबाट पृथक राख्ने र उसका नितान्त निजी भावनाहरूलाई मात्र सन्तुष्ट गर्ने कोशिस यी विकृतिहरूमार्फत् गर्न खोजिएको पाइन्छ ।

## डा. चैतन्य मिश्र

**व्यक्तिलाई** सामाजिक दायित्वबाट पन्छाउने काम कसरी पनि भइरहेको छ भन्नेबारे एउटा उदाहरण म थप्न चाहन्छु ।

पश्चिमी वा पूँजीवादी संस्कृति अन्तर्गतको शिक्षालाई नै हेरौं । त्यहाँको शिक्षाको मुख्य जग भनेकै विज्ञान हो । तर पश्चिमेली शिक्षाले वैज्ञानिकहरूलाई पनि तटस्थ बस्नुपर्छ भन्ने धारणा दिँदैछ । वैज्ञानिकहरूले सामाजिक उत्तरदायित्व बोक्नु हुँदैन भन्ने धारणा पश्चिमेली शिक्षाले फैलाउँदैछ । पेशागत मानिसहरू राजनीतिबाट अलग्ग र तटस्थ बस्नुपर्छ भन्ने नारा त्यहाँ दिइँदैछ ।

बम बनाउने मात्र वैज्ञानिकहरूको काम हो, त्यसको प्रयोग गर्ने वा नगर्ने काम वैज्ञानिकहरूको होइन, त्यसको प्रयोगबारे निर्णय गर्ने काम त सरकार र सेनाको हो !- उनीहरू यस्तो धारणाको बिजारोपण शिक्षामार्फत् गर्दैछन् । त्यस्तै उनीहरू ज्ञान बुद्धि भएकाहरूको काम 'केवल व्याख्या गर्नु मात्र हो, निर्णय गर्नु होइन' भन्ने धारणा फिँजाउँदैछन् । यी धारणाले नागरिकलाई सामाजिक जिम्मेवारीबाट पर पन्छाउँछ । हाम्रै देशमा पनि शिक्षामा त्यसको सिको गर्ने काम भइरहेको छ ।

**वैज्ञानिकहरुले सामाजिक उत्तरदायित्व बोक्नु हुँदैन भन्ने धारणा पश्चिमेली शिक्षाले फैलाउँदैछ**

◆

## निनु चापागाई

**अहिलेको** साम्राज्यवादी संस्कृतिको एउटा पक्ष अमानवीकरण पनि हो । मान्छेलाई झन् झन् समाजप्रति जिम्मेवार, विवेकशील र जागृत बनाउनुको सट्टा समाजसंग मिल्न नसक्ने, एक्लो, पशुवृत्ति बढी भएको, अप्राकृतिक बनाउने काम यसले गरिरहेछ । कला र साहित्यमा मान्छेलाई विकृत पशु-मान्छेका रूपमा अगाडि ल्याउने काम भइरहेछ । नैतिक मूल्य र मान्यताप्रति केही मतलब नभएको, आफ्नो स्वार्थ र मोजमस्तीको लागि हिंसासमेत गर्न पछि नपर्ने अमानवीय पशु-मान्छे र उसको विकृत मनोदशाहरूलाई हाम्रा कला र साहित्यले, हाम्रा फिल्महरूले अगाडि ल्याउने र चित्रण गर्ने काम गरिरहेछन् । रेडियो, टि.भि., बजारू पत्रपत्रिकाहरू र फिल्महरू यसको निम्ति सशक्त माध्यम बनिरहेछन् । हलीऊडबाट बम्बै हुँदै यस्ता कलाकर्महरू हामीकहाँ भित्रिरहेछन् । यस्ता सामग्रीहरूको उपभोगबाट मान्छेहरूमा अमानवीकरण बढ्दो छ । हिंसा र पशुवृत्ति बढ्दो छ । हिजो सडकमा एउटा मान्छे गोलीले ढल्दा आन्दोलित हुने हाम्रो समाज आज बीसौंजना ढल्दा पनि आन्दोलित नहुने स्थिति यसैको परिणामस्वरूप पैदा भइरहेछ । बाल-बलात्कार यसै कारण बढिरहेछ ।


**अमानवीय पशु-मान्छे र उसका विकृत मनोदशा-हरुलाई हाम्रा कला र साहित्यले, फिल्महरुले अगाडि ल्याउने गरिरहेछन्**

## हरिगोविन्द लुईटेल

**बाठा र बलियाहरुले** लाटा-सिधा र निर्धाहरूलाई हातखुट्टा बाँधेर वा जीउ बाँधेर मात्र आफ्नो वशमा राखीराख्न सक्दैनन् । त्यसैले, उनीहरू ती लाटा-सिधा मान्छेहरूका दिमागहरूलाई पनि बाँधेर आफ्नो नियन्त्रणमा राखीराख्न चाहन्छन् । साम्राज्यवादीहरूले अरू मुलुकहरूमाथि सांस्कृतिक आक्रमण गर्नुको कारण पनि यही नै हो । साम्राज्यवादीहरू सेनाले, कूटनीतिक दवाबले वा आर्थिक निहुँ र उपायहरूले मात्र अरू मुलुकहरूलाई शोषण गरिराख्न सक्दैनन् । त्यो शोषण कायम राख्न उनीहरूले ती मुलुकहरूका जनताहरूलाई आफ्नै तरीकाले 'कन्भिन्स' पनि गराउन चाहन्छन् । आफ्नो पक्षमा यो कन्भिन्स गराउन साम्राज्यवादीहरूले प्रयोग गर्ने माध्यम नै हाम्रो निम्ति 'सांस्कृति-आक्रमण' बन्न पुग्छन् । उनीहरूको यो 'कन्भिन्स' गर्ने काम वास्तवमा 'ब्रेनवास' गर्ने काम हो ।

यो 'ब्रेनवास' दुई तरीकाले गरिन्छ । एक, शोषित देशका जनताहरूमा साम्राज्यवादीहरूलाई फाइदा पुग्ने खालको बुद्धि र विचारहरू फैलाएर । दुई, यस्तै खालका लत वा रूचीहरू उनीहरूमा पैदा गरेर ।

भारतमा अंग्रेज साम्राज्य कायम


गोविन्द भट्ट

**ज्ञान बुद्धि भएकाहरुको काम 'केवल व्याख्या गर्नु मात्र हो, निर्णय गर्नु होइन' भन्ने धारणा फैलाउनुपछाडिको नियत के ?**

# आज 'मन्दविष' फैलाइँदैछ, तर सित्तैमा हैन, नाफा खाएर !



निनु चापागाई

रहँदा 'साम्राज्यवाद' शोषक हैन, बरू यो त उदार र दयालु एवं महान् कुरा पो हो भन्ने सरासर झूठो र जाली मान्यतायुक्त विचार भारतीय जनतामा फैलाउन अंग्रेजहरूले गरेका प्रयत्नहरू यसका उदाहरणहरू हुन् । यस प्रयत्नको फलस्वरूप कतिपय भारतीयहरू त अझै अंग्रेजहरूलाई 'साहेब' र 'मेमसाहेब' भनी उनीहरूलाई 'मालिक' सरह ठानी आफूलाई 'तुच्छ' मान्ने हीनताबोधले ग्रस्त छन् ।

**कतिपय भारतीयहरु त अझै अंग्रेजहरुलाई 'साहेब' र 'मेमसाहेब' भनी आफूलाई 'तुच्छ' मान्ने हीनताबोधले ग्रस्त छन्**

अंग्रेजी नबोल्ने विद्वान समाजसेवीलाई भन्दा 'अंग्रेजी' बोल्ने टपरटुईया-हरूलाई 'ठूलो' मान्ने प्रवृत्ति भारतमा कायम छ । त्यो नेपालमा पनि छ । बेलायत-अमेरिकाभित्र गन्हाइसकेका विकृतिहरूलाई हूबहू पछ्याउँदा आफू 'ठूलो मान्छे' भएको ठान्ने 'हीनताबोध'को संस्कृति भारत, नेपाल वा अन्य पिछडिएका मुलुकहरूमा अझै कायम रहेको पाइन्छ ।

साम्राज्यवादले शोषित मुलुकका सोझा जनतालाई यसरी 'दास' मनोवृत्तिमा डुबाउने र बाठाटाठा केहीलाई दलाल बनाउने प्रयत्न सांस्कृतिक गतिविधिमार्फत् गर्दै आएको छ ।

रूचि वा लतसम्बन्धमा साम्राज्यवादको मोडेल हो- 'अफिमयुद्ध' । जनतालाई विभिन्न खालका अफिमको नशामा भुलाउन अर्थात् उसमा रहेको सोच्न सक्ने क्षमतालाई नै नष्ट गरिदिनु वा अन्यत्र भड्काइदिनू । खाऊ, पिऊ, नाँच, झुम, तर आफ्नो बारेमा, देशको बारेमा, राजनीतिको बारेमा पटक्कै नसोच । अत्यन्त व्यक्तिवादी बन । आपसमै मारामार गर । बस् !

अहिले पछिल्लो चरणमा आएर चाहिं साम्राज्यवाद यो व्यक्तिवाद सगैसंगै उपभोक्तावाद पनि फैलाउँदैछ । किनभने, अब साम्राज्यवादको उद्देश्य कुनै देशको सीमालाई हडप्नु हैन, त्यस देशको अर्थतन्त्रलाई चुस्नु, त्यसलाई आफ्नो बजार बनाउनु हुन पुगेको छ । खाऊ, लाऊ, मोज गर- त्यसको निम्ति हाम्रा उत्पादनहरू खरीद गर । स्याटलाइट टि.भि.-नेटवर्कहरू र पत्रपत्रिका, फिल्म आदिबाट आज यो मान्यता फैलाउन उनीहरू लागिपरिरहेका छन् । यी चीजहरू फैलाउने गीत, संगीत, फिल्म, पत्रिका, किताबहरू र अन्य बौद्धिक सामग्रीहरू पनि आज साम्राज्यवादीहरूका निम्ति सोझै ठूलो आर्थिक नाफाका बस्तु बनेका छन् । यसरी आज 'मन्दविष' फैलाइँदैछ । तर सित्तैमा हैन, नाफा खाएर फैलाइँदैछ ।

हाम्रो देशमा यो 'मन्दविष' को संस्कृति छिट्टै स्थापित किन हुँदैछ ?- किनभने, अन्ध-अनुकरण हाम्रो पुरानै प्रवृत्ति हो । हिजो हामी 'गौरवमय परम्परा'को नाममा यहाँका विकृतिहरूको अन्ध-अनुशरण गर्‍यौं । आज 'आधुनिकता' का नाममा अन्यत्रबाट आएका विकृतिहरूको अनुशरण गर्दैछौं । 'आलोचनात्मक चेतना' हाम्रो संस्कृतिको मूल चरित्र बनेन, हिजो पनि र आज पनि । त्यसैले साम्राज्यवादी सांस्कृतिक अतिक्रमण हामीकहाँ चर्को ढंगले सफल हुँदैछ ।

## निनु चापागाई

**यसैमा** मलाई केही कुरा थप्न मन लाग्यो । साम्राज्यवादले व्यक्तिवादी चिन्तन र व्यक्तिवादी सुख-सुविधाहरूलाई प्रश्रय दिँदै व्यक्तिलाई 'तिम्रो जीवनको सार यिनै सुखसुविधाहरू नै हुन् र तिमीलाई यो सुख सुविधा बेच्न हामी तयार छौं' भन्ने सन्देश आज विभिन्न तरीकाले दिइरहेछ । साना र हल्काफुल्का कुरालाई उठाउने तर गंभीर र ठूला कुरालाई किनार लगाइदिने, अनि पशुवृत्ति र यौन प्रवृत्तिलाई उछालीदिने काम उनीहरू गर्दैछन् । साम्राज्यवादीहरूको यो उपभोक्तावादी सस्कृतिलाई नेपालका सामन्त र पूँजीपतिहरू बाहेक ठूलो सख्यामा यहाँ रहेका निम्न पूँजीवादीहरू, जो सामान्यतः अवसरवादी हुने गर्छन, उनीहरूले पनि फैलाउन मद्दत गरिरहेका छन् ।

## गोविन्द भट्ट

**विभिन्न** चरणमा साम्राज्यवादीहरूले संस्कृतिको प्रचार गर्ने शैली फेरेका पनि छन् । शुरू-शुरूमा भारतमा संस्कृत शिक्षा हटाएर जबरजस्ती अंग्रेजी शिक्षा थोपरे जस्तै नांगो शैली उनीहरू आज अप्नाइरहेका छैनन् । सूक्ष्म र बडो खतरनाक ढंगले आज उनीहरू अघि बढ्दैछन् । सोभियत संघको अन्त भएकोबाट फाइदा उठाई उनीहरू 'अब समाजवाद असफल भयो' भन्दै 'अब हामीलाई चाहिने कुराहरू 'मानव अधिकार, प्रजातन्त्र र उदारीकरण हो' भन्ने रट लगाउन थालेका छन् । सुन्दा राम्रा लाग्ने यी नाराहरूमा उनीहरूले भनेको 'प्रजातन्त्र' वास्तवमा 'जनवादी प्रजातन्त्र'को विरूद्ध छ र यस्तै 'मानव अधिकार' पनि । उदारीकरण समेतको नाममा 'विश्व नै एउटा गाउँ हो' भनी उनीहरूले ल्याएको जाली तर आकर्षक नारा आजको राजनीतिक-सांस्कृतिक क्षेत्रमा उब्जेको ठूलो खतरा हो ।

## निनु चापागाई

**निश्चित** रूपमा भट्टजीले भन्नुभए जस्तै विश्वकै राजनैतिक र आर्थिक क्षेत्रमा विश्वसाम्राज्यवादका यी आकर्षक नाराहरू आइरहेका छन् । शुरूमा जब प्रजातन्त्रको विकास भएको थियो, पूँजीवादले प्रगतिशील भूमिका नै खेलेको थियो । त्यतिबेला पूँजीवादले भौतिकवादलाई अँगालेको थियो । तर अहिले यसले अध्यात्मवादसंग जोडिएको सामन्तवादी संस्कृतिसंग साँठगाँठ

"जाली तर आकर्षक नारा आजको राजनीतिक-सांस्कृतिक क्षेत्रमा उब्जेको ठूलो खतरा हो ।"



**अन्तर्क्रिया कार्यक्रमको एक दृश्य**

गरिरहेको छ । त्यसैलाई उनीहरू अहिले प्रजातन्त्र भन्दछन् । त्यस्तै गरी, मानव अधिकारका कुरालाई पनि उनीहरू त्यसरी नै ल्याइराखेका छन् । मानव अधिकारलाई उनीहरूको त्यस्त खाले प्रजातन्त्रसंग जोडियो भने त्यो मानव अधिकार हुने, तर सामाजिक न्यायसंग जोडियो भने चाहिं मानव अधिकार नहुने तर्कहरू अघि सारिएका छन् ।

दुःखको कुरा अझै के छ भने, आफूलाई वामपन्थी ठान्ने मान्छेहरू पनि यसमा फँसेका छन् । यसले गर्दा पनि साम्राज्यवादलाई हुर्कन र फैलन सजिलो भएको छ ।

## विमल फुँयाल

**निश्चितै** हो, लामो समयदेखि नै साम्राज्यवादीहरूको राजनैतिक र आर्थिक स्वार्थ पूरा गर्न नै सस्कृतिमा पनि साम्राज्यवाद पसिरहेको छ । तर विश्वमा साम्राज्यवादी संस्कृतिको प्रचार-प्रसार एकतर्फी रूपमा उनीहरूको पक्षबाट मात्र भएको जस्तो लाग्दैन । विभिन्न देशका शासकहरूले पनि त्यो संस्कृतिलाई आफ्नो देशमा भित्र्याउन सहयोग गरे । साम्राज्यवादी संस्कृतिसंग स्थानीय शासक वर्गको संस्कृति पनि समाहित हुँदै गइरहेको छ भन्ने मलाई लाग्छ । जस्तो कि, व्यक्तिवादी संस्कृति विशुद्ध रूपमा पश्चिमबाट मात्र आएको होइन । यहाँको सामन्तवादी संस्कृतिमा नै यसका केही बीज-रूपहरू थिए र त्यसबाट आज यो बढी हुर्कन सकेको हो । सबका सब खराब कुराहरू बाहिरबाट मात्रै आएका हुन् र यहाँ भएका सबै कुरा चाहिं असलै मात्र थिए भन्नुतिर पनि हामी जाने खतरा छ । यसो गर्दा वास्तविकताबाट टाढा होइने खतरा छ ।

## डा. चैतन्य मिश्र

**सांस्कृतिक** हिसाबले दोस्रो विश्वयुद्धअघिको साम्राज्यवाद र त्यसपछिको साम्राज्यवादमा के अन्तर आएको छ, म त्यसबारेमा केही कुरा थप गर्न चाहन्छु ।

दोस्रो विश्वयुद्धअघिको साम्राज्यवादमा प्रशस्त स्थानीय स्वायत्तता थियो । र, यो स्वायत्तता अर्थतन्त्रको क्षेत्रमा मात्र होइन, संस्कृतिको क्षेत्रमा पनि थियो ।

उदाहरणको निम्ति, तपाई बृटिश इण्डियालाई नै लिन सक्नुहुन्छ । त्यतिखेर शासन ब्रिटिशको भए पनि विभिन्न प्रान्तमा भूमिपतिहरूको, जमीन्दारहरूको आफ्नै खाले स्वायत्त-शासन थियो । त्यो स्वायत्तता अन्तर्गत आफ्नै धर्म, आफ्नै संस्कृति, आफ्नै भेषभूषा, आफ्नै चालचलन कायम गरिराख्ने स्वतन्त्रता थियो । मुश्लीमहरूका लागि भिन्नै कानून थियो, हिन्दूहरूका लागि भिन्नै ।

पृथ्वीनारायण शाहकै साम्राज्यवादलाई लिन हो भने पनि त्यतिखेर उनले किराँतहरूलाई, लिम्बूवानहरूलाई बेग्लै स्वायत्त शासन चलाउने स्वतन्त्रता दिएका थिए ।

यस हिसाबले हेर्दा, अहिलेको साम्राज्यवादको तुलनामा त्यतिखेरको साम्राज्यवाद हलुका साम्राज्यवाद थियो । र, त्यतिखेर साम्राज्यवाद अन्तर्गत पनि प्रशस्त सांस्कृतिक विविधताहरू थिए ।

तर, दोस्रो विश्वयुद्धपछिको साम्राज्यवादमा सांस्कृतिक विविधता झनपछिझन् खत्तम हुँदै जादैछ । यहाँ संस्कृतिको क्षेत्रमा एकल वर्गीकरण (Standardization) को प्रक्रिया प्रारम्भ भएको छ । एउटै कुरा रूचाउने, एउटै ढंगले सोच्ने, एउटै ढंगले बाँच्ने, एउटै कुरा खान लाउन मनगर्ने, एउटै कुरा उपभोग गर्न मनगर्ने- यस्ता खाले एउटै लेभलको, एउटै स्टेण्डर्डको मान्छे तयार गर्न खोज्दैछ, दोस्रो विश्वयुद्धपछिको साम्राज्यवाद । यसैलाई एकल-संस्कृति अथवा एकल-वर्गीकरण भनेर मैले भनेको हुँ ।

साम्राज्यवादको स्वार्थ नाफा र बजारको स्वार्थ हो । यसको लागि- एउटै रूचि भएको, एउटै खालको बस्तु खान, लाउन, उपभोग गर्न मन पराउने, एउटै ढंगले सोच्ने, बाँच्ने उपभोक्ता चाहिएको छ, साम्राज्यवादलाई । अझ एउटै ब्राण्डका कार, जीप, टेलिभिजन, रेडियो, रेफ्रिजेरेटर, कम्प्युटर खोज्ने उपभोक्ता तयार भयो भने अरू बेस । यही स्वार्थले दोस्रो विश्वयुद्धपछिको साम्राज्यवाद एकल-संस्कृति भएको, एउटै रूचि भएको स्टैण्डर्ड मान्छे तयार पार्न खोज्दैछ ।

म अमेरिका हुँदाको कुरा हो, म एउटा स्कूलमा गएको थिएँ । त्यहाँ एउटी मीसले ७, ८ वर्षको बच्चालाई प्रिन्सिपलको कोठामा तान्दै ल्याई र भनी- यो बच्चा असाधारण तवरले चकचके भएको छ । त्यसैले, यसलाई अरू विद्यार्थीहरूसंग एउटै कक्षामा राख्नु भएन; यसको र यस्ताको लागि अलग्गै कक्षाको प्रबन्ध गर्नु पर्‍यो । त्यो उमेरमा म पनि ऊभन्दा कम चकचके थिइनँ । त्यसैले, मैले झट्ट त्यसबेलाको आफूलाई सम्झन पुगें । तर यहाँ त्यस्तो वर्गीकरण गर्ने व्यवस्था त थिएन । त्यतिखेर विविधता स्वीकारिन्थ्यो ।



चित्र साभारः समकालीन तीसरी दुनियाँ

भन्नुको मतलब, हामीकहाँ अहिले पनि जुन ढंगको वैयक्तिक र सांस्कृतिक विविधता स्वीकारिन्छ, वास्तवमा त्यस्तो कुनै पनि औद्योगिक रूपले विकसित मुलुकमा स्वीकारिन्न । पहिलो विश्वयुद्धअघिको साम्राज्यवादमा जुन किसिमको स्थानीय स्वायत्तता र सांस्कृतिक विविधता स्वीकारिन्थ्यो, त्यो अहिलेको साम्राज्यवादमा भेटिन्न । अहिले मान्छेको संस्कृतिलाई वर्गीकृत (Standardize) गराउने प्रक्रिया चलेको छ । उही उही खालको मान्छे तयार गर्ने, उही उही खालको मान्छेलाई एउटा वर्गमा विभाजित गर्ने, त्यो स्कूले बच्चालाई विभाजित गरेजस्तो, यस्तो प्रक्रिया आजको साम्राज्यवादमा जारी छ ।

जस्तो- औद्योगिक मेशीनरी, हवाइजहाज, मोटरले उस्तैउस्तै खालको पाटपुर्जाको माग गर्छ, त्यस्तै औद्योगिक संस्कृतिले पनि उस्तैउस्तै खालको मान्छेको माग गर्छ । त्यसैले एकल-संस्कृति अथवा वर्गीकृत संस्कृति आजको साम्राज्यवादको अपरिहार्य विशेषता हो । आजको साम्राज्यवादको उत्पादन व्यवस्था नै यस्तै छ । यो उत्पादन व्यवस्थाले यस्तो एकल संस्कृति, वर्गीकृत संस्कृतिको माग गरेको छ । अहिलेको साम्राज्यवादी उत्पादन व्यवस्था एकाधिकारको विश्वव्यापीकरण हो । यही कुरा संस्कृतिमा पनि हुन लागेको छ । संस्कृतिमा पनि विश्वव्यापी एकल-संस्कृति, वर्गीकृत संस्कृतिको प्रक्रिया जारी छ ।

पहिले गाउँ ठाउँमा काममा जानुलाई मेला जानु भनिन्थ्यो । अर्थात्, काम भनेको मेलाजात्रा जत्तिकै रमाइलो कुरो थियो । र, थोरै काम गरे पनि आधारभूत आवश्यकता धान्थ्यो । मान्छेको आकांक्षा त्यति ठूलो थिएन । अहिले स्थिति बदलिएको छ । अब काम 'मेला' हुन छाडेको छ । काम अब एउटा 'बाध्यता' भएको छ । र, काम गरिखाने, अरू जीविकाको साधन नै नभएको, एउटा वर्ग नै तयार भएको छ । काम अब एउटा बिक्रीयोग्य बस्तु भएको छ ।

भौतिक स्थितिमा यो परिवर्तन सगसँगै मान्छेको संस्कृतिमा के के परिवर्तन आएको छ त ? कामलाई 'मेला' ठान्ने मान्छे र काम 'बाध्यता' भएको एउटा श्रमिकको संस्कृतिमा के के परिवर्तन आएको छ त ? यो पनि हामीले हेर्नु जरूरी छ ।

के कुरा मान्छेको आवश्यकता हो ? के कुरा आकांक्षा हो ? त्यो कुरामा अब भेद हुन छाडेको छ । पहिले मान्छे थोरै काम गर्थे, र पनि उनीहरूको आवश्यकता धानिन्थ्यो । उनीहरू खुशी थिए, किनभने उनीहरूको अरू धेरै आवश्यकता थिएन । अहिले धेरै काम गरेर पनि, आवश्यकता धानेर पनि मान्छे सुखी छैनन्, किनकि साम्राज्यवादले उनीहरूको आकांक्षा धेरै नै बढाइदिएको छ । अहिले कैयन् मानिसहरू आवश्यकता पूर्ति नभएर होइन, आकांक्षा पूर्ति नभएर गरीब भएका छन् ।

अब त भात खान नपाएर होइन, कोकाकोला खान नपाएर दुःखी र गरीब हुनेहरू झनपछि झन् बढ्दैछन् ।

साम्राज्यवादले अहिले उपभोक्तावाद बढाउँदैछ । त्यो भनेको उसले मान्छेको आकांक्षालाई असीमित रूपमा बढाइदिएको छ । 'यस्तो यस्तो बस्तु उपभोग गर्न पाए क्या सुखी होइन्थ्यो !'- यस्तो चाहना मान्छेमा बढाइ दिएको छ । आकांक्षालाई उसले आवश्यकता बनाउन कोशिस गर्दैछ, किनकि यस्तो भएपछि उसको वस्तुको उपभोग निकै बढ्छ । उपभोग बढेपछि नाफा बढ्छ ।

सारमा- साम्राज्यवाद अहिले उपभोगको संस्कृति बढाउँदैछ, बजारको संस्कृति बढाउँदैछ । संस्कृतिको वर्गीकरण गर्दैछ । एकल-संस्कृति बढाउँदैछ ।

(बाँकी अर्को अंकमा)

**अब त भात खान नपाएर होइन, कोकाकोला खान नपाएर दुःखी र गरीब हुनेहरु झनपछि झन् बढ्दैछन्**

**कामलाई 'मेला' ठान्ने र काम 'बाध्यता' भएको एउटा श्रमिकको संस्कृतिमा के फरक आएको छ त ?**

# फुर्सदको समय

चन्द्रदेव नेपाली

## "काम नगर्ने तर ओभरट्याम भत्ता खान खोज्ने" प्रवृत्ति कहिले हट्ने ?



**काठमाडौं शहरको केन्द्रबाट दश बाह्र किलोमिटर टाढा जुनसुकै दिशामा गएर पनि हेर्न सक्नु हुनेछ । प्रमाण तपाई स्वयं पाउनु हुनेछ ।**

❑ **'काम केही पनि छैन, दिक्क लागिरहेछ । ल्याऊ ल्याऊ साइला एक कप चिया !'**

-यो व्यक्ति काठमाडौं शहरनेरको एउटा गाउँको अधबैंशे व्यक्ति हो । यो व्यक्तिको घरमा बिहान चारै बजेदेखि उठेर महिलाहरू घर-गोठको काम गरिरहेका हुन्छन् । धारा-पँधेराको काम गरिरहेका हुन्छन् । यो व्यक्ति सात बजेतिर उठ्छ र गाउँको दोबाटोको चिया पसलमा दुई घण्टा गफ चुटेर बस्छ । तीन कपसम्म चिया खान्छ, अनि 'खाना किन चाँडो नपकाएको ?' भनी घरमा तिनै महिलाहरूलाई गाली गर्न पुग्छ । दिनभर पनि केही काम हुन्न । तास खेल्ने र खाल कुर्ने वा गाउँलेहरूको कुरा काटेर दिन कटाउने काम उसको हुन्छ ।

यो वास्तविकता हो । तपाई यो कुरा पत्याउनु हुन्न भने काठमाडौं शहरको केन्द्रबाट दश बाह्र किलोमिटर टाढा जुनसुकै दिशामा गएर पनि हेर्न सक्नु हुनेछ । प्रमाण तपाई स्वयं पाउनु हुनेछ ।

❑ शहर बजारमा मानिसहरू अलि बढी व्यस्त छन् । तर पनि त्यहाँ पनि यसरी नै फुर्सद मनाउनेहरू प्रशस्त पाइन्छन् ।

-आमा, दिदी, बहिनीहरूलाई 'दास' सरह बनाएर, आफ्ना कामहरूमा जोताएर, भाँडा, लुगा, भान्छा आदिको सारा कामको बोझ थोपरेर साथीकहाँ गएर गफ चुट्ने, क्यासेट सुन्ने वा भिडियो हेर्ने वा लखरलखर गल्लीमा घुम्ने युवाहरू त्यहाँ थुप्रै पाइन्छन् ।

**'काम छैन, क्या बोर यार ! सुत्दा सुत्दा दिक्क लागेर तिमीकहाँ आएको !'**- साथीलाई यसो भन्ने तन्नेरीले आफू घरमा आरामले दिउँसो सुतिरहँदाको त्यही क्षणमा दिदी वा बहिनी वा श्रीमती वा भाइ-बुहारी वा भाउजूलाई आफ्ना लुगा धुने काममा जोताइरहेको हुन्छ । परीक्षाको समय, बिरामी भएको बेला वा हतारो परेको बेला- केही नभनी उनीहरू काममा जोतिइरहेका हुन्छन् ।

❑ शहरमा अचेल राति अबेरसम्म रेष्टुराँमा बसेर रक्सी-मासु खानेहरूको संख्या ठूलो छ । घरमा भात पाकिरहेको हुन्छ, त्यतिखेर सयौं रूपियाँ रेष्टुराँमा खर्च गरेर, उडाएर घरमा आएर घरखर्च माग्ने आमा वा श्रीमतीलाई कुट्ने खन्चुवाहरूको संख्या यहाँ दिनदिनै बढ्दैछ । राति बाह्र बजे घर पुग्ने र त्यसरी ढिलो घर पुग्नुलाई ठूलो 'पराक्रम' मान्नेहरू पनि शहरमा थुप्रै छन् ।

यी सबलाई 'बोर' लागिरहेको हुन्छ । र, यिनीहरू आफूलाई निकै फुर्सदमा भएको घोषणा पनि गर्छन् । **"अहिले साँझ छँदैमा घर गएर के गर्नु ?"**- उनीहरूको भनाइ यही हुन्छ ।

❑ पहाडी गाउँघरहरूमा पनि समस्या यस्तै छ । स्वरूप मात्र केही फरक छ । दिनभर तास खेलिने अखडाहरू, भट्टी पसलहरू, चिया पसलहरू, भाजाँका अखडाहरू आदिमा धेरै मानिसहरूको समय बितिरहेको हामी प्रष्टै देख्छौं । तराईका गाउँहरूमा जनजीवन अलि बढी जटील भएकोले श्रमिकहरू काम खोज्नतिरै लागेका पाइन्छन् भने निम्नमध्यम वर्गदेखि माथिकाहरूको प्रवृत्ति भने पहाडी भेकका अल्छीहरू र ऐयाशीहरूको भन्दा ज्यादा भिन्न छैन ।

जम्माजम्मीमा भन्ने हो भने, हामी नेपालीहरूको फुर्सदको समय ज्यादाजसो बेकारमा बितिरहेछ, हानीकारक कुराहरूमा बितिरहेछ । यो कुनै भौतिक सर्वेक्षण गरेर निकालिएको निचोड अवश्य नै हैन । तर सर्वेक्षणबिना नै पनि हामीले देखे, बुझे, जानेका आधारमा यो प्रवृत्तिलाई हामी सहजै अनुभव गर्न सक्छौं ।

आय-आर्जनसंग सम्बन्धित रोजगारीका अवसरहरू कम छन्, बेरोजगारी छ । हाम्रो समाजको यो विशेषतालाई यहाँ बेवास्ता गर्न खोजिएको बिलकूलै हैन । हो, बेरोजगारी यहाँको ठूलो समस्या हो । तर सांस्कृतिक पक्षमा हेर्ने हो भने- यहाँको समस्या कामचोर प्रवृत्ति र अल्छी प्रवृत्ति पनि हो । यही प्रवृत्तिले पनि फुर्सदको सिर्जना गरिरहेछ र त्यो नोक्सानदायी कुराहरूमा बितिरहेछ, बेफ्वाँकमा बितिरहेछ ।

-अन्यत्र काम नभए घरको काममा सहभागी हुन त सकिन्छ नि !

तर पुरूषप्रधान सामन्ती अहंको आडमा यहाँ अल्छीहरू, गफाडीहरू आफूलाई कामबाट पृथक राख्छन् । सृजनात्मक रूपमा आफैंले कामहरू खोज्ने, सीपहरू खोज्ने र मिहेनत गर्ने संस्कृति यहाँ कायम हुनै नसकेको देखिन्छ । सामन्तहरूले फैलाएको मान्यता अनुसार **"मस्तसंग बसी बसी खान पाउनु"** नै यहाँ मान्छे 'ठूलो' हुनुको पर्याय मानिन्छ ।

-हरेक बिहान घरमा आफ्ना केटाकेटीहरूलाई उनीहरूको पढाइमा मद्दत गर्ने काम समेत नगरी टोलटोल चाहारेर चिया खाँदै हिँड्ने कथित प्रबुद्ध बाबुहरू पनि यहाँ थुप्रै छन्, जो जब तिनै छोरा वा छोरी परीक्षामा फेल हुन्छन्, तब तिनलाई जंगली पाराले कुट्ने गर्छन् ।

-फुर्सदको बेलामा आफूले जुवा खेल्न सिकाएर, पछि छोराहरू जुवाडे हुन गएकोले घरमा गाग्री-कसौडी पनि बाँकी नरहेको गुनासो गर्ने घरमूली बाबुहरू पनि यहाँ प्रशस्त छन् ।

अशिक्षित व्यक्तिहरूको कुरा मात्र हैन यो । शिक्षित व्यक्तिहरूमा समेत यो समस्या झन् जटील रूपमा रहेको पाइन्छ । जुवा र जाँडका नयाँ स्वरूपहरूमा उनीहरू पनि डुबेर 'गौरवान्वित' हुन चाहन्छन् ।

खासगरी, रातारात करोडपति बन्ने सपना बोकेर भुइँफुट्टा पूँजीपतिहरूले फैलाएको संस्कृति बोकेर उनीहरू सानातिना कामलाई त काम नै गन्दैनन् । धेरै समयसम्म उत्पादनमूलक काम पटक्कै नगर्ने र थोरै समयमै तस्करी गरी रातारात अल्याख कमाउने दाउमा बस्ने काम उनीहरू गर्छन् । अफिसका कतिपय र अधिकांश कर्मचारीहरू पनि बरू फुर्सदै फुर्सदमा गफ गरेर बस्ने गर्छन्, तर जनताको काम समयमा नगरिदिने गर्छन् । प्रायः घूस खानलाई यस्तो गर्ने गरिन्छ । अफिस टाइममा दिनभर गफ चुटेर बस्ने वा व्यक्तिगत काम गर्न हिँड्ने, फिल्म हेर्न जाने आदि गरेर साँझको ओभरट्याम भत्ता खानेहरू पनि यहाँ धेरै पाइन्छन् ।

यो "काम नगर्ने तर ओभरट्याम भत्ता खान खोज्ने" प्रवृत्ति राजनीतिक रूपले सचेत भनिएका हामी प्रगतिशीलहरूमा पनि विद्यमान देखिएको छ ।


-यति धेरै सामाजिक कामहरू छन्- जनतामा जाने, संगठित गर्ने, आफू सचेत बन्ने, अरूलाई सचेत गराउने, पढ्ने, पढ्न लगाउने, भेला-छलफलको आयोजना गर्ने, अन्तर्क्रिया गर्ने, विचारमा प्रष्ट हुने, बेठीकका विरूद्ध संघर्ष उठाउने, समाजसेवाका कामहरू गर्ने आदि आदि थुप्रै कामहरू गर्न छोडेर जुवाको खालमा वा भट्टी पसलमा वा चिया पसलको गफाडी भेलामा झुम्मिनेहरूमा हामी प्रगतिशील भनिनेहरू पनि थुप्रै छौं । हामीले देखिरहेका छौं- हाम्रो आन्दोलनभित्र केही व्यक्तिहरू अत्यन्त सक्रियतापूर्वक खटिरहनु भएको छ । उहाँहरूलाई खाने, सुत्नेसम्मको फुर्सद पनि छैन । तर त्यही समयमा हामीहरू चाहिं यता र उता हल्लिएर हिँड्छौं ।

-पन्ध्रौं वर्ष आन्दोलनमा लागेको भैसक्यो तर मार्क्सवादको कुनै सरल पुस्तक पनि एकपल्ट अध्योपान्त नपढेका, माओ वा लेनिन वा गंगालालका जीवनी नपढेका, पल्लो जिल्लासम्म पनि नपुगेका, आफैंले खटेर कुनै संगठनको कुनै इकाई नचलाएका, यस्ता 'वरिष्ठ' कार्यकर्ताहरू आफूलाई "फुर्सदै नभएको" विषयमा हरेक दिन तीन-तीन घण्टा गफ गरेर समय नष्ट गरिरहेछन् ।

समयको सदुपयोग गर्ने र फुर्सदको समयको सर्वोत्तम उपयोग गर्नेतर्फ हामीले मूर्त रूपले सोच्नु र उपाय खोज्नु जरूरी छ कि छैन ? हामीले ती अल्छी र हुस्सूहरूलाई कसरी यसबारे सचेत गराउने ? विचारणीय विषय बनेको छ ।

यस्तो देखिन्छ- हाम्रो नेपालको दुर्गतिको एउटा मुख्य कारण- हाम्रो बेफ्वाँकमा फुर्सद बिताउने ढंग हो । प्रगति गर्ने हो भने, यो ढंग हामीले बदल्नै पर्छ । हाम्रो फुर्सदलाई कुनै न कुनै उत्पादनशील वा उपयोगी काममा लगाउनै पर्छ । ❑

# स्विट्जरलैण्डको अद्भूत विकासको रहस्य



*◇ दुई तिहाई भाग पहाडै पहाडले भरिएको नेपालजस्तै पर्वतीय देश स्विट्जलैण्ड !*


*◇ आफ्नो कुनै कच्चा पदार्थ नै नभएको, सबै कच्चा पदार्थको निम्ति अरु देशको मुख ताक्नु पर्ने मुलुक स्विट्जरलैण्ड !*

*◇ समुद्रसम्म पुग्ने कुनै बाटो नै नभएको नेपालजस्तै भूपरिवेष्ठित मलुक स्विट्जरलैण्ड !*

*◇ केवल ६७ लाख जनसंख्या भएको, नेपालभन्दा पनि साँढे तीनगुणा सानो मुलुक स्विटजरलैण्ड ।*

*◇ आजभन्दा डेढसय वर्षअघिसम्म कृषि-प्रधान, तर खानै नपुगेर अनिकाल परिरहने देश स्विटजरलैण्ड ।*

**स्विट्जरलैण्ड** यसरी धेरै हिसाबबाट नेपाल जस्तै, र अझ नेपालभन्दा पनि प्रतिकूल स्थिति भएको देश देखिन्छ । तथापि, यसले गरेको प्रगतिले विश्वलाई नै छक्क पारिदिएको छ । अहिले विश्वकै सबैभन्दा विकसित दशवटा देशहरूको एउटा लिष्ट उतार्ने हो भने स्विटजरलैण्डको नामबिना त्यो लिष्ट नै पूरा हुँदैन । संसारको सबैभन्दा धेरै प्रतिव्यक्ति राष्ट्रिय आय भएको विश्वका पाँचवटा मुलुकको नाम लिने हो भने पनि स्विटजरलैण्ड तिनीहरूमध्ये समेत एउटाको रूपमा आउँछ ।



हामी नेपाल भूपरिवेष्ठित देश भएको हुनाले, विकट पहाड-पर्वतहरूले भरिएको देश हुनाले, आफ्नो देशमै कच्चा पदार्थ नभएको देश हुनाले, निकै सानो आन्तरिक बजार भएको देश हुनाले यसले औद्योगिक प्रगति गर्न सकेन भनेर आफ्नो चित्त बुझाउँदैछौं । तर यी सबै प्रतिकूलता र तगाराहरू स्विटजरलैण्डमा पनि देखिन्छन् । यी सबैका बावजुद उसले कसरी आश्चर्यजनक आर्थिक-सामाजिक विकास गर्न सक्यो त ? के हो उसको तीनछक्क पार्ने प्रगतिको रहस्य ? किन छेकेनन् नेपाललाई छेकेको भनिएका तगाराहरूले उसलाई ?

स्विटजरलैण्ड त्यस्तो उदाहरण हो, जसले प्रष्टै देखाइदिएको छ- भूपरिवेष्टित हुनु, आफ्नो देशमै कच्चा पदार्थ नहुनु, विकट भौगोलिक परिस्थिति हुनु र सानो मुलुक हुनु नै विकास नहुनुको मुख्य कारण होइन । विकास नहुनुको प्रमुख कारण अर्कै छ र त्यो स्विटजरलैण्डको अनुभवले उदाँगै देखाइदिएको छ ।


त्यो अनुभव के हो त ? के हो स्विटजरलैण्डको अदभूत विकासको रहस्य ?

हाम्रो आजको मुख्य अध्ययनको विषय नै यही हो ।

स्विटजरलैण्ड आजभन्दा डेढसय वर्ष अगाडिसम्म बसाई सर्नेहरूको मुलुक थियो । उन्नाइसौं शताब्दीको आधाआधीसम्म लगभग ६० प्रतिशत जनता खेतीमा आश्रित थिए । तर खेतीले पूरै जनतालाई ख्वाउनै सक्दैनथ्यो । समय समयमा त्यहाँ अनिकाल परिरहन्थ्यो । खेतीबाहेक अर्को उद्यम थियो- कुटीर उद्योग र शिल्पकला, जुन मुख्यतयाः घडी उत्पादन र लुगा बुन्ने कामसंग सम्बन्धित थियो । त्यो विकसित त थियो तर त्यसले पनि स्विस नागरिकहरूमध्ये धेरैको जीविका धान्दैनथ्यो । त्यसैले, काम र जीविकाकै निम्ति थुप्रै स्विसहरू विदेशिन्थे, बसाइँ सर्थे ।

## शुरुवात

स्विटजरलैण्डको यो नियतिमा आमूल परिवर्तन आउन थाल्यो, सन् १८५० वरपरबाट ।



लामो जनसंघर्षपछि सन् १८४८ मा त्यहाँ क्याप्टन (भारतको राज्य जस्तै) र कम्युन (हाम्रो नगरपालिका र गाविसजस्तै) हरूलाई व्यापक नीति निर्णय गर्ने स्वायत्तता-सहित स्विटजरलैण्डलाई खुकुलो संघबाट एउटै सबल र एकीकृत संघीय गणतन्त्रमा बदल्ने प्रजातान्त्रिक संविधान बन्यो । जनताले यो पूँजीवादी संविधानबाट बोल्ने, लेख्ने, निजी संपत्ति राख्ने, जहाँसुकै जान पाउने, व्यवसाय गर्न पाउनेजस्ता व्यापक नागरिक अधिकार प्राप्त गरे ।

हिंसात्मक बलद्वारा गरिएको यो पूँजीवादी प्रजातान्त्रिक क्रान्तिले स्विटजरलैण्डमा कुलीनतन्त्र अथवा सामन्तवादका अवशेषहरूलाई स्वाहा पार्ने काम गर्‍यो । यसले पूँजीवादको बेरोकटोक विकासको निम्ति ढोका खोल्यो ।

सन् १८७४ मा जनसंघर्षद्वारा स्विस संविधानमा अर्को ठूलो हेरफेर भयो । यो हेरफेरबाट एउटा साधारण बालिग जनताले पनि संविधान र कानूनमै हेरफेर गर्नका लागि 'पहलकदमी' गर्न पाउने भयो । संविधानले तोकेजति संख्यामा बालिग जनताको हस्ताक्षर जुटाएर जोकसैले पनि संविधान संशोधनको माग गर्‍यो भने सरकारले त्यो प्रस्तावको बारेमा अनिवार्य रूपमा 'जनमत संग्रह' गराउनु पर्ने भयो । साथै, सरकारले ल्याउने कुनै पनि विधेयक, कानून, अध्यायदेश र कर प्रस्तावका विरूद्ध पनि जनताले यही प्रक्रियाद्वारा 'जनमत संग्रह'को माग गर्न पाउने भयो । संविधानको यो पटकको हेरफेरले स्विटजरलैण्डलाई एउटै एकल आर्थिक इकाईमा पनि बदल्ने कार्य गर्‍यो, जुन पहिले थिएन ।

स्विस संविधानमा भएका यी दुई हेरफेरले स्विस जनतालाई हरेक नीति निर्णय-प्रक्रियामा व्यापक रूपले सहभागी हुने, आलोचनात्मक हस्तक्षेप गर्ने हक प्रदान गर्‍यो । क्याण्टन र कम्युनहरू धेरै हदसम्म नीति-निर्णयमा अधिकारसम्पन्न र स्वायत्त भए । उनीहरूको आफ्नै संविधान, कानून र करप्रणालीसमेत हुन सक्ने भयो । स्विटजरलैण्डमा भएका चारैवटा भाषाभाषीहरू समान रूपले अधिकारसम्पन्न भए । चारैवटा भाषाले राज्यभाषाको दर्जा पाए ।



स्विटजरलैण्डमा भएको यो प्रजातान्त्रिक क्रान्तिले त्यहाँका जनतालाई शक्तिसम्पन्न पार्ने र उत्पादक शक्तिहरूलाई मुक्त पार्ने कार्य गर्‍यो । देशमा अभूतपूर्व राजनीतिक एकता र स्थिरता ल्याउने काम गर्‍यो । जनताको सिर्जनशील क्षमतालाई यसले उजागर गर्ने प्रशस्त अवसर दियो ।

यही बेला र यही पृष्ठभूमिमा स्विटजरलैण्डमा औद्योगिक र प्राविधिक क्रान्ति शुरू भयो- उन्नाइसौं शताब्दीको आधाआधीबाट । सर्वप्रथम, यो पूर्वी स्विटजरलैण्डमा टेक्सटाइल उद्योगबाट शुरू भयो । टेक्सटाइल उद्योगले प्रशस्त जलविद्युत शक्तिको माग र आपूर्ति गर्‍यो । खोलाकै छेउतिर यी उद्योगहरू स्थापित भए, ताकि- नजिकैको खोलाबाट सस्तोमा बिजुली पाउन सकियोस् । अर्कोतिर, टेक्सटाइल उद्योगमै आधारित भएर स्विटजरलैण्डमा सर्वप्रथम मेकानिकल इंनिजनीयरिङ उद्योग शुरू भयो । साथसाथै, कपडा रंगाउने प्रयोजनका लागि रासायनिक उद्योग पनि । अहिले मेशिन उद्योग र रसायन उद्योगमा स्विटजरलैण्ड विश्वमै जेठो पंक्तिमा आउँछ । तर त्यसको शुरूआत टेक्सटाइल उद्योगबाटै भएको थियो ।

सन् १८५० देखि १८८० सम्ममा स्विटजरलैण्डमा औद्योगीकरणकै आवश्यकताले दुई वटा नयाँ सेवा उद्योगहरू खुले- बैंक र बीमा उद्योगहरू । आजका धेरैजसो ठूला बैंक र बीमा कम्पनीहरू त्यतिखेरै स्थापित भएका थिए । यी उद्योगहरूको स्थापनाले स्विटजरलैण्डको व्यापक औद्योगीकरणको लागि ठूलो मात्रामा पूँजी जुटाउने कार्य गर्‍यो । स्विटजरलैण्डमा भएको राजनीतिक स्थिरता र स्विस बैंकहरूको अपूर्व गोपनीयता-व्यवस्थाले गर्दा ठूलो मात्रामा विदेशी पूँजी पनि स्विस बैंकहरूमा ओइरिन थाल्यो । स्विस बैंकहरूमा र बीमा कम्पनीहरूमा जम्मा भएको अपार बित्तीय पूँजी एउटा त्यस्तो स्रोत बन्यो, जसले स्विटजरलैण्डलाई सबैभन्दा विकसित औद्योगिक राष्ट्रको रूपमा बदल्न ठूलो साधनको रूपमा काम गर्‍यो ।

औद्योगिक वस्तु स्वदेशी र विदेशी बजारसम्म पुर्‍याउनु पर्ने आवश्यकताले उन्नाइसौं शताब्दीको अन्तबाट स्विजरलैण्डमा सडक र रेलवेको व्यापक विस्तार गरियो । उद्योगहरू भएका गाउँ-गाउँसम्म रेल र सडक पुर्‍याउन थालियो ।

यिनै सब कुराहरू हुन्- जसले पुरानो स्विटजरलैण्डको कायापलट गर्न शुरू गर्‍यो । एकातिर, राजनीतिक क्रान्तिमार्फत् एकीकृत तर विकेन्द्रीत

स्वायत्त जनसत्ता, अर्कातिर, औद्योगिक र प्राविधिक क्रान्तिमार्फत् औद्योगीकरण, ग्रामीण-औद्योगीकरण, बिजुलीकरण र सडकीकरण र अर्कातिर उन्नत बीमा र बैंक व्यवस्थामोर्फत् अपार वित्तीय पूँजीको संकलन ! यिनै तीनवटा तत्त्व हुन्- जसमार्फत् स्विटजरलैण्डले सारा प्रतिकूलताका बावजूद आफूलाई उन्नत औद्योगिक देशका रूपमा उभ्याउन प्रारम्भ गऱ्यो । तर यो उसको शुरूवात मात्रै हो । उसको अद्भूत विकासको रहस्य यतिमै सीमित देखिन्न ।

## विशेष उपायहरु

स्विटजरलैण्डसित आफ्नो कुनै कच्चा पदार्थ नै थिएन । त्यसैले, बाहिरबाट कच्चा पदार्थ आयात गर्नु र आफूले तैयारी सामान बनाएर बेच्नुसिवाय ऊसित अर्को कुनै विकासको बाटो नै थिएन । तर यसो गर्दा स्विटजरलैण्डको समस्या के हुन जान्थ्यो भने- उसले अरू यूरोपेली देशको तुलनामा सस्तो सामान उत्पादन गर्नु संभव थिएन । के गर्ने ? कसरी उनीहरूसित प्रतिस्पर्धा गर्ने ?

यो समस्याबाट पार पाउन स्विटजरलैण्डले गजबको निकास निकाल्यो । त्यो उपाय हो- मोलमा होइन, गुणस्तरमा प्रतिस्पर्धा ! सस्तो होइन, राम्रो सामान ! एक नम्बर क्वालिटीको सामान, सबैभन्दा आधुनिक प्रविधिको प्रयोग ! यसैलाई स्विटजरलैण्डले आफ्नो विकासको जादूगरी सूत्रको रूपमा अप्नायो । उसले यसरी सस्तो सामान निकाल्ने सवालमा प्रतिस्पर्धा नै गरेन । उसले अन्यत्र नपाइने, निकै विशिष्ट प्रविधि र उच्च सीप चाहिने, सारै भरपर्दो र राम्रो गुणस्तरको सामान निकाल्ने कुरामा शुरूदेखि नै जोड दियो । यसैद्वारा उसले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने रणनीति अप्नायो ।

उसको यो सूत्र बजारमा निकै प्रभावकारी भयो । चाहे घडी होस् या अर्को कुनै मेशिन, कफी होस् या दूध, अत्तर होस् वा रंग- प्रत्येक स्विस उत्पादनले अन्तर्राष्ट्रिय बजार पिट्यो ।

त्यसमाथि थप, स्विटजरलैण्डले आफ्नो औद्योगिक उत्पादनमा दुईटा थप विशेषता पनि जोड्यो । एउटा, हमेशा नयाँ नयाँ मोडेलका वस्तुको उत्पादन । अर्को, बिक्रीपछि मेशीनरी वस्तुमा अति राम्रो मर्मत/ पार्टपूर्जा व्यवस्था ।

हमेशा नयाँ नयाँ, अत्याधुनिक प्रविधिको एक नम्बर गुणस्तरको सामान निकाल्नु कुनै ठट्टा होइन । यो अति कठीन चुनौती हो । यो चुनौतीलाई सामना गर्न स्विटजरलैण्डले दुइटा कुरामा विशेष ध्यान दियो । एउटा, अति दक्ष जनशक्तिको उत्पादन र बाहिरबाट आउने अति दक्ष जनशक्तिलाई स्विस अर्थतन्त्रमा स्वागत र समाहित गर्ने व्यवस्था । अर्को, अनुसन्धान र विकासमा निकै ठूलो धनराशीको लगानी ।

अहिले स्विटजरलैण्डको ३२ लाख श्रमिकहरूमध्ये १८ प्रतिशत श्रमिकहरू बाहिरका छन् । इटाली, स्पेन, जर्मनी, फ्रान्सका थुप्रै दक्ष जनशक्तिहरू स्विटजरलैण्डमा कार्यरत छन् । भनिन्छ, बाहिरबाट आएका यी दक्ष जनशक्ति नभएको भए स्विटजरलैण्डको यति तीव्र औद्योगिक र प्राविधिक विकास संभव हुने थिएन । स्विटजरलैण्डको विश्व-प्रसिद्ध घडीको उत्पादन नै १६ औं शताब्दीको अन्ततिर जेनेभामा भागेर आएका ह्युगोनट शरणार्थीहरूले शुरू गरेका थिए । र, दोस्रो विश्वयुद्धको दौरानमा र त्योपछि त स्विटजरलैण्डमा विदेशी दक्ष जनशक्तिको ओइरो नै लागेको थियो । यो ओइरो अहिले स्विटजरलैण्डमा मन्दीको कारणले घट्दैछ । थप, स्विटजरलैण्डका करिब ५ लाख जनसंख्या देशबाहिर छन् । र, थुप्रै संख्यामा हरेक वर्ष देश बाहिर घुम्न निस्कन्छन् । तिनीहरूमार्फत् पनि बाहिरको अत्याधुनिक प्रविधि स्विटजरलैण्डले आफ्नो देशमा भित्र्याइरहेको छ ।

यसबाहेक, अनुसन्धान र विकासमा स्विस सरकारले वर्षेनी निकै ठूलो धनराशी खर्च गरिरहेछ । सरकारले कूल घरेलु उत्पादनको ३ प्रतिशत रकम त यही एउटा क्षेत्रमा मात्र खर्च गरिरहेछ । अझ यसको तीनगुणा बेसी रकम निजी क्षेत्रले अनुसन्धान र विकासको निम्ति खर्च गरिरहेछ । भनिन्छ, अनुसन्धान र विकासको कुल खर्चमध्ये चार भागमा तीन भाग रकम निजी क्षेत्रले व्यहोरिरहेछ ।

यही उपायबाट स्विटजरलैण्ड विश्व-बजारमा टिकिरहेको देखिएको छ । सस्तो सामानमा उसले प्रतिस्पर्धा गरिरहेको छैन, राम्रो सामानको उत्पादनमा उसले प्रतिस्पर्धा गरिरहेको छ ।

अहिले स्विट्जरलैण्डको सबैभन्दा ठूलो उद्योग भनेको मेशिनरी निर्माण र धातुमा आधारित उद्योग हो । यही एउटै क्षेत्रले स्विटजरलैण्डको कुल निर्यातको ४५ प्रतिशत थैली ओगट्छ । र, लगभग आधा-आधी श्रमिकहरू यही क्षेत्रमा काम गर्छन् । स्विटजरलैण्डमा मेशिनहरू सस्ता छैनन् । तर तिनीहरू धेरै नै भरपर्दा र राम्रा छन्, तिनीहरू ग्राहकको इच्छा मुताबिक छन् र तिनीहरूको बिक्रीपछिको सेवामर्मत व्यवस्था धेरै राम्रो छ- यही तीनवटा प्रभावका आधारमा स्विटजरलैण्ड विश्व-बजारमा प्रतिस्पर्धा गर्न सर्न खोजिरहेछ र सकिरहेछ । रेल्वे इन्जिनदेखि एक ग्रामको दश लाख भागसमेत ठीक ठीक सित नापजोख गर्ने मेशिनसमेत यही 'ब्रैण्ड प्रभाव' का आधारमा स्विटजरलैण्डले बिक्री गरिरहेको देखिएको छ ।

स्विटजरलैण्डको दोस्रो ठूलो उद्योग रासायनिक र ओखती उद्योग हो, जसले कुल निर्यातको २१ प्रतिशत भाग समेट्छ । स्विस अत्तर उद्योग र खाद्य पदार्थको रंगसम्बन्धी उद्योग बहुराष्ट्रिय कम्पनीको स्तरसम्म माथि उठिसकेको देखिएको छ । विश्वका हरेक बजारमा जेनेभाका यी दुई उत्पादनहरूले एकाधिकार जनाइरहेछन् । स्विस रंग विश्वमै उच्चकोटिको मानिन्छ र रंग उद्योगमा स्विटजरलैण्ड विश्वकै अग्रपंक्तिमा देखिएको छ । त्यस्तै, ओखती र कृषि रासायनिकहरूमा पनि ।

घडी उद्योग स्विटजरलैण्डको पर्याय नै भइसकेको देखिएको छ । सही समय, उच्च गुणस्तर र राम्रो मर्मत-व्यवस्थाको निम्ति स्विस घडी सत्रौं शताब्दीदेखि नै विश्वमै सर्वोच्च कोटीको उत्पादन मानिन्छ । विश्वको पहिलो क्वार्ज घडी स्विटजरलैण्डकै उत्पादन हो । घडीको निर्यातबाट मात्रै उसले वर्षको करीब ५ अरब स्विस फ्रैंक बराबरको आम्दानी गर्छ ।

स्विटजरलैण्डको चौथो ठूलो उद्योग हो- टेक्सटाइल र लुगाफाटाको उत्पादन । करिब चार अरब फ्रैंक बराबरको निर्यात व्यापार उसले यही क्षेत्रबाट गर्छ ।

स्विटजरलैण्डको निम्ति अब कृषि मुख्य पेशा हुन छाडेको छ । लगभग ४ प्रतिशत जनसंख्या मात्र अब कृषिमा आश्रित छन् । र, कृषिले कुल राष्ट्रिय आयको तीन प्रतिशत मात्र योगदान गर्छ । कृषिलाई अब स्विटजरलैण्डले आफ्नो देशको खाद्यान्नको आवश्यकता धान्ने, पशु र डेरी उद्योग विकास गर्ने र वातावरणीय सन्तुलन कायम गरेर टुरिष्ट तान्ने व्यवसायमा बदलेको छ । स्विस चीज, चकलेट, पाउडर, दूध विश्व-बजारमा निकै प्रख्यात छन् । स्विटजरलैण्डकै नेस्ले कम्पनी यिनै कुराको बिक्री गरेर बहुराष्ट्रिय कम्पनी भएको छ । यसले बाहिरबाट कच्चा पदार्थ झिकाएर नेस्काफे नामको कफीको उत्पादन गर्छ र विश्वभरी बेच्छ ।

यता आएर स्विटजरलैण्ड औद्योगिक मुलुकबाट उत्तर-औद्योगिक सेवा-प्रधान मुलुकमा बदलिन लागिरहेछ । स्विटजरलैण्डको लगभग आधाभन्दा बेसी श्रमिक जनसंख्या सेवा-उद्योगतिर तानिएका छन्, कृषि र उद्योग दुबैको नोक्सानीमा ।

स्विटजरलैण्डको मुख्य सेवा उद्योग हो- बैंक र बीमा, अनि पर्यटन उद्योग । लगभग ६२२ वटा बैंकिङ र वित्तीय कम्पनीहरू छन् स्विटजरलैण्डमा, जसमध्ये पाँचवटा सबैभन्दा ठूला छन् । लगभग आधा वित्तीय पूँजी तिनै पाँचवटा कम्पनीहरूको हातमा केन्द्रित छ । र, ती बहुराष्ट्रिय कम्पनीका रूपमा विकास भएका छन् । स्विटजरलैण्डको लगभग स्थिर मुद्रा, लगातार राजनीतिक स्थिरता, औद्योगिक 'शान्ति' र गोप्यता- यिनै चारवटा तत्त्वले विश्वभरिका बचतकर्ता र लगानीकर्ताहरू स्विस बैंकमा लगानी गर्न तम्सिएका छन् । र, स्विस बैंकको आर्थिक लगानी-हस्तक्षेप विश्वभरि बढ्दो छ ।

स्विस बीमा कम्पनी पनि विश्व-प्रसिद्ध छ । स्विस जनताहरू विश्वमा सबैभन्दा धेरै बीमा गर्ने जनतामध्ये



स्विटजरल्याण्डः पहाड, पशुपालन र मेला

**समस्याबाट पार पाउन स्विटजरलैण्डले गजबको उपाय निकाल्यो- मोलमा होइन, गुणस्तरमा प्रतिस्पर्धा !**

पर्दछन् । उनीहरूको लगभग १७ प्रतिशत आय बीमा गर्नमा खर्च हुने गर्छ । यसबाहेक, विश्वका अन्य देशमा खुलेका स्विस बीमा कम्पनीबाट आधाभन्दा बेसी प्रिमियम स्विस बीमा कम्पनीहरूमा जम्मा हुने गर्छ ।

स्विटजरलैण्डको अर्को ठूलो सेवा उद्योग पर्यटन हो । मध्य यूरोपमा रहेको र अति सुन्दर दृश्यहरूले भरिएको स्विटजरलैण्ड पर्यटनका निमित्त निकै आकर्षक ठाउँ रहेको छ । उसले यही लाभलाई बिक्रीयोग्य वस्तुमा बदलेको छ । लगभग १३ अरब फ्रैंक अथवा कुल राजस्वको ८ प्रतिशत रकम त उसले वर्षेनी यही उद्योगबाट मात्र कमाउँछ (सन् १९९२ को तथ्यांक) ।

सारा कच्चा पदार्थहरू बाहिरबाट ल्याएर सामान उत्पादन गर्ने मुलुक हुनाले स्विटजरलैण्ड अक्सरतया व्यापार घाटामा पर्ने गर्छ । तर पनि उसको भुक्तानी संतुलन बिग्रिँदैन । बैंक, बीमा, बाहिर गरिएका लगानी र पर्यटनले स्विटजरलैण्डलाई हमेशा भुक्तानी संतुलनमा नाफामा राख्ने गरेको छ । व्यापारघाटा हुँदा पनि ऊसित अरबौंको डलरको विदेशी मुद्रा भण्डार भई नै रहेको हुन्छ ।

स्विटजरलैण्डको निरन्तर आर्थिक प्रगतिको अर्को रहस्य- उसको तटस्थ परराष्ट्र नीति र लगातार काममा शान्ति हो । स्विटजरलैण्ड पहिलो र दोस्रो दुबै विश्वयुद्धमा सरिक भएन । र, ऊ संयुक्त राष्ट्र संघको सदस्य समेत भएको छैन । अरू मुलुकहरू युद्धमा फँस्दा ऊ लगातार औद्योगिक प्रगतितिर लागिरहन संभव भयो । अहिले पनि ऊ कुनै पनि सैनिक गूटमा सामेल भइरहेको छैन । कुनै युद्धमा पनि सरिक भइरहेको छैन ।

अर्को, १९३७ मा ट्रेड यूनियन र पूँजीपतिहरूबीच भएको दीर्घकालीन संझौतापछि स्विटजरलैण्ड लगभग श्रमिक हडताल नहुने मुलुक हुन पुगेको छ । श्रमिक वर्ग र पूँजीपति वर्गबीचमा झगडाहरू शान्तिपूर्ण वार्ताद्वारा हल गर्ने र पूँजीपति वर्गले श्रमिकहरूलाई केही आधारभूत पेन्सन र सुविधाहरू दिनै पर्ने संझौता कानूनी व्यवस्थाले गर्दा औद्योगिक क्षेत्रमा हडतालहरू अत्यन्त कम भएका छन् । यसले पनि स्विटजरलैण्डको आर्थिक प्रगतिलाई बेरोकटोक बनाएको छ ।

## अर्को पाटो

यसरी, स्विटजरलैण्डको अद्भूत प्रगतिको पछाडि उसले गरेका विशेष प्रयत्नहरू मूल कारणका रूपमा रहेका छन् । एकातिर, नीति निर्णयमा जनताको व्यापक सहभागिता र विकेन्द्रित जनसत्ता । अर्कातिर, गाउँ गाउँसम्म औद्योगिक र प्राविधिक क्रान्ति । तेस्रो, आफ्नो देशको तुलनात्मक लाभ र श्रेष्ठताको सही पहिचान । र, चौथो- निरन्तर राजनीतिक स्थिरता, तटस्थता र काममा शान्ति । सारमा यिनै कुरा हुन्, जसले स्विटजरलैण्डको अद्भूत प्रगति संभव बनायो । के यी कुराहरू हाम्रा लागि पनि सिक्न योग्य छन् ?

तर यो त स्विटजरलैण्डको एक पाटोको चित्र मात्रै हो । स्विटजरलैण्डको अर्को पाटो पनि छ । त्यो पाटो उसका समस्या र चुनौतिहरूको पाटो हो, उसका नकारात्मक पक्षहरूको पाटो हो ।

स्विटजरलैण्ड १९९० देखि नै आर्थिक मन्दी भोग्दैछ, गंभीर रूपले । औद्योगिक उत्पादन घट्दैछ यसको । गएको एक वर्षमा यो १.८ प्रतिशतका दरले घटेको छ । बेरोजगारी दर बढ्दैछ र यो अहिले ४.६ प्रतिशत पुगेको छ । स्विटजरलैण्डको विगतको तुलनामा यो दर निकै बेसी हो । कैयन उद्योगहरूमा कम्प्युटरीकरण गरिनाले मजदूरहरूको निष्काशन बढ्दो छ । विशेष गरी, टेक्सटाइल उद्योगमा ।

स्विटजरलैण्डमा यी सब प्रगतिहरू स्वतन्त्र व्यापारको पूँजीवादी सिद्धान्त अन्तर्गत भएका छन् । त्यसैले, स्वभावतः पूँजीवादले ल्याउने गंभीर विकृति र अन्तरविरोधहरू पनि स्विटजरलैण्डमा पैदा भएका छन् । स्विटजरलैण्डमा धनी र गरीबबीचको खाल्डो निकै बढ्दो छ । एकातिर स्विटजरलैण्डमा ९८ प्रतिशत उद्योगहरू साना र मझौला छन्, अर्कातिर निकै ठूलो वित्तीय पूँजी आफ्नो हातमा केन्द्रित भएको एकाधिकार पूँजीपति वर्ग पनि उल्लेखनीय स्थितिमा पैदा भएको छ । नाफा र प्रभुत्वको स्वार्थको लागि यी दुईबीचको टक्कर अवश्यंभावी देखिएको छ, त्यहाँ । यो टक्करले स्विटजरलैण्डमा वर्ग विभेद बढ्ने र संघर्ष अरू चर्को रूपमा चर्कने त होइन ? एकाधिकार पूँजीपति वर्गको अति नाफाको स्वार्थले 'तटस्थ स्विटजरलैण्ड' 'साम्राज्यवादी स्विटजरलैण्ड'मा बदलिने त होइन ?

यी सब संभावनाहरू स्विटजरलैण्डमा टड्कारो रूपमा देखिएका छन् ।

यसबाहेक, स्विटजरलैण्डका जनताले जनमत संग्रहद्वारा यूरोपेली यूनियनमा नजाने निर्णय गरे । यसबाट स्विटजरलैण्ड यूरोपमा एक्लिने त होइन ? यो समस्या पनि त्यहाँ खडा भएको छ ।

यी सबै समस्याको बावजूद, पूँजीवादी बाटोबाट विकास गर्न खोज्ने मुलुकमध्ये स्विटजरलैण्ड एउटा विशिष्ट मुलुक हो । त्यसको हुबहू नक्कल कसैको निम्ति पनि उपयुक्त हुँदैन । तर स्विटजरलैण्डमा त्यस्ता कुरा धेरै छन्, जो सानो, भूपरिवेष्टित, प्रतिकूल स्थिति भएको देशले सिक्न सक्छ, जो नेपाल जस्तो मुलुकले सिक्न सक्छ । ❑

-दीपक वैद्य






अब पाईप जगतमा नयाँ उत्साह !
नयाँ उदय - विश्वासको साथ !

मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !



मुक्तेश्वर पाईप नै किन ?
- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ ।
- यसमा फलामे पाइपमा जस्तो खिया लाग्दैन ।
- जडान खर्च तथा ज्याला कम पर्दछ ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ ।
- कुनै पनि किसिमको रसायनले यसलाई असर पार्दैन ।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ ।
- चुहावट हुने जोखिम प्रतिशत कम छ ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ ।

सधैं सम्झनुहोस्

मुक्तेश्वर पाईप ई.प्रा.लि.

(चिराग उद्योग समूह)

पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्सः ४२१९४५

उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !

# नेपाली विज्ञानकर्मीको नौलो प्रयास



आजभोलि नेपालको राजधानी काठमाडौं महानगरका फराकिला सडकहरूमा असंख्य गाडीहरू गुड्छन् । ती गाडीहरूले फ्याँक्ने कालो धूँवाको कारणले काठमाडौं महानगरमा सडकमा हिँड्ने मानिसहरूले दिउँसै अलि परको बस्तुलाई पनि धमिलो देख्छन् ।

काठमाडौंमा आजभोलि बढ्दै गइरहेका फोक्सो र घाँटीसम्बन्धी विभिन्न रोगहरूको कारण सडकमा गाडीले छोड्ने धूँवा तथा अन्य विषालु ग्याँसहरू नै हुन् भनी डाक्टरहरू बताउँछन् । वायु प्रदूषणको कारणले शहरीया जनस्वास्थ्यमा अत्यन्त प्रतिकूल असर परिरहेको उनीहरू बताउँछन् ।

तर, सडकमा गुड्ने गाडीहरूको संख्यामा भने कुनै कमी आएको छैन । यो संख्या झन् दिनप्रतिदिन बढ्दैछ ।

यस्तो अवस्थामा वायु प्रदूषणको त्यो विकराल समस्याबाट कसरी मुक्ति पाउने ? यो प्रश्नले आज प्रत्येक सचेत काठमाडौंबासीलाई सताइरहेछ ।

तर, सधैं आफ्नो मौलिक वैज्ञानिक सृजनामा तल्लीन हुँदै आएका विराटनगरका नेपाली विज्ञानकर्मी दिलीप अधिकारीले विराटनगरबाट काठमाडौं आई काठमाडौंको वायु-प्रदूषणलाई घटाउने एक प्रशंसनीय वैज्ञानिक कार्य गरेबाट राजधानीवासीहरूले अब वायु-प्रदूषणको समस्याबाट मुक्ति पाउने लक्षण देखिएको छ । लगभग डेढ वर्षको अथक प्रयत्नबाट उनले डिजल गाडीबाट निस्कने कालो धूँवाको विषालुपनलाई उल्लेखनीय रूपमा घटाउने एक यन्त्रको विकास गरेका छन् । उनले त्यस यन्त्रलाई 'स्वच्छक' भनी नामाकरण गरेका छन् ।


हाल उनले काठमाडौंको वायु प्रदूषणमा सबभन्दा बेसी योगदान भएको विक्रम टेम्पोको लागि मात्र 'स्वच्छक'को डिजाइन गरी उत्पादन गरेका छन् । उनका अनुसार, अन्य डिजल गाडीहरूको लागि पनि 'स्वच्छक'को प्रयोग गर्न सकिन्छ तर यसलाई छुट्टै किसिमले डिजाइन गरिनु पर्छ ।

## स्वच्छकले कसरी काम गर्दछ ?

विज्ञानकर्मी दिलीप अधिकारीका अनुसार, स्वच्छकलाई मोटरगाडीमा जडान गर्दा इन्जिनबाट आएको धुँवा फ्याँक्ने नलीलाई झिकी त्यसको ठाउँमा यसलाई राखिन्छ । र, इन्जिनबाट धुँवा बाहिर आउने प्वालमा स्वच्छकको एक छेउमा रहेको नली जोडिन्छ । जब इन्जिनबाट धुँवा निस्कन्छ, तब त्यो धुँवा स्वच्छकभित्रका विभिन्न बाटाहरू पार गरी त्यसभित्रकै पानीको ट्यांकीमा पुग्दछ । त्यसपछि धुँवामा रहेका पानीमा घुल्ने सबै ठोस कण तथा ग्याँसहरू पानीमा घुल्छन् र बाँकी पानीमा नघुल्ने केही ठोस कणहरू तथा ग्याँसहरू मात्र स्वच्छकको अर्को प्वालबाट नलीको बाटो भई बाहिर निस्कन्छन् ।

अहिले विक्रम टेम्पोको लागि विकास गरिएको स्वच्छकमा ७, ८ लिटर पानी हालेपछि त्यसले बिहानदेखि बेलुकासम्मको धुँवालाई छान्ने काम गर्दछ । दिनभरि टेम्पो चलाएपछि बेलुका स्वच्छकको ट्यांकीमा रहेको पानी कालो लेदोको रूपमा परिणत भइसकेको हुन्छ । त्यसैले भोलिको दिनमा टेम्पो चलाउन अघिल्लो दिनको बेलुका नै कालो लेदोलाई फाल्नुपर्छ । र, विहान 'स्वच्छक'मा सफा पानी भरेर मात्र टेम्पो चलाउनु पर्दछ ।

इन्जिनबाट निक्लने धुँवामा कार्बन र सीसाका ठोस कणहरू रहेका हुन्छन् भने ग्याँसको रूपमा मुख्यगरी सल्फरडाइअक्साइड ($SO_2$), नाइट्रोजन डाइअक्साइड ($NO_2$) र कार्बनडाइअक्साइड ($CO_2$) रहेका हुन्छन् । 'स्वच्छक' भित्रको पानीमा धुँवा पस्दा त्यसमा रहेका कार्बन र सीसाका ठोस कणहरूले पानीसंग मिश्रण बनाउँछन् । त्यस्तै सल्फरडाइअक्साइड, नाइट्रोजनडाइअक्साइड र कार्बनडाइअसाइड ग्याँसहरूले पानीसंग रासायनिक प्रतिक्रिया गरी क्रमशः सल्फ्यूरिक अम्ल ($H_2SO_4$), नाइट्रिक एसिड ($HNO_3$) र कार्बोनिक एसिड ($H_2CO_3$) बनाउँछन् । यसरी 'स्वच्छक'ले धुँवामा रहेका हानिकारक ठोस कणहरू र ग्याँसहरूलाई बाहिर हावामा आउनबाट रोक्दछ ।



## टेम्पोको प्रदूषणबाट बचाउने नौलो यन्त्र नेपालमै बन्यो !

## इन्जिनको धुँवा कत्तिको हानिकारक छ ?

इन्जिनको धुँवामा रहेका सल्फरडाइअक्साइड, नाइट्रोजन डाइअक्साइड र कार्बन डाइअक्साइड ग्याँसहरू हाम्रो फोक्सोभित्र पुग्दा तिनीहरूले त्यहाँ रहेको पानीसंग रासायनिक प्रतिक्रिया गरी सल्फ्यूरिक अम्ल, नाइट्रिक अम्ल र कार्बोनिक अम्ल बनाउँछन् । यी अम्लहरूले हाम्रो फोक्सोलाई खियाई जीर्ण र कमजोर बनाउने काम गर्छन् । त्यस्तै, यी अम्लहरूले फोक्सोलाई प्वाल पार्ने काम पनि गर्छन् ।

इन्जिनको धुँवामा रहने अर्को महत्वपूर्ण हानिकारक ग्याँस कार्बन मोनोअक्साइड (CO) हो । यो ग्याँसले फोक्साको बाटोबाट रगतमा पुगी त्यहाँको अक्सिजनसंग रासायनिक प्रतिक्रिया गरेर कार्बनडाइअक्साइड ग्याँस बनाउँछ, जुन फोक्सोबाट पुनः शरीर बाहिर फ्याँकिन्छ । त्यसैले कार्बन मोनोअक्साइडको कारणले हाम्रो शरीरमा अक्सिजनको मात्रा कम हुनाले आवश्यक प्रक्रिया राम्ररी हुन नसकी शरीर कमजोर बन्न पुग्छ ।

यी ग्याँसहरूको तुलनामा इन्जिनको धुँवामा रहने कालो कार्बनका ठोस कणहरू धेरै गुणा अर्थात् एक सय सात गुणा बढी हानिकारक छन् । यसको कारण के हो भने- स्वास लिंदा धुँवामा रहेका कार्बनका काला मसिना ठोस कणहरूलाई हाम्रो नाकका रौंहरूले रोक्न सक्दैनन् र सिधैं तिनीहरू गएर फोक्सोमा पुग्छन् । ठोस कार्बन कणहरू तुरुन्त केहीसंग पनि नघोलिने र त्यत्तिकै नष्ट नहुने भएकोले यिनीहरू जम्मा हुँदै जाँदा फोक्सोका साना साना वायु थैलीहरू (air sac) बन्द हुन थाल्दछन् । यसबाट हामीलाई दम तथा

फोक्सो सम्बन्धी अन्य रोगहरू लाग्दछ ।

अहिले काठमाडौंका सडकहरूमा दौडिरहेका विक्रम टेम्पोले छोड्ने धुँवामा कम्तिमा पनि ९० एच.एस.यू. र बढीमा ९९ एच.एस.यू. (HSU) (हर्टिज स्मोक यूनिट अर्थात् धुँवाको घनत्व नाप्ने एकाई) सम्म मसिना कार्बन कणहरू रहने गरेका पाइन्छन् । ९५ एच.एस.यू. देखाउनुको मतलब त्यहाँ छोडेको धुँवामा ९५ प्रतिशत ठोस कार्बन कणहरू रहेको भन्ने बुझिन्छ ।

## 'स्वच्छक'को क्षमता

विज्ञानकर्मी दिलीप अधिकारीका अनुसार- 'स्वच्छक'ले इन्जिनबाट निस्कने धुँवालाई कम्तिमा पनि ६० प्रतिशत कम हानिकारक हुने गरी छानिदिन्छ । 'स्वच्छक'को क्षमता गाडीमा प्रयोग गरिने इन्धन तेल, बाटोको अवस्था र गाडीमा बोकाइएको भार अनुसार घटबढ हुन सक्दछ । कम गुणस्तरको इन्धन तेल, खराब बाटो र बढी भारी बोकाएको गाडीमा भन्दा उच्च गुणस्तरको इन्धन तेल, राम्रो बाटो र कम भारी बोकाएको गाडीमा 'स्वच्छक'को क्षमता बढी हुन्छ ।

स्वच्छकले त्यत्तिकै वायुमण्डलमा फ्याँकिने कार्बन कणहरू (कालो ध्वाँसो) लाई पुनः प्रयोगयोग्य बनाउँदछ ।

◆ स्वच्छक भित्र बन्ने कालो लेदोबाट गाजल, ल्याप्चेको मसी, मसी, जुत्तामा लगाउने पालिस आदि बनाउन सकिन्छ ।

◆ टायर, ट्यूब बनाउँदा करीब २३ प्रतिशतसम्म ठोस कार्बनको प्रयोग हुन्छ । त्यसैले स्वच्छकमा जम्मा भएको कार्बनलाई संकलन गरी टायर, ट्यूब कारखानामा पठाउन सकिन्छ ।

## निष्कर्ष:

शहरमा मोटरगाडीको धुँवाले वायु प्रदूषित भई जनस्वास्थ्यमा नराम्रो प्रतिकूल असर पर्दैछ । तर, आधुनिक समयमा मोटर गाडीले दिने यातायात सुविधाबिना शहर बजारको जीवन असम्भव छ । त्यसैले वायु-प्रदूषण त्यत्तिकै घट्नेवाला छैन ।


यस्तो अवस्थामा नेपाली विज्ञानकर्मी दिलीप अधिकारीको 'स्वच्छक' यन्त्रले वातावरण स्वच्छ पार्न निक्कै ठूलो योगदान दिनेछ । 'स्वच्छक' दिलीप अधिकारीको मौलिक विकास हो । अहिले विक्रम टेम्पोको लागि निर्माण गरिएको 'स्वच्छक'लाई श्री ५ को सरकार वातावरण मन्त्रालयले मान्यता प्रदान गरेको छ । साथै यसको उत्पादन र बिक्री वितरणको लागि पनि स्वीकृति प्रदान गरिएको छ । केही टेम्पोहरूमा यसको सफल जडान समेत भइसकेको छ ।

'स्वच्छक' जडान भएका टेम्पोहरू काठमाडौं सडकहरूमा गुड्न थालिसकेका र तिनीहरूले सजिलै हरियो स्टीकर पाइसकेको सूचना दिलीप अधिकारीले हालै मूल्यांकनलाई दिएका छन् ।

दिलीप अधिकारीका अनुसार, कलंकीबाट बल्खु जाने बाटोमा खसीबजारनेर एउटा टेम्पो मर्मत कारखानाले टेम्पोमा 'स्वच्छक' जडान गर्ने जिम्मेवारी पाएको छ । दिनको दुई वटाका दरले त्यहाँ टेम्पोहरू 'स्वच्छक' जडानका लागि आइरहेका छन् ।

यसरी 'स्वच्छक' डिजेलको धुँवाबाट हुने वातावरण प्रदूषण मान्छेलाई लाग्ने घातक रोगबाट मुक्ति दिने पहिलो नेपाली यन्त्र हुन लागेको छ । यसको प्रयोग सफल भयो भने- यो विश्वकै निम्ति नेपाली विज्ञानकर्मीको एउटा गतिलो योगदान हुन जाने संभावना छ ।

❑ तुल्सीदास महर्जन



गोविन्द भट्ट

# नेपालको र सीमापारिको प्रगतिशील साहित्यबारे अन्तर्क्रिया



खगेन्द्र संग्रौला

प्रगतिशील लेखक संघको केन्द्रीय कार्यक्रम अन्तर्गत गत पुस २६ र २७ गते झापाको शनिश्चरेमा आयोजित 'अन्तर्क्रियामूलक विचार-गोष्ठी एवं मितेरी कवि गोष्ठी' विभिन्न दृष्टिकोणले एउटा उपयोगी र सार्थक कार्यक्रम सावित भयो ।

यस कार्यक्रमको सबैभन्दा उल्लेखनीय पक्ष पुस २६ गते राति अबेरसम्म भएको अन्तर्क्रियामूलक विचारगोष्ठी थियो । झापा जिल्लाको, समग्र नेपालको र नेपालबाहिर भारतका विभिन्न स्थानमा रहेका भारतीय नेपालीहरूका क्षेत्रहरूको वर्तमान प्रगतिशील साहित्यको स्थिति, सबलता र कमजोरी एवं चुनौतीबारे केन्द्रित भएको उक्त अन्तर्क्रिया गोष्ठी मूलतः स्थिति र समस्याबारे लेखकहरूले एक आपसमा जान्ने बुझ्ने अवसर सावित भयो । निश्चित विषयमा केन्द्रित भई नेपालका र भारतका, खास गरी दार्जलिङ्ग भेकका, प्रगतिशील साहित्यकारहरू एकै ठाउँमा भेला भई छलफल-चिन्तन गरेको यो अवसर शायद पहिलो थियो ।

घनेन्द्र शर्मा र गंगाप्रसाद अधिकारीद्वारा प्रस्तुत झापा जिल्लाको प्रगतिशील साहित्यको स्थितिबारेका कार्यपत्रहरू र तिनमाथि भएका छलफलहरूले समग्रमा झापा जिल्लाको प्रगतिशील साहित्यिक गतिविधिलाई बुझ्न धेरै हदसम्मको प्रामाणिक इतिहास तयार गरेको पाइन्थ्यो ।

नेपालभित्रको प्रगतिशील साहित्यका बारेमा कथाकार खगेन्द्र संग्रौलाले र समालोचक गोविन्द भट्टले शुरूमा आफ्ना विचारहरू राख्नु भएको थियो । खगेन्द्र संग्रौलाले आज नेपालमा प्रगतिशील लेखनमा वैचारिक अस्पष्टता प्रमुख समस्या भएको बताउनु भयो । उहाँले यो अस्पष्टता ०४६ पछि यहाँ आएको नयाँ व्यवस्थालाई कसरी हेर्ने भन्ने सवालमा र सोभियत संघको पतनपछिको स्थितिमा समाजवादी आन्दोलनलाई कसरी बुझ्ने भन्ने विषयमा मूलतः केन्द्रित रहेको बताउनु भयो । समाजमा नैतिक-चारित्रिक भ्रष्टता बढेको, व्यक्तिवाद र उपभोक्तावाद बढेको, साहित्यको पाठक कम भएको र साहित्य लेखनको मात्रा चाहिं बढेको, तर गुणस्तर भने बढ्न नसकेको उहाँको ठहर थियो । समीक्षा, विश्लेषण कम भएको, कतिपय लेखकहरूमा यथास्थितिमै रम्ने र क्रान्तिप्रति उदासीन हुने प्रवृत्ति बढेको, संसदवाद हावी भएको, वर्ग-प्रतिवद्धता हराएको, क्षणिक सत्ता सुखका पछि-पछि उनीहरू कुद्न थालेको र प्रगतिशीलहरूबीच एकताको निम्ति वैज्ञानिक आधारहरू खोज्ने पक्ष कमजोर भएको पनि उहाँको ठम्याइ रहेको थियो ।

गोविन्द भट्टले खगेन्द्र संग्रौलाका कतिपय विचारहरूको समर्थन गर्दै

## महाश्वेता देवीलाई ज्ञानपीठ पुरस्कार



भारतकी प्रसिद्ध प्रगतिशील लेखिका महाश्वेतादेवीलाई सन् १९९६ को 'ज्ञानपीठ पुरस्कार' प्रदान गरिने भएको छ ।

यो घोषणा गत पुसको अन्तिम साता नयाँ दिल्लीमा गरिएको हो ।

यो पुरस्कार भा.रु. दुई लाख पचास हजार राशि रहेको छ ।

स्मरणीय छ, उनले सन् १९७९ मा 'साहित्य अकादमी पुरस्कार' पनि प्राप्त गरेकी थिइन् ।

नक्सलवादी आन्दोलन एवं पिछडिएका र उत्पीडित जनजातिहरुको मर्मलाई आफ्नो साहित्यमा संगेट्न सफल महाश्वेतादेवी बंगाली भाषाकी लेखिका हुन् । उनका हालसम्म प्रकाशित ४२ वटा उपन्यास, १५ वटा कथा-संग्रह, ५ वटा बाल-साहित्यका पुस्तकहरु र एक नाटक-संग्रहमध्ये १५ वटा कृतिहरु भारतका अन्य भाषाहरुमा अनुवाद गरिएका छन् । नेपालीमा पनि उनका केही कथा र उनको प्रसिद्ध उपन्यास 'हजार चौरासीकी आमा' अनुदित भइसकेका छन् । ❑

# प्रगतिशील लेखक संघको सार्थक कार्यक्रम

प्रगतिशील लेखकहरूबीच हामीकहाँ केही ठूला सवालमै पनि मतभेद रहेको कुरा स्वीकार्नु भयो । संसदीय राजनीतिक बाटोको उपयोग र त्यसका सीमाबारे यहाँ लेखकहरूबीच रहेको विचारभिन्नताबारे गंभीर रूपले छलफल गरिनु पर्ने राय उहाँले व्यक्ति गर्नुभयो । उहाँले हामी आफैंले ल्याएको संसदीय व्यवस्थालाई हामी आफैंले जनताको पक्षमा उपयोग गर्नु पर्ने खाँचो नेपालको मौलिक खाले विशेषता हो भन्दै नेपालमा संसदीय बाटो पनि वर्ग संघर्षकै एउटा रूप हुनसक्छ भन्नु भयो । साँघुरो घेरामा सीमित हुन नहुने लेखक-चिन्तकहरू पनि इतिहासमा रूस वा चीनपक्षीय गुट-उपगुटका अन्धसमर्थक बन्न पुगी आपसमा कतिपय अनावश्यक दूरीहरू समेत बढ्न पुगे भन्ने आफ्नो धारणाका साथ उहाँले भन्नु भयो- हाम्रो मध्यकालीन साहित्यको हामीले विश्लेषण गरेका छैनौं, भानु, देवकोटा, लेखनाथ, रिमाल आदिको मूल्यांकन भइसकेको छैन, स्वयं मार्क्स-एंगेल्सका मूल रचनाहरूको अध्ययन गरी इतिहासलाई हेर्ने उचित दृष्टिकोण हामीले पहिल्याउने काम गर्नु अझै बाँकी नै छ । अन्तमा उहाँको प्रस्ताव थियो- "हामीले मिल्नसक्ने ठाउँहरू थोरै छन् र पनि ती थोरै कुरामा मात्र पनि हामीले मिल्ने बाटो खोज्नै पर्छ, खोजौं; सामन्तवाद, साम्राज्यवाद विरोधी र देशभक्त लेखकहरूको साझा मंचको रूपमा रहेको प्रलेसमा हामीले यो बाटो खोज्न सक्छौं ।"

भारत प्रवासमा प्रगतिशील नेपाली साहित्यका बारेमा बोल्दै दार्जलिङ्ग कालिंपोंगका चर्चित साहित्यकार मोहन दुखुनले प्रेमचन्दको प्रभावले सन् १९६० तिर आफ्नो भेकतिर साहित्यकार वीरेन्द्रहरूको पहलमा प्रगतिशील साहित्य लेखन थालिएको इतिहास उल्लेख गर्नु भयो । पछि आएर आयामेली साहित्यिक आन्दोलनले दार्जलिङ्गलाई निल्यो र हामीले त्यससंग लड्यौं भन्दै उहाँले भन्नु भयो- "प्रगतिशील क्षेत्रमा त्यतिखेर नारा ज्यादा लेखिन्थ्यो, नेपालमा पनि र हामीहरूबीच पनि । यो स्थितिमा ईश्वर बल्लभको दुरूह लेखन प्रवृत्ति र पारसमणि सरको सरल लेखन प्रवृत्तिको बीचमा हामी समस्याग्रस्त रूपमा रह्यौं । हाम्रो देश भारतमा हिन्दी प्रगतिशील साहित्यकारहरू निकै माथि थिए, तर वामपन्थी प्रभाव ज्यादा भएको पश्चिम बंगाल राज्यमा रहेर पनि हामी नेपाली साहित्यमा भने अपेक्षा गरिएभन्दा निकै कम मात्र माथि उठ्न सक्यौं । तर पनि प्रगतिशील साहित्य हाम्रो क्षेत्रमा अझै सक्रिय छ, जनतामा यसको राम्रो प्रभाव छ । दार्जलिङ्ग क्षेत्रमा यो केही कमजोर भएको छ तर सिक्किममा भने केही बलियो हुँदैछ । भक्त राई, विकास गोतामे, नन्द हामखिम, कमला सांकृत्यायन, तुल्सी भट्टराई, युवराज काफ्ले, ज्ञानेन्द्र खतिवडा, ज्ञानेन्द्र दाहाल, अशोक प्रशान्त, तिलक लम्साल, सुरज पाठक, रत्नबहादुर वान्तवा र अन्य लेखकहरू पनि यस भेकमा प्रगतिशील क्षेत्रमा सक्रिय हुनुहुन्छ । मूलतः सि.पि.एम., सि.पि.आई. र अन्य वामपन्थी पार्टीसंग नजिक रहेका र स्वतन्त्र रहेका लेखकहरूबीच एकताको बाटो खोज्नेबारे हामी सरसल्लाह पनि गर्दैछौं ।'

प्रेमचन्दले शुरू गर्नुभएको भारतको केन्द्रीय प्रगतिशील लेखक संघमा मध्यप्रदेश, लखनऊ, जयपुर आदि सम्मेलनहरूमा आफूहरूले भाग लिएको संस्मरण गर्दै मोहन दुखुनले त्यतिखेर पनि आफूहरूले आफ्नो क्षेत्रमा उक्त प्रगतिशील लेखक संघको संगठन गरेको कुरा बताउनु भयो । पार्टीहरू संसदमा गएपछि आफूहरू पनि संसदीय चरित्रको भएको स्वीकार्दै उहाँले भन्नु भयो- हाम्रो क्षेत्रको प्रगतिशील लेखनका समस्याहरूमध्ये रहेको अध्ययनको कमीलाई आज हामी पूरा गर्ने कोशीस गर्दैछौं । एकताको प्रयत्न हुँदैछ र हाम्रा आफ्ना अलग अलग संबद्ध वाम-सांस्कृतिक संस्थाहरू पनि सक्रिय हुँदैछन् । गोर्खाल्याण्ड आन्दोलनको पक्षमा यस क्षेत्रका हामी सबै वामहरू एक हुने प्रयत्न शुरू भएको छ । यसले हाम्रो साहित्यलाई पनि बल दिने आशा गर्न सकिन्छ । जातीय अस्तित्वको लडाइँ नै आज हाम्रो प्रमुख कार्यक्षेत्र भएकोले यसलाई अघि बढाउँदै, वर्गीय लडाइँ पनि लड्नु हाम्रा सामु रहेको अर्को चुनौति हो ।

वक्ताहरूको बोल्ने क्रमपछि सहभागी लेखकहरूका बीच अन्तर्क्रिया चलेको थियो । नेपाल र भारतका उपस्थित लेखकहरूबीच आपसी समन्वय र संचार कायम गर्न र एक अर्काका समस्या बुझ्न यो भेलाले उपयोगी भूमिका खेलेको अभिव्यक्ति दुवैथरि लेखकहरूले गरेका थिए ।

भोलिपल्ट आयोजित मितेरी कवि गोष्ठीमा बाहिरबाट गएका, स्थानीय र भारत प्रवासका गरी एक सय जनाभन्दा बढी साहित्यकारहरूले भाग लिएका थिए । प्रलेसका अध्यक्ष गोविन्द भट्ट र संस्थापक श्यामप्रसाद शर्माले अनिल पौडेल र तेजराज खतिवडाका कृतिहरू क्रमशः र 'काठमाडौंदेखि सिक्किमसम्म' यात्रासंस्मरण र 'अलपत्रेका फुलहरू' कविता संग्रहको विमोचन पनि गर्नु भएको थियो । कार्यक्रममा भारत सिलगढीका वरिष्ठ साहित्यकार तथा वामनेता तुलसी भट्टराईले बोल्नु भएको थियो भने भारतीय क्षेत्रका मोहन दुखुन, ज्ञानेन्द्र दाहाल, ज्ञानेन्द्र खतिवडा, युवराज काफ्ले, अशोक प्रसान्त, तिलक लम्साल आदिको पनि सहभागिता थियो ।

कार्यक्रमको एक सहभागीको हैसियतले यो पंक्तिको लेखकले गरेको अनुभव छ- प्रलेसंघले यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनु जरूरी छ र तिनलाई अरू व्यापक एवं गुणात्मक बनाउनु जरूरी छ ।

**हरिगोविन्द लुइँटेल**

# 'जनताका गायक बन, सत्ताको चाकर हैन !'

## भारतमा जसमको राष्ट्रिय सम्मेलन

**ढीलो गरी प्राप्त समाचार अनुसार, गत मंसीर १ र २ गते इलाहाबादमा भारतको 'जन संस्कृति मंच' को पाँचौं राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । क. विनोद मिश्रको नेतृत्वमा रहेको भाकपा (माले) लिबरेशन पार्टीसंग नजीकको उक्त मंचको सो सम्मेलनले 'जनताका गायक बन, सत्ताको चाकर हैन' भन्ने आम दिशालाई अरु मजबूत गरेको छ । भारतमा पुरस्कार र आर्थिक सहयोगको नाममा सांस्कृतिक संगठनहरु र लेखक-कलाकारहरुलाई खरीद गर्ने क्रम बढिरहेको घटनालाई सांस्कृतिक हमलाको रुपमा लिने यस मंचको अवधारणालाई यस सम्मेलनले थप बल पुऱ्याएको र यसले कलामा क्रान्तिकारी अन्तर्वस्तुलाई पुनर्स्थापित गर्ने काममा समेत दृढता थपेको दावी त्यस मंचसंग नजीकका व्यक्तिहरुले गरेका छन् । सत्ताको माध्यमबाट अरु कतिपय वाम सांस्कृतिक संगठनहरुमा वैचारिक पतन देखापर्न थालेको कुराप्रति पनि यस सम्मेलनले विशेष ध्यान पुऱ्याएको छ ।**

**सम्मेलनमा 'सामाजिक परिवर्तन र साहित्य' विषयमा सेमिनार गरिएको र स्व. अमृत रायको सम्मानमा एक भव्य चित्रकला प्रदर्शनी पनि गरिएको थियो । 'शर्तनामाका विरुद्ध' शीर्षकको नाटक पनि त्यस अवसरमा मंचन गरिएको थियो । सम्मेलनले प्रसिद्ध हिन्दी कथाकार अमरकान्तलाई 'जनसंस्कृति सम्मान' ले विभूषित गरेको थियो ।** ❑

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम् शाहदेव सरकारको ५२ औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारमा सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेशनल ट्रेडिङ्ग लिमिटेड**

**परिवार**

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभजन्मोत्सवको उपलक्ष्यमा
मौसूफ सरकारमा सुस्वास्थ्य एवं दीर्घायुको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**नेपाल बैंक लिमिटेड**
(स्थापित १९९४)

# इसासको मौनता तोडियो

## कस्तो थियो "देशभक्तिपूर्ण सांस्कृतिक साँझ ?"

केन्द्रीय स्तरमा केही वर्ष सुस्तीमा फँसेको इन्द्रेणी सांस्कृतिक समाज (इसास)ले केही समययता आफ्नो यो सुस्ती हटाउन थालेको छ । गत कार्तिक महिनामा संपन्न यसको तेस्रो राष्ट्रिय भेलापछि नवनिर्मित केन्द्रीय समिति र यसभित्र रहेका केन्द्रीय कला विभाग एवं केन्द्रीय साहित्य विभागको सक्रियता बढ्न थालेको पाइएको छ । मेची महाकाली मुद्दामा उपत्यकाका सडक-सडकमा गीत र सडक-नाटक प्रस्तुत गर्ने कामपछि यसले यही माघ १, २ र ३ गते लगातार तीन दिनसम्म काठमाडौंमा एक स्टेज कार्यक्रमको आयोजना गऱ्यो । "देशभक्तिपूर्ण सांस्कृतिक साँझ" नामक सो कार्यक्रम प्रज्ञाभवनको हलमा प्रस्तुत गरिएको थियो ।

युजे पोत्तरद्वारा लिखित 'अन्तर्राष्ट्रिय गीत' को 'उठ जाग भोका नाङ्गा, जाग संसारका दुःखी' शब्दहरूसँगै शुरू भएको उक्त 'सांस्कृतिक साँझ' मा ७ वटा नृत्य, ४ वटा स्टेज-गीतहरू, एउटा गीतिनृत्य र एउटा नाटक संगेटिएका थिए ।

**'देश दुःखेको बेला'**, **'मेची लुटिएको र महाकालीमा विदेशी नंग्रा गाडिएको वर्तमान समय'** को संझना गर्दै कवि आहुतिको उद्घोषणबाट शुरू भएको कार्यक्रमले शरद पौडेलद्वारा लिखित नाटक 'मेची महाकाली-एक्सप्रेस' मा टुंगिदासम्म मूलतः यसले राष्ट्रियताको सवाललाई प्रधानता दिएको प्रष्टै देखिन्थ्यो ।

एउटै नृत्यमा ४८ जना कलाकारहरू संगेटिएको शुभकामना नृत्यपछि खगेन्द्र संग्रौलाद्वारा लिखित एक लामो गीत यसमा प्रस्तुत गरिएको थियो । **'नेपालको पूर्वी भेकमा थियो एउटा सानो देश, नाउँ थियो त्यसको सिक्किम सुन्दर थियो देश !'** भन्दै यस गीतले वर्तमानमा टनकपुर-कालापानीदेखि मेचीसम्मलाई हडप्ने भारतीय विस्तारवादका बारे र त्यसका नेपाली दलालहरूका बारे सटीक प्रहार गरेको देखिन्थ्यो । अन्य दुई स्टेज गीतहरूमा चेलीको वेदना र प्रणको गीत **'धेरै भयो निदाएको अब जाग्नुपर्छ'** र क. मोहनविक्रम सिंह लिखित **'लेफ्टराइट लेफ्टराइट'** थिए ।

निर्माण भइरहेको गीति-नाटक 'बुहारी' को एक दृश्यबाहेक अरू नृत्यहरू सबै सामूहिक नृत्यहरू थिए । कवि दुर्गालाल श्रेष्ठलिखित 'नुगले मितया स्वागतयागु जिम्त इलं थौ सयकाबिल' (छातीमा आगो राखी स्वागत गर्न हामीलाई समयले सिकाएको छ) बोलको र 'जि ख्वालं मुखूसाँ सुकुचिंगु स्वाँ थैं (अर्थात् म अनुहारले कोपिला नै देखिए पनि सुकिसकेको फूलझैं छु) बोलको नृत्य चाहिं नेपाल भाषाका गीतहरूमा आधारित थिए । **'नीलाकाशमा कावाखाँदै हाँस्दै रमाउँदै'** र **'आस्थाको यो बाटोमा'**, **'कालापानी हाम्रै हो, मेची हाम्रै हो'**, **'कस्तो न होला भन्ने लाग्थ्यो बहुदल'** आदि गीतहरूका साथै तामांगसेलो **'हिमालको काखैमा हाम्रो आँगन'** मा आधारित नृत्यहरूपछि देखाइएको नाटक 'मेची-महाकाली एक्सप्रेस' पहिलो खण्डभन्दा दोस्रो खण्ड ज्यादा प्रभावकारी थियो । भारत सरकारले नेपालका सत्तारूढ र प्रमुख प्रतिपक्षी पार्टीहरूलाई सांग्लाले बाँधेर घोडा चढेको दृश्य रोचक र व्यंग्यपूर्ण समेत थियो ।

शरद पौडेल, रायन आदिका रचनाहरू र शरद, रायन, बदन शर्मा, वीरप्रसाद भंसारी, शंभु अमात्य, गुजे मालाकार, टेकबहादुर बलम्पाकी, अञ्जना गुरूङ, शैलेश प्रधान, सी. के. राई, अस्मिता अमात्य आदिको गायन र रायन, शरद, बदन शर्मा, शंभु अमात्य आदिको संगीत, हरिदर्शनधारीको नृत्य निर्देशन र गोपाल थापाको नाटक निर्देशन रहेको सो कार्यक्रममा रायन र अमरराज शर्मा *जस्ता कलाकारहरूको भने* प्रत्यक्ष सहभागिता रहेको देखिएन । यसको कारण के हो भन्ने सम्बन्धमा इसाससंग परिचित दर्शकहरूको जिज्ञासा रहेको थियो ।


जम्मामा, इसासको यो कार्यक्रमलाई देशमा अहिले एकतर्फी देशद्रोही कला र विकृत कलाले रगधज जमाएको बेलामा एउटा सकारात्मक पहल मान्न सकिन्छ । इसासकै इतिहास क्रममा हेर्दा पनि यो कार्यक्रममा नयाँ नृत्यहरू, सामयिक विषयवस्तुहरू र नयाँ नयाँ प्रतिभाहरूको प्रस्तुति हुनुलाई पनि सकारात्मक नै मान्नुपर्छ । देशमाथि विस्तारवादीहरूले नंग्रा गाडेको बेलामा सचेत कलाकारहरूको भूमिका कस्तो हुनुपर्छ भन्ने उदाहरण इसासले प्रस्तुत गर्न सक्नु यसको सबैभन्दा ठूलो उपलब्धि हो ।

कार्यक्रममा कमीकमजोरीहरू पनि प्रशस्तै रहेका पाइन्थे । प्रमुख कमजोरीहरूमा, खास गरी, शब्द र विषयवस्तु राम्रो भएर पनि कलात्मक-स्तर अझै उन्नत हुन नसकेको देखिनु मुख्य थियो । त्यसैगरी, प्रस्तुतिमा साधना र तैयारी नपुगेको पनि प्रष्टै देखिन्थ्यो । कार्यक्रममा नृत्य र गीत प्रस्तोताहरूको अनुहारमा गीतको भाव अनुसारको हाउभावको अभाव हुनु, कार्यक्रममा लोकगीत, प्यारोडी र प्रहसन नहुनु, केही रेकर्डेड गीतहरूको शब्द प्रष्ट नहुनुलाई अन्य कमजोरीको रूपमा उल्लेख गर्न सकिन्छ । यी कमजोरीहरूलाई इसासले भविष्यमा सच्याउनु पर्ने देखिन्छ । आजको समयमा लोकप्रिय शैलीहरू पक्रेर आफ्नो प्रस्तुतिलाई 'एकरसको' हुनुबाट कसरी बचाउने भन्ने आम प्रगतिशील कला-समूहहरूसामु रहेको चुनौती इसासका सामु पनि कायम रहेको पाइन्छ । प्रगतिशील विचारका आफ्नै समर्थकहरूलाई मात्र हैन, आफूभन्दा अलि पर रहेका जनसमुदायलाई पनि कसरी पूँजीवादी खेमाको भन्दा सुन्दर र उन्नत कलाले आकर्षित गर्ने भन्नेबारे इसास र अन्य प्रगतिशील कला-समूहहरूले गंभीरतापूर्वक सोच्नु पर्ने देखिन्छ । नाटकमा कांग्रेस, राप्रपा, सदभावना र एमाले पार्टीलाई प्रस्तुत गर्दा सोझै पेश नगरी प्रतीकात्मक रूपमा पेश गरेको भए यो अरू कलात्मक हुने थियो ।

नृत्यतर्फ ५१ जना, गायन र वादनतर्फ १६ जना एवं अभिनयतर्फ १८ जना गरी ८५ जना कलाकारहरूलाई यो एउटै कार्यक्रममा पेश गर्न सक्षम 'इसास' ले मात्रामा गरेको यो उल्लेखनीय प्रगतिलाई गुणमा पनि विस्तार गर्नु जरूरी छ । यो उसका सामु रहेको ठूलै चुनौती हो भन्ने हामीलाई लाग्दछ । अहिले प्रस्तुत गरिएको कार्यक्रमले देखाएको कुरा जम्माजम्मीमा के हो भने- इसासले मात्रामा प्रगति गरेको छ, तर गुणमा प्रगति उसको सामु सबैभन्दा गंभीर चुनौतीको रूपमा रहेको छ । ❑



### इसासको नयाँ गीति क्यासेट




**इसासले हालै इसास गीतमाला भाग-१ प्रकाशित गरेको छ । 'जनता र देशको निम्ति' शीर्षकको यस क्यासेटमा आठवटा गीतहरु समावेश छन् । 'अन्तर्राष्ट्रिय' गीत, 'जनता र देशको निम्ति', 'काम गर्दै सास्ती छ', 'आस्थाको बाटो', 'लेखिरहेछु यो चिठी', 'रगत पसीना', 'सुन्दर क्षितिज', 'लेफ्टराइट' आदि गीतहरु समाविष्ट यो क्यासेट इसासको काठमाण्डौंमा आयोजित तीन दिने सांस्कृतिक साँझको शुरुमै बजारमा ल्याइएको हो ।** ❑

# क. माओसंग भेटदाको त्यो क्षण

क. निरञ्जनगोविन्द वैद्य

त्यो सन् १९६० को डिसेम्बर ६ तारेखको दिन थियो । म र मेरा साथी स्व. कुलराज श्रेष्ठ पेकिङ्गको एउटा होटलको एउटा कोठामा थियौं । हामी अखिल चीन ट्रेड युनियनका तत्कालीन अध्यक्ष तथा अन्य चिनियाँ मजदूर कमरेडहरूसंग हाम्रो भ्रमणसम्बन्धी सामान्य कुराकानी गरिरहेका थियौं ।

अचानक टेलिफोनको घण्टी बज्यो । ट्रेड युनियनका अध्यक्ष उठेर गई टेलिफोनको रिसिभर उठाई चिनियाँ भाषामा कुराकानी गर्नुभयो । त्यसपछि केहीक्षण टेलिफोनमा कुरा गरिसकेपछि उहाँले हामीसंग एकैक्षण बाहिर जाने अनुमति माग्नुभयो र कोठा बाहिर निस्कनुभयो ।

पुनः हामी कुराकानीमा व्यस्त रह्यौं । एकै छिनपछि फेरि टेलिफोनको अर्को घण्टी बज्यो । हामीसंग कुरा गर्दै गरेका वन जङ्गलसम्बन्धी काम गर्ने मजदूरहरूको युनियनका अध्यक्षले फोन उठाउनुभयो । टेलिफोनको रिसीभर राख्दै वहाँले हामीलाई तुरून्तै बाहिर जानको लागि तयार हुन अनुरोध गर्नुभयो र भन्नुभयो- "तपाईहरूलाई अहिले चिनियाँ कम्युनिष्ट पार्टीका एक केन्द्रीय नेताले भेट गर्न चाहनुभएको छ । उहाँ अहिले तपाईहरूको प्रतीक्षामा हुनुहुन्छ । अहिले हामी त्यतैतिर जान्छौं ।"

अचानक आइपुगेको त्यो सूचनाले हामी एकछिन त अल्मलियौं, तर हामीलाई आनन्द र खुसीको भने अपार अनुभूति भयो । तर, हामीलाई थाहा थिएन कि- हामीलाई भेट्न प्रतीक्षारत चिनियाँ कम्युनिष्ट पार्टीका केन्द्रीय नेता को हुनुहुन्छ ?

छिटो-छिटो लुगा लगाई एकैछिनमै बाहिर जान हामी तयार भयौं । र, हाम्रो साथमा रहेका चिनियाँ कमरेडहरूको साथमा हामी त्यहाँबाट बाहिर निस्क्यौं । त्यतिबेला साँझको ७ बज्न केही मनेट मात्र बाँकी थियो ।

बाहिर अत्यन्त चिसो हावा चलिरहेको थियो । बाटोको दायाँ-बायाँको खाली भागमा बरफ जमिराखेको थियो । शहरका घरहरूको छानामा ढाकिराखेको बरफको बाक्लो तह झिसमिसे अँध्यारोमा पनि टाढैबाट प्रष्ट सेतो देखिन्थ्यो । साँझको त्यो बेला शहरमा जताततै झिलीमिली बत्ती बलिसकेको थियो ।

हामीलाई भेट्न खोज्नु हुने चिनियाँ केन्द्रीय नेता को होलान् ?- भनेर बाटोभरि मनमा कुरा खेलिरह्यो । त्यस्तै कमरेड माओलाई भेट्न पाए हुन्थ्यो, पाउने हो कि होइन ?- भनेर पनि मनमा कुरा खेलिरह्यो ।

तर, क. माओलाई भेट्ने आशा भने हामीले मारिसकेका थियौं । किनकि, हामी भोलिपल्ट नै चीनको भ्रमण सिध्याएर उत्तर कोरियातर्फ जाँदैथियौं ।

६ दिनअघि चीनको भूमिमा पाइला टेक्नेबित्तिकै पेकिङ्गको विमानस्थलमा हामीलाई स्वागत गर्न आउने अखिल चीन ट्रेड युनियनका अध्यक्षलाई मैले कामरेड माओलाई भेट्ने मेरो इच्छा रहेको कुरा व्यक्त गरेको थिएँ । त्यतिखेर उहाँले कामरेड माओ त्यस समयमा कहाँ हुनुहुन्थ्यो, त्यो कुरो उहाँलाई थाहा नभएको, तर मेरो चाहनालाई क. माओसमक्ष पुऱ्याउन प्रयत्न गर्ने बचन मलाई दिनुभएको थियो ।

हामी त्यतिबेला अखिल रूस ट्रेड युनियनको निमन्त्रणामा रूस भ्रमण सिध्याएर अखिल चीन ट्रेड युनियनको निमन्त्रणामा चीन भ्रमण गर्न मास्कोबाट भर्खरै पेकिङ पुगेका थियौं । म अखिल नेपाल ट्रेड युनियनको अध्यक्ष थिएँ भने मेरो साथमा रहेका स्व. कुलराज श्रेष्ठ त्यसको महासचिव हुनुहुन्थ्यो ।

मलाई के लाग्दथ्यो भने- २००६ सालमा त्यतिखेर नेपालमा जुन सामन्ती चर्को शोषण थियो, त्यसबाट देशलाई मुक्त गरी देशमा नौलो जनवादको स्थापना गर्न म र अन्य साथीहरू मिलेर नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेका थियौं । त्यस पार्टीको सैद्धान्तिक आधार भनेको नै मार्क्स, ऐंगेल्स, लेनिन, स्टालीन र माओका विचार र सिद्धान्तहरू हुन् ।

ती महान् नेताहरूमध्ये मार्क्स, ऐंगेल्स, लेनिन र स्टालीनलाई त मैले भेट्न पाइनँ नै । तर, त्यतिखेरसम्म जीवित नेताको रूपमा रहनु भएका महान नेता कमरेड माओलाई त अवश्य नै भेट्न सकिन्छ र भेट्नुपर्छ भन्ने मलाई लागेको थियो । त्यसैले चीन भ्रमणको बेला क. माओलाई भेट्ने मेरो प्रबल इच्छा र अभिलाषा रह्यो ।

तर, त्यत्रो विशाल देशका सर्वोच्च स्थानमा रहनु भएका अति व्यस्त नेता तथा अन्तर्राष्ट्रिय स्तरका महान् नेता क. माओसंग हामीजस्ता सामान्य स्तरका विदेशी अतिथिलाई भेट्न समय होला कि नहोला भन्ने मलाई ठूलो डर थियो । तै पनि, वहाँलाई भेटने मेरो रहर र आशा भने मरेको थिएन ।



ट्रेड युनियनका अध्यक्ष कमरेडले 'भर्खरै कोठाभित्र पस्नु भएका आदरणीय कमरेड महान् नेता कमरेड माओ त्से तुङ्ग हुनुहुन्छ' भनी परिचय गराइदिनुभयो

मनमा अनेक कुराहरू खेलाउँदै हामी बाटोमा जाँदै थियौं । केही बेरपछि हामी एउटा ठूलो घर नजिक आइपुग्यौं । त्यो बिल्डिङ्गको वरिपरि पर्खाल लगाइएको थियो । पर्खालको ढोका खोली हामी भित्र पस्यौं । भित्र ठूलो कम्पाउण्ड थियो र कम्पाउण्डलाई बरफले पूरै ढाकेको थियो । हामी कम्पाउण्डको चीसो हावालाई छिचोलेर त्यस बिल्डिङ्गभित्र छिर्यौं ।

त्यो बिल्डिङ्ग अतिथिहरूलाई भेटघाट गर्ने घर रहेछ । चिनियाँ कमरेडहरूले हामीलाई भित्रको एउटा ठूलो कोठामा बस्न अनुरोध गरे । भित्रको त्यो कोठामा लहरै राम्रा कुर्सीहरू मिलाएर राखिएका थिए । र, त्यहाँ शुरूमा हामीलाई होटलमा छोडेर बाहिर निस्कनु भएका अखिल चीन ट्रेड युनियनका अध्यक्ष कमरेड र अन्य चिनियाँ कमरेडहरू पहिले नै आएर बसिरहनु भएको रहेछ । हामी त्यहीं उहाँहरूसंग कुर्सीमा बस्यौं ।

एकछिन केही कुराकानी गरिसकेपछि मसंगै बसिरहनु भएका अखिल चीन ट्रेड युनियनका अध्यक्ष कमरेड उठेर त्यो कुर्सी खाली गरी अर्को कुर्सीमा बस्न जानुभयो । मलाई अचम्म लाग्यो ! उहाँले त्यस्तो किन गर्नुभयो ?


केही मिनेटभित्रै त्यस कोठामा खैरो सफारी सूट लगाएका गोरो, मोटो र मभन्दा धेरै अग्लो एकजना चिनियाँ कमरेड मुस्कुराउँदै प्रवेश गर्नुभयो । त्यहाँ उपस्थित सबै चिनियाँ कमरेडहरूले उहाँलाई अभिवादन गरे र त्यो देखी हामीले पनि उठेर उहाँलाई अभिवादन गर्यौं ।

तत्कालै मभन्दा एउटा कुर्सी पर बसिरहनु भएका अखिल चीन ट्रेड युनियनका अध्यक्ष कमरेडले 'भर्खरै कोठाभित्र पस्नु भएका आदरणीय कमरेड महान् नेता कमरेड माओ त्से तुङ्ग हुनुहुन्छ' भनी परिचय गराइदिनुभयो ।

त्यतिखेर मलाई हर्षको सीमा नै रहेन । किनकि, त्यति सजिलै मैले कमरेड माओलाई भेट गर्न पाउँला भन्ने मलाई लागकै थिएन । र, त्यो समयमा म कामरेड माओलाई भेट्दैछु भन्ने कुरा एकछिन अघिसम्म मलाई थाहा थिएन । यसअघि हामीलाई कुनै एकजना केन्द्रीय नेताले भेट्न चाहेको मात्र भनिएको थियो र ती केन्द्रीय नेता क. मोओ नै हुन् भन्ने कुरा हामीलाई थाहा दिइएको थिएन ।

क. माओसंग अचानक र अप्रत्याशित

हामीलाई कुनै एकजना केन्द्रीय नेताले भेट्न चाहेको मात्र भनिएको थियो तर ती केन्द्रीय नेता क. मोओ नै हुन् भन्ने कुरा हामीलाई थाहा दिइएको थिएन



क. निरञ्जन गोविन्द वैद्य

भएको त्यस भेटको पहिलो क्षणमा म भावविभोर भएर केही पनि बोल्न सकिरहेको थिइँन । तर, क. माओले आफैं मेरो नजिक आएर मसंग हात मिलाउनुभयो । त्यतिखेर म यति भावविभोर भएँ कि- केही मिनेटसम्म त मैले क. माओको हात छोड्नै सकिनँ ।

एकछिनको मौनतालाई तोडेर क. माओले मुस्कुराउँदै मलाई सोध्नुभयो- "तपाई यहाँ चीनमा आइपुग्नु भएको कति दिन भयो ?"

मैले भनें- "आजबाट ६ दिन पुग्यो ।"

त्यसपछि क. माओ मेरो नजिकको कुर्सीमा बस्नुभयो । त्यतिबेला मात्र बल्ल थाहा भयो- अघि शुरूमा मसंगै बसिरहेका अखिल चीन ट्रेड युनियनका अध्यक्ष कमरेड उठेर त्यो सीट किन खाली गर्नुभएको भनेर । वास्तवमा क. माओले हामीसंगै बसेर कुराकानी गर्न रूचाउनु भएकोले नै मसंगैको कुर्सी खाली गरिएको रहेछ ।

कुर्सीमा बस्दै क. माओले मलाई पुनः सोध्नुभयो- "के के हेर्नुभयो, कहाँ कहाँ जानु भयो र कस्तो लाग्दैछ ?"

मैले जवाफ दिएँ- "चीन समुद्र जस्तो एक विशाल देश हो, यस्तो विशाल देशमा मैले कति हेरें हुँला र ! तर, मैले जति देखें, ती सबै नै राम्रा छन् ।"

जवाफ दिने क्रममा मैले त्यतिन्जेलसम्म भ्रमण गरेकोमा जे जति देखें, ती सबै बताइदिएँ । र, चीनको विकासबाट म निकै नै प्रभावित भएको कुरा पनि बताइदिएँ ।

तर, चीनको विकासको बारेमा मैले बताई नसिद्धिदै बीचैमा कुरा काट्दै क. माओले भन्नुभयो-

"अहँ, यहाँ सबै कुरा राम्रा भइसकेका छैनन् । तपाईले नराम्रा कुराहरू देख्नु भएन ?

हो, तपाईले नराम्रा कुरा कहाँ देख्नु हुन्छ र ? किनकि, हाम्रा साथीहरूले तपाईहरूलाई राम्रा कुराहरू मात्र देखाए होलान् । उहाँहरूले तपाईहरूलाई यहाँका नराम्रा कुराहरू देखाउन छुटाउनु भयो होला ।

हेर्नुस्, हामी कहाँ अझै नराम्रा कुराहरू धेरै बाँकी छन् । हामीले अझै धेरै कुराको निर्माण गर्न बाँकी छ ।"

क. माओका यी कुराहरू हामीलाई अनौठा लागे । त्यसपछि उहाँले हामीलाई त्यतिखेर चीनको सोभियतसंघसंग चलिरहेको सैद्धान्तिक बहस र मतभिन्नताहरूको बारेमा मोटामोटी रूपमा बताउनुभयो र भन्नुभयो- "दस्तावेज तयार भइसकेको भए, अहिले तपाईहरूलाई दिई पठाउन मिल्थ्यो । तर, के गर्ने ? त्यो अहिले नै तयार भइसकेको छैन ।"

"तपाईहरू भोलि नै फर्कदै हुनुहुन्छ । त्यसैले, त्यो दस्तावेज तयार भएपछि हामी तपाईहरूलाई पठाइदिन्छौं ।

"विश्व कम्युनिष्ट आन्दोलनमा यस्ता विवादहरू पहिले पहिले पनि हुने गर्थे र हामीले तिनीहरूलाई बेहोर्दै आएका छौं ।"

कुराकानीको दौरानमा क. माओले नेपालको बारेमा सोध्नुभयो र त्यस्तै नेपाल कम्युनिष्ट पार्टीको बारेमा पनि सोध्नुभयो । र, नेपाल र नेकपाको बारेमा मैले बताएका सबै कुराहरू अत्यन्त ध्यानपूर्वक सुन्नुभयो ।

मैले नेपाल कम्युनिष्ट पार्टीको बारेमा बताउँदा उहाँले "पार्टीको महासचिव को हुनुहुन्छ ?" भनेर सोध्नुभयो । मैले नेकपाको महासचिव डा. केशरजङ्ग रायमाझी भएको बताएँ । मैले भने- "तपाईंले त उहाँलाई एक पटक मास्कोमा भेटिसक्नु भएको हो नि !"

क. माओले भन्नुभयो- "ए ! होला, शायद मैले भेटिसकेको हुनसक्छ । तर, मैले बिर्से हुँला । उहाँलाई मेरो धेरै धेरै नमस्कार छ भनिदिनु होला ।"

त्यसपछि क. माओले हामीलाई चिनियाँ कम्युनिष्ट पार्टीभित्र चल्दै आएका सैद्धान्तिक लडाईहरूका बारेमा विस्तृत रूपमा बताउनुभयो । उहाँले चिनियाँ कम्युनिष्ट पार्टीले पार्टीभित्र देखापरेका उग्रवाद र सुधारवादसंग कसरी संघर्ष गर्दै आएको छ र अझै त्यो संघर्ष जारी छ भन्ने विषयमा हामीलाई राम्ररी बताउनुभयो । र, उहाँले भन्नुभयो- "तर, हामीले लगातार संघर्ष गर्दै सही बाटो समातिरहेका छौं ।"

यहाँनिर मलाई के भन्न मनलाग्छ भने, चिनियाँ कम्युनिष्ट पार्टीभित्र त्यत्रो मतभेद र आन्तरिक कलह हुँदाहुँदै पनि क. माओले त्यसलाई अत्यन्तै कुशलतापूर्वक एकीकृत रूपमा अगाडि बढाउनुभयो र कहिल्यै पार्टीलाई फुट हुन दिनुभएन । सन् १९४९ मा भएको चिनियाँ क्रान्तिको लागि क. माओको त्यो भूमिकाले धेरै काम गरेको महसूस गर्न सकिन्छ ।

कुराकानीको अन्तमा क. माओलाई मैले भनें- "हामीले मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन र माओको सिद्धान्त अप्नाएर नै नेपालमा नौलो जनवादी क्रान्ति गर्ने भनेर नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेका हौं । हामीले मार्क्स, ऐंगेल्स, लेनिन र स्टालीनलाई त भेट गर्न पाएनौं । तर तपाईलाई भेट्न पायौं । यो हाम्रो ठूलो भाग्यको कुरो हो ।"

कुरालाई बीचमै काट्दै क. माओले भन्नुभयो- "म पनि मार्क्स, ऐंगेल्स, लेनिन र स्टालीनको एक शिष्य मात्र हुँ ।"

क. माओले देखाउनु भएको त्यो नम्रताले उहाँको महानता स्पष्टसंग झल्कन्थ्यो । विश्व सर्वहारा वर्गका महान् नेताको रूपमा विश्वभरि नै चर्चाको र आदरको शिखरमा पुग्नुभएका क. माओले आफूलाई कहीं कतै अलिकति पनि अहंकारीको कोटीमा राख्नु भएन । यसले मेरो हृदयमा गहिरो रूपमा नै छोयो । म अत्यन्तै भावविभोर भएँ । कुराकानी सकिएपछि क. माओसंग बिदावारी गरी पुनः हामीहरू बसेको होटलमा फर्क्यौं र भोलिपल्ट उत्तर कोरियाको यात्रामा जानको लागि हामी तयारीमा जुट्यौं ।

क. माओसंग हाम्रो कुराकानी करीब एक घण्टासम्म चल्यो । त्यो एक घण्टाको समय मेरो जीवनको अत्यन्त महत्वपूर्ण क्षणको रूपमा रहेको छ ।

❑

(क. निरंजन गोविन्द वैद्यसंगको कुराकानीको टेप उतारको आधार तयार गरिएको- मूल्यांकन)

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५२ औं शुभजन्मोत्सवको उपलक्ष्यमा
मौसूफ सरकारमा सुस्वास्थ्य एवं दीर्घायुको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं !

अध्यक्ष प्रमोदकुमार श्रेष्ठ
इटहरी गा.वि.स. कार्यालय, सुनसरी

श्री ५
महाराजाधिराज
वीरेन्द्र वीर
विक्रम शाहदेव
सरकारको
५२ औं
शुभजन्मोत्सवको
उपलक्ष्यमा मौसूफ
सरकारमा
सुस्वास्थ्य एवं
दीर्घायुको
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

बालाजु
यन्त्रशाला
(प्रा.) लि.

बा. औं. क्षे.
बालाजु, काठमाण्डौं,
पोष्ट बक्सः २०९
फोनः २७२१४७, २७०८९४
फ्याक्स ९७७-१-२७२३७९
टेलेक्सः २४२९ BYS NP.

# क्रान्ति कसको लागि र कहाँबाट ?



हाम्रो क्रान्तिकारी आन्दोलनको एउटा प्रमुख समस्या वैज्ञानिक विश्व-दृष्टिकोणको समस्या रहेको छ । हामीले समाजमा क्रान्ति गर्न त खोज्यौं, तर आफ्नै विश्व-दृष्टिकोणमा कदापि क्रान्ति गरेनौं । हामी हरेक समस्यालाई हेर्ने आफ्नो ढंग नबदलिकन नै समाज बदल्न हिँड्यौं । आफै नबदलिएका मान्छेले दुनियाँ बदल्न खोज्दा जे समस्या आइलाग्छ, त्यो समस्या हाम्रो क्रान्तिकारी आन्दोलनमा देखा परिरहेछ ।

तर कार्ल मार्क्सले त स्पष्टै भन्नुभएको थियो- संसार बदल्नुअघि श्रमिक वर्गले आफूलाई बदल्नु पर्छ । शिक्षकले पहिले आफू शिक्षित हुनुपर्छ ।

हामीकहाँ चाहिं उल्टो भएको देखिएको छ । हामी संसार बदल्न कस्सियौं, आफूलाई नबदलीकन नै । हामी समाजमा क्रान्ति गर्न कस्सियौं, आफ्नो दृष्टिकोण र जीवनमा क्रान्ति नल्याइकन नै । हामीले आफ्नो हेर्ने अवैज्ञानिक ढंग, जिउने अवैज्ञानिक ढंगलाई आमूल परिवर्तन गर्न त जरूरी नै ठानेनौं । खालि हामी बाहिरको निम्ति चिन्तित भयौं, अरूको निम्ति चिन्तित भयौं, आफूलाई चाहिँ जस्ताका तस्तै राखेर । हामी यसरी मूल रूपमा बहिर्मुखी भयौं । हामी मूल रूपमा 'परोपकारको मनोभावनाले' क्रान्तिको मैदानमा कुद्यौं ।

तर दुनियाँमा क्रान्ति गर्ने हो भने- पहिलो क्रान्ति त आफ्नो बेठीक विश्व-दृष्टिकोणमा हुनुपर्छ । आफ्नो बेठीक जीवनशैलीमा हुनुपर्छ । क्रान्ति त पहिले आफ्नो जीवनबाट, आफ्नो परिवारबाट प्रारम्भ गरिनुपर्छ । आफूलाई बदल्न बाँकी राखेर खालि देश दुनियाँमा क्रान्ति खोज्ने कुराले ढोंगको मात्र शुरूवात हुन्छ, क्रान्ति कहिल्यै घटित हुन्न । नबदलिएको मान्छेले दुनियाँलाई बदल्न सक्छ नै कसरी ? नबलेको अगुल्टोले निभेको अगुल्टो बाल्न सक्छ नै कसरी ? आफ्नो दृष्टिकोण र जीवनमा क्रान्ति नघटाएकाहरूले समाजको दृष्टिकोण र जीवनमा क्रान्ति ल्याउँछन् नै कसरी ?

माओले भन्नुभएको थियो- क्रान्तिको पहिलो निशाना आफू हुनुपर्छ । यो भनाइको मूल मर्म पनि यही हो । आमूल परिवर्तन पहिले आफ्नो जीवन र दृष्टिकोणमा गरिनुपर्छ । जुन हदसम्म आफ्नो जीवन र दृष्टिकोणमा क्रान्ति गर्न सकिन्छ, त्यति हदसम्म समाजमा क्रान्ति घटित गर्न प्रयत्न गर्नु नै जायज, नैतिक र सही हुन्छ । यो संभव पनि हुन्छ । यसमा कुनै ढोंग हुँदैन ।

देश दुनियाँमा त क्रान्ति जरूरी, तर आफ्नो दृष्टिकोण र जीवनमा चाहिं क्रान्ति जरूरी कि गैर-जरूरी ? समाजमा क्रान्ति खोज्ने प्रत्येकले पहिले यो सवाल हल गर्नुपर्दछ । हाम्रो आन्दोलनको एउटा प्रमुख समस्या के रह्यो भने- हामीले क्रान्ति आफ्नो निम्ति जरूरी ठानेनौं, सिर्फ अरूको निम्ति, समाजको निम्ति जरूरी ठान्यौं । पुरस्कारको मानसिकता, बदलामा केही पाउने मानसिकता यसैको परिणाम हो । आफ्नो लागि क्रान्ति जरूरी नभएका मान्छेले 'परोपकारको मनोभाव'ले सिर्फ अरूको लागि क्रान्तिको मैदानमा उत्रन्छ भने, स्वभावतः त्यसले बदलामा केही खोज्छ, खोज्छ । मैले समाजका लागि यति यति त्याग गरें, यति धेरै नोक्सानी उठाएँ, खै त मैले त्यसको बदलामा के पाएँ ? -यस्तो धारणा हामीले नेपाली राजनीतिक मैदानमा यत्रतत्र अभिव्यक्त भएको देख्दछौं । यसको चुरो कारण, पुरस्कारको मानसिकता हो । सिर्फ अरूको लागि क्रान्ति गर्न खोजेको मनोभावले नै यो धारणा जन्माएको हो । नत्र, क्रान्ति आफ्नै निम्ति जरूरी थियो भने, फेरि पुरस्कारको सवाल उठ्छ नै कसरी ? के हामीले आफ्नै लागि बोकेको भारीको ज्याला खोज्दछौं र ?

फेरि अरूको कल्याणको लागि मात्र जरूरी ठानिएको 'भोलन्टरी काम' हुन्छ नै कति दिगो ? आफ्नो कल्याण त अरू नै कुराले हुन्छ भन्ठानिएको छ भने, अन्ततः आफ्नो ध्यान र ध्याउन्ना त जान्छ त्यसैमा । क्रान्ति हाम्रो ध्यान र ध्याउन्ना बन्नै सक्दैन ।

यसरी हाम्रो क्रान्तिकारी आन्दोलनमा क्रान्ति कसको लागि ? र, क्रान्ति पहिले कहाँबाट ?- यी दुईवटै आधारभूत सवालमा गडबडी देखिन्छ । गलत धारणा देखिन्छ । क्रान्ति पहिले आफ्नो लागि जरूरी र उपयोगी छ कि छैन ? त्यो सोचिनुपर्दछ ।

आफ्नो लागि जरूरी र उपयोगी छ भने- त्यो भएकै अनुभूतिको आधारमा यो आफूजस्तै मान्छेहरू भएको समाजको लागि पनि जरूरी र उपयोगी सोचिनुपर्दछ । आफ्नो लागि जरूरी र उपयोगी नठहरिएको क्रान्ति कुनै स्वार्थवश देश दुनियाँमाथि लादन खोज्नु सरासर अनैतिकता हो । यो आफ्नो निम्ति विषालु हुन जाने ओखती नाफाको लागि समाजमा बेच्न खोज्नु जस्तै हो ।

**आफ्नो लागि जरूरी र उपयोगी नठहरिएको क्रान्ति कुनै स्वार्थवश देश दुनियाँमाथि लादन खोज्नु सरासर अनैतिकता हो**

क्रान्तिको प्रक्रिया पनि थालिनुपर्छ, सर्वप्रथम आफैंबाट । आफ्नै घरबाट । आफ्नो लागि नै क्रान्ति जरूरी हुने र आफैंबाट क्रान्ति प्रक्रिया शुरू गर्नेहरूले नै संसारमा क्रान्ति घटित गर्न सक्छन् । पहिलो कुरो त, उनीहरूसित नै क्रान्तिसम्बन्धी आफ्नै जीवन्त अनुभूति र अनुभव हुन संभव हुन्छ । दोस्रो, उनीहरूसित क्रान्तिको लागि समाजलाई जागृत गर्ने नैतिक बल पनि हुन्छ । समाजको निमित्त उनीहरूको अपील बढी प्रभावकारी र ग्राह्य पनि हुन्छ ।

अर्काको लागि मात्र 'दयावश' क्रान्तिको मैदानमा हाम्फालेको भन्ठान्नेहरूले, आफैंबाट क्रान्तिको प्रक्रिया शुरू नगर्नेहरूले, रहरवश थोरै समय परोपकारका लागि 'दान' गर्न सक्लान्, दीगो रूपमा उनीहरू क्रान्तिकारी प्रक्रियामा सरिक भइरहन संभव छैन । सरिक केही समय भइहाले पनि उनीहरूले 'चक्रबृद्धि ब्याजसहित' आफ्नो त्यागको असुली खोज्नेछन् । किनकि, अरूको निम्ति गरिदिएको कामको ज्याला खोज्नु स्वाभाविक पनि त छ ।

यसबाहेक, उनीहरूसित आफ्नै जीवनको व्यवहारबाट प्राप्त जीवन्त अनुभव र अनुभूति पनि त हुँदैन । उनीहरूसित समाजलाई अपील गर्ने नैतिक बल पनि त हुँदैन । जसको कुरा पूर्व फर्केको छ र जीवन पश्चिम, उसको अपीलमा दम नै कति हुन्छ ? जुन दियो खुदै बलेको छैन, त्यसले निभेका दियोहरू बाल्ने कत्तिको क्षमता राख्छ ?

हाम्रो क्रान्तिकारी आन्दोलनमा अहिले नेताहरूको अपील मर्दैछ । नेतृत्वप्रतिको जनआस्था आम रूपमा मर्दैछ । क्रान्तिको निम्ति आह्वान गर्ने नैतिक बल नै क्रान्तिको नेतृत्व गर्न तम्सिएकाहरूमा मर्दैछ । यो गंभीर नेतृत्व-संकटको संकेत हो ।

तर यसको असली कारण के हो ? किन यस्तो हुँदैछ ?

समस्याको गहिराइमा जाने हो भने- यसको जरो कारण एउटै भेटिन्छ: नेतृत्वको जीवन र व्यवहारमा क्रान्तिको प्रक्रिया कतै देखिएन । उनीहरूको भनाइ र गराइमा निकै गहिरो खाडल भेटियो । क्रान्तिकारी विश्व-दृष्टिकोण र जीवनशैलीप्रतिको प्रतिबद्धता कुरामा त निकै देखियो, तर जीवनमा त्यो देखिएन । जीवनशैली द्वैध देखियो- मिटिङ र आमसभाहरूमा एउटा, भित्री जीवनमा अर्को । सारमा, क्रान्तिको आह्वान बाहिर खूब गरियो, तर आफ्नै दृष्टिकोण र जीवनशैलीमा कतै क्रान्ति देखिएन ।

हामी क्रान्तिकारीहरूले पटक पटक घोषणा गर्‍यौं- हाम्रो विश्व-दृष्टिकोण द्वन्दात्मक-भौतिकवाद हो, हाम्रो संस्कृति-वैज्ञानिक समाजवाद हो । तर यो घोषणा एउटा औपचारिक मामला मात्र रह्यो । सिर्फ सभा-बैठकमा यसलाई मान्छु भनिदिए पुग्ने, यसलाई दैनिक जीवनमा अंगीकार गर्न संघर्ष थाल्नु नपर्ने । सिर्फ यसप्रति भक्तिभाव देखाए पुग्ने, यो दिनदिनैको व्यवहारमा अँगाल्नु नपर्ने ।

क्रान्तिको निम्ति बाहिर जनतालाई आह्वान गरे पुग्ने, आफ्नै दृष्टिकोण र जीवनमा कतै क्रान्ति थाल्नु नपर्ने ।

यो प्रक्रियाबाट धर्मशास्त्र र मार्क्सवादमा कुनै तात्विक अन्तर नै हुने भएन । पण्डा पुरोहितहरूले धर्मशास्त्रलाई जसरी मागीखाने भाँडो बनाए, त्यसरी नै हामीले मार्क्सवादलाई मागीखाने भाँडो बनायौं ।

**पण्डा पुरोहितहरुले धर्मशास्त्रलाई जसरी मागीखाने भाँडो बनाए, त्यसरी नै हामीले मार्क्सवादलाई मागीखाने भाँडो बनायौं**

द्वन्दात्मक-भौतिकवाद त जीवनका हरेक समस्या वैज्ञानिक ढंगले हल गर्नका लागि प्रयोग गर्न सकिने जीवन-दर्शन हो । खालि क्रान्तिकारीहरूले मात्र होइन, समाजका हरेक मान्छेले यसको प्रयोग गर्न सक्छन् । प्रयोग गर्दा समस्याको समाधान सबैभन्दा वैज्ञानिक ढंगले गर्न संभव हुन्छ ।

तर मेरो घरमा कुनै पनि समस्या आइलाग्दा म झट्ट कुन विश्व-दृष्टिकोण प्रयोग गर्छु ? हामी क्रान्तिकारीहरू कुन विश्व-दृष्टिकोण प्रयोग गर्छौं ? के त्यो विश्व-दृष्टिकोण द्वन्दवादी-भौतिकवादी भइरहेको छ ?

मानिलिनुहोस्, मेरो छोरा कुलतमा लाग्यो । समस्या समाधान गर्न मैले उसलाई बेस्सरी पिटिदिएँ । त्यतिले पनि नटेरेपछि डोरीले बाँधी राखें दिनभरि र टाउकोबाट चीसो पानी ओइर्‍याइदिएँ । समस्यालाई हेर्ने र हल गर्ने मेरो यो दृष्टिकोण के द्वन्दात्मक-भौतिकवादी भयो ?

द्वन्दात्मक-भौतिकवादले त सर्वप्रथम हरेक समस्याको जरो कारण र पृष्ठभूमि नै पत्ता लगाऊ भन्छ । यथार्थको गहिराई नै पहिले थाहा पाऊ भन्छ । यो अनुसार त पहिले मैले ऊ किन कुलतमा लाग्यो र कुन कुन कुराले उसलाई कुलत अप्नाउन उत्प्रेरित गर्दैछ भनेर पत्ता लाउनु जरूरी हुन्थ्यो । त्यो थाहा भएपछि जरोमै समस्याको उपचार गर्नु जरूरी हुन्थ्यो । तर मैले त त्यस्तो गर्दै गरिनँ । मैले त समाजका औसत मान्छेले जस्तै सारा दोष उसको कुसंगतलाई दिएर काल्पनिक अनुमानका भरमा छोरालाई कुसंगतमा लागेवापत कठोर दण्ड दिएँ । यो मेरो समस्यालाई हेर्ने र हल गर्ने मनगढन्त ढंग द्वन्दात्मक-भौतिकवादी भएन । यो आदर्शवादी-अधिभूतवादी दृष्टिकोण भयो । तर मेरो हरेक समस्यालाई हेर्ने ढंग यस्तै छ । र, म एउटा क्रान्तिकारी पार्टीको नेतासमेत छु । अब भन्नुहोस्- यस्तै विश्व-दृष्टिकोण अँगालेको मैले, समाजको विश्व-दृष्टिकोणमा क्रान्ति ल्याउन सक्छु ?

यो त एउटा उदाहरण मात्रै हो । हामी हाम्रो दैनिक जीवनमा कैयन समस्याहरूमा यस्तै गरिरहेछौं । द्वन्दात्मक-भौतिकवाद त्यहाँ कतै काममा आइरहेकै छैन । कुनै पनि समस्या आउँदा त्यहाँ प्रयोग भइरहेछ अर्कै कुनै वाद, अर्कै विश्व-दृष्टिकोण, जसको द्वन्दात्मक-वस्तुवादसित गोरू बेचेको साइनोसमेत छैन । तर हामी देशमै मार्क्सवादका प्रवक्ता भएर मैदानमा उत्रिरहेछौं । योभन्दा गंभीर विसंगति अरू के हुन सक्छ ?

पहिला त हामी आफैंले प्रयोग गरी हेर्नुपर्ने- द्वन्दात्मक-भौतिकवाद हाम्रो जीवनका प्रत्येक समस्या सबैभन्दा बैज्ञानिक ढंगले हल गर्न सहायक हुन सक्छ कि सक्दैन ? त्यो हाम्रो लागि उपयोगी र जरूरी छ कि छैन ? हामीले त्यो नै हेरेनौं । अनि जुन कुरा हामी आफैंले प्रयोग गरी हेरेका छैनौं, त्यो प्रयोग गर, राम्रो नतिजा निक्लन्छ भनेर हामी अरूलाई कसरी भन्न सक्छौं ? कुन नैतिकताले भन्न सक्छौं ?

जीवन-शैलीका सवालमा पनि यस्तै भइरहेको देखिन्छ । हामी समाजवादी जीवनशैली सर्वोत्तम हो भनेर समाजमा प्रचार गरिरहेछौं । तर हाम्रो घर-घरमा हामी कुन जीवनशैलीमा बाँचिरहेछौं ? हामी हाम्रो घरमा निरंकुश राजा जस्तै गरी बाँचिरहेछौं कि प्रजातन्त्रका जनता जस्तै ? हाम्रो परिवारमा जहान, छोराछोरीहरूलाई, भाइबहिनीहरूलाई हाम्रो दोष देखाउने प्रजातन्त्र उपलब्ध त छ ? उनीहरू पनि नीति-निर्णयमा सहभागी हुन पाउँछन् कि नीति निर्णय हामी मात्रै गर्छौं ? त्यहाँ सम्पत्तिमा अधिकार सामूहिक छ कि व्यक्तिगत ?

अक्सरतया के देखिएको छ भने- हामी परिवारमा र पार्टीमा निरंकुश राजतन्त्र अन्तर्गतको राजाजस्तै निरंकुश हुन्छौं, तर बाहिर हामी जनवादका प्रवक्ता हुन्छौं । भित्र हामी एउटा पूँजीपति जत्तिकै व्यक्तिवादी हुन्छौं, नाफामुखी हुन्छौं, आत्मकेन्द्रित हुन्छौं, बाहिर हामी पूँजीवादको अन्त्यको लागि आन्दोलनको आह्वान गरिरहेका हुन्छौं । भित्र हाम्रो जिउने ढंग एउटा सामन्त वा पूँजीपतिको जस्तै हुन्छ, बाहिर हामी सामन्तवाद र साम्राज्यवादको उन्मूलनको कुरा गरिरहेका हुन्छौं । विसंगतिको योभन्दा अर्को उदाहरण अरू के हुन सक्छ ?

यही विसंगतिले गर्दा हाम्रो क्रान्तिकारी आन्दोलनमा नेतृत्वको अपील-क्षमता धराशायी हुँदैछ । नेतृत्वप्रति आम रूपमा विश्वासको संकट पैदा भएको छ । हामी 'रातो मूला क्रान्तिकारी' भएका छौं । रातो मूला बाहिरबाट हेर्दा रातै देखिन्छ । काटी हेर्‍यो भने त्यसको भित्र पूरै सेतो हुन्छ । हामी पनि त्यस्तै भएका छौं । बाहिर हाम्रो भाषण, कुराकानी रातो छ, रातो मूलाको जस्तै । भित्र हाम्रो विश्व-दृष्टिकोण र जीवनसंस्कृति सेतै छ, मूलाको जस्तै ।

४७ वर्ष भइसकेको छ, यहाँ कम्युनिष्ट आन्दोलन शुरू भएको । तर पनि यहाँ नेपाली क्रान्तिको सिद्धान्त विकास गर्न सकिएको छैन, नेपालको वस्तुगत परिस्थितिसित मेल खाने र नेपाललाई आमूल परिवर्तनतिर लैजाने । यस्तो गर्न नसक्नुको मूल कारण पनि यही हो । आफ्नो विश्व-दृष्टिकोण र जीवनशैलीमा क्रान्ति घटित गर्न सकेकाहरूले नै यस्तो क्रान्तिकारी सिद्धान्तको विकास गर्न संभव हुन्छ । तर यहाँ त्यो नै मूलतः भएन । त्यसैले हामी उधारो क्रान्तिकारी सिद्धान्तले नेपाली क्रान्तिको समस्या हल गर्न खोजिरहेछौं ! तर यो 'जुत्ता अनुसारको खुट्टा' जस्तै भइरहेछ, हुनुपर्ने 'खुट्टा अनुसारको जुत्ता' हो । ❑


नेपाल आयल निगम

सफलतापूर्वक २६ औं वर्ष पूरा गरी २७ औं वर्षमा प्रवेश गरेको छ ।

यस सुखद् उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरूमा अझ उच्चस्तरीय सेवा पुर्‍याउने प्रतिवद्धता व्यक्त गर्दछौं !

NEPAL OIL CORPORATION LTD

नेपाल आयल निगम लि.

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५२ औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारमा सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं !

धरान नगरपालिका
सुनसरी

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५२ औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारमा सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं !

अध्यक्ष, रोहित ब. कार्की
तथा खनार गाविस परिवार,
सुनसरी

# भूमिमा द्वैध नियन्त्रणको अन्त



फोटो: उषा

## भूमि ऐनमा भएको हालैको संशोधन !

## के हुन सक्छ, यसको दीर्घकालीन परिणाम ?

◆

**महेशचन्द्र रेग्मी**

मोहीलाई एक अंश जग्गा दिएर बाँकी जग्गाधनीले लिने व्यवस्था यहाँ पहिलेदेखि थियो । त्यसैलाई अहिले भूमिसम्बन्धी चौथो संशोधन, २०५३ ले अनिवार्य विषय बनायो । कुरो यति मात्रै हो, यो बिलकुलै नयाँ व्यवस्था होइन ।

यो नयाँ कानूनी व्यवस्थाअन्तर्गत तिनीहरूले मात्र मोहीयानी हकअन्तर्गत जग्गा आधाआधी पाउनेछन्, जसले २०२१ सालको भूमि सम्बन्धी ऐन लागू भएपछि आफूलाई मोहीको रूपमा आधिकारिक रूपबाट दर्ता गर्न सके वा दर्ता गर्ने प्रक्रियामा छन् । अरूले यो हक पाउने छैनन् । जसले लालपुर्जामा मोहीको निस्सा पाउन सके वा पाउने प्रक्रियामा छन्, उनीहरूले यो हक पाउँछन् । अरूलाई यो ऐनले छुँदै छुँदैन ।

२०३८ सालको कृषि गणना अनुसार, नेपालमा मोही लागेको जम्मा एक लाख अट्ठाइस हजार हेक्टर जमीन छ । त्यसमा जम्मा डेढ लाख जति मोही छन् । तिनैले मात्र यो हक पाउँछन् ।

जग्गा खण्डीकरण नेपालको एउटा प्रमुख समस्या भएको छ । आर्थिक हिसाबले पर्ता नपर्ने जमीनका टुक्राहरू निकै बढिरहेका छन् । त्यो स्थिति भएको हाम्रो देशमा यो नयाँ संशोधनले जमीनको खण्डीकरण झन् बढाउनेछ । यतिन्जेल एउटा १० रोपनीको जमीन छ । त्यसमा अब ५ रोपनी जग्गावालाले, ५ रोपनी मोहीले पाएपछि जग्गाको खण्डीकरण बढ्यो कि घट्यो ?

त्यसमाथि, राम्रोसंग काटकूट हुन सक्ने, काटकूट भए पनि आर्थिक हिसाबले पर्ता पर्ने जमीनमा त खण्डीकरण भए पनि त्यति ठूलो असर नपर्ला । तर अब उता काटकूट गर्न नमिल्ने, काटकूट गरियो भने आर्थिक हिसाबले पर्तै नपर्ने जमीनमा के गर्ने ?

जग्गाधनी र मोहीले आपसी सहमतिबाट संयुक्त निवेदन दिएपछि जग्गा आपसमा बाँडिने कुरा कानूनमा उल्लेख छ । मलाई चित्त नबुझेको कुरा के हो भने- त्यसरी आपसी सहमति हुन सक्ने स्थिति भए त यो कानून नै किन चाहियो ? आपसी सहमतिबाट त जे पनि हुन संभव भइहाल्छ नि !

मलाई के लागेको छ भने, यो नयाँ कानूनी व्यवस्थाको उद्देश्य हाम्रो समाजमा उदयमान नयाँ पूँजीपति वर्गलाई जग्गाको हक मोहीमा सार्नुपर्ने झंझटबाट मुक्त गर्नु हो । यो ऐन पूरै Newly emerging capitalist class को फाइदालाई याद राखेर बनाइएको हो । यो ऐनमार्फत् सरकारले नयाँ उदयमान पूँजीपति वर्गलाई के आश्वासन र विश्वास दिलाउन खोजेको छ भने- अब जमीनमा बेरोकटोक पूँजीवादी खेती गर, अब तिमीले कसैलाई पनि मोहीयानी हक दिनु पर्दैन, जमीनको स्वामित्व बाँड्नु पर्दैन । अब उप्रान्त सबै जोताहाहरू तिम्रा मगनीवाला मजदूर हुन् । मोही लगाऊ वा हटाऊ, आफूखुशी गर । जे गरे पनि राज्यले हस्तक्षेप गर्ने छैन ।

सबैभन्दा महत्वपूर्ण परिणाम के हुने भो भने- यो ऐन लागू भएपछि जग्गावालाले जमीनमा जे गरे पनि पाउने भो । कानूनले अब जग्गावालाको निम्ति कुनै कर्तव्य तोकेन । राज्यले अब जग्गावालालाई फुक्का छोड्ने भो । मोही राख, हटाऊ वा जेसुकै गर, अब उप्रान्त राज्यले कुनै सरोकार नै नराख्ने भो ।

मोहीहरू अब 'ब्याक टु मंगलसान' हुने भए । मोहीहरू अब २०२१ सालअघिकै स्थितिमा फर्कने भए । जुन मोहीलाई हित गर्न भनेर २०२१ सालमा भूमि सुधार गरिएको थियो, त्यो भूमि सुधार अब निष्क्रिय हुने भो । अब मोहीहरू भूमिसुधार लागू हुनुअघिजस्तै जति जमीन जोते पनि जमीनमा कुनै हक नपाउने दर्जामा गए । उनीहरू मगनीका मजदूरहरूको दर्जामा गए ।

यो संशोधनमा के व्यवस्था गरिएको छ भने- जग्गाधनी र मोहीबीच मंजुरी हुन नसकेमा जग्गावाल र मोहीमध्ये कुनै एक पक्षले आवेदन गर्न आएमा तोकिएको अधिकारीले आवश्यक प्रमाण बुझी मोहीलाई कमाएको जग्गाको आधा क्षतिपूर्तिवापत दिएर जग्गाको बाँडफाँड गर्नु पर्नेछ । र, अधिकारीले जे निर्णय गर्‍यो, त्यो फैसलामा कहीं पुनरावेदन गर्न पाइन्न, सर्वोच्चमा रिटसम्म दिन पाइन्छ ।

यो व्यवस्थाअन्तर्गत सबै जमीन जग्गाधनीले लिने हो भने, मोहीलाई क्षतिपूर्ति जग्गाधनीले दिनुपर्ने भो । र, जग्गाधनीले पूरै जग्गा मोहीलाई दिने हो भने मोहीले जग्गाधनीलाई क्षतिपूर्ति दिनुपर्ने भो ।

यो कानूनी व्यवस्थाले जटिलता मात्र बढाउने छ । र, सरकारी अधिकारीको भ्रष्टाचार र नोकरशाहीतन्त्रको निमित्त यसले प्रशस्त निकास खोल्नेछ ।

जोसंग प्रमाण छ, लालपुर्जामा जोताहाको निस्सा छ, उसले त मोहीको हक पाउँला । तर जोसंग छैन, उसले के गर्ने नि ? त्यस्ता कति मोही छन् ?- कसैलाई थाहा छैन । ती लाखौंको संख्यामा पनि हुन सक्छन् । तिनको हातबाट त सधैंको लागि मोहीयानी हक र जमीन गयो । वा सरकारी अधिकारीलाई चलखेल गर्ने, भ्रष्टाचार गर्ने ठाउँ भयो । यो कानूनले ५/७ प्रतिशत मोहीलाई मात्र छुने देखिन्छ । अरूलाई

**नेपालमा गयल जमीन्दारी खत्तम भएको छैन । न त आफूले जोत्न सक्नेभन्दा धेरै बेसी जमीन थुपार्न सक्ने स्थिति नै खत्तम भएको छ । न त बेदर्ताका लाखौं मोहीहरुले नै आफ्नो नाम मोहीको रुपमा दर्ता गर्न पाएका छन् । यो स्थितिमा नेपालमा हालै भूमि ऐनमा चौंथो संशोधन गरी भूमिमा द्वैध नियन्त्रण खत्तम गरिएको छ । अब उप्रान्त मोही भन्ने कोही नहुने र मोही भए पनि मोहियानी हक दिनु नपर्ने गरिएको छ । मोही लगाउने स्थिति चाहिं कायमै रहनु, तर मोहीलाई मोहीयानी हक दिनु नपर्ने पार्नु । के हुन सक्छ, यसको पछाडिको नियत ? के हुन सक्छ, यसको आर्थिक सामाजिक क्षेत्रमा परिणाम ? कसको हितको निम्ति यस्तो गरिएको होला ?**

**यो बारेमा देशमा गंभीर बहस छेडिनु जरुरी भएको छ ।**

**यो नेपालको भूस्वामित्वको क्षेत्रमा निकै गंभीर घटना हो । तथापि, संसदभित्र र बाहिर यसबारे अझसम्म पनि गंभीर छलफल चलेको छैन । कतैबाट पनि यसको गंभीर विरोध भएको छैन । मानौं, यहाँ केही पनि नभएको सरह छ ।**

**यो स्थितिमा नयाँ कानूनी व्यवस्थाबारे देशव्यापी रुपमा चिन्तन-मननको प्रक्रिया चलोस् भन्ने उद्देश्यले हामीले यस पटक प्रसिद्ध अर्थविद् महेशचन्द्र रेग्मीको विचार प्रस्तुत गरेका छौं ।** *-मूल्यांकन*

यसले छुँदैछुँदैन । दर्ता गर्न नपाएकालाई त छुँदैछुँदैन ।

यो जटील व्यवस्थाको सट्टामा २०२१ सालको भूमि सम्बन्धी ऐनमा व्यवस्था भए जस्तो मोहीयानी हक बेचबिखन गर्न दिएको भए र मोहीले हक बेच्न खोजे जग्गाधनीले निखन्ने, जग्गाधनीले बेच्न खोजे मोहीले निखन्ने व्यवस्था निकै सरल र सहज हुन्थ्यो । यसमा नोकरशाहीतन्त्रको गुंजाइश पनि हुने थिएन । मोहीलाई जग्गा कमाउन मन भएन भने- उनीहरू आफ्नो हकको बिक्री गर्थे । जग्गाधनीलाई मन भएन भने मोहीलाई बेच्थे । प्रक्रिया जटील हुन्नथ्यो । बजारको नियम अनुसार, सबै कुरा आफ से आफ हुन्थ्यो । उत्पादक तत्वहरू गतिशील हुन्थे ।

तर २०२१ सालको ऐनमा भएको यो व्यवस्थालाई २०२५ सालमा संशोधन गरेर खत्तम पारियो । अहिलेको आवश्यकता त त्यही २०२१ सालको व्यवस्थालाई ब्युँझाउनु थियो । अहिले सरकारले अरू सबै कुरामा खुला बजार अर्थतन्त्रको वकालत गर्छ । त्यही कुरा भूस्वामित्वमा चाहिँ किन लागू गर्दैन ? भूस्वामित्वमा खुला बजार अर्थतन्त्र लागू गर्ने हो भने- मोहीयानी हकलाई बिक्रीयोग्य बनाउनु नै सबैभन्दा सरल उपाय हो । त्यो उपाय सरकारले किन अवलम्बन गरेन ?

त्यसैले मलाई त यो कुनै क्रान्तिकारी कदम लागेन । काठमाडौं उपत्यकामा मोहीले आधा-आधा जग्गा क्षतिपूर्ति वापत पाउने भन्ने व्यवस्था त पहिलेदेखि थियो नि ! उनीहरूको लागि यो संशोधन आएर के फरक पर्‍यो ? मोही र जग्गाधनीले संयुक्त निवेदन दिएर जग्गा बाँडफाँड गर्ने व्यवस्था त पहिले पनि थियो नि । यो कानूनी संशोधन कुन नयाँ कुरो भयो ? बरू उल्टो यसले अब उप्रान्त मोही भएर कसैले जग्गा कमाए पनि जग्गामा मोहीयानी हक दिनु नपर्ने गरायो । यो हिसाबले यो संशोधन २०२१ सालभन्दा अगाडिको स्थितिमा देशलाई लैजाने प्रतिगामी कदम पो भयो !

वास्तवमा यो संशोधनको मुख्य उद्देश्य नै जग्गाधनीहरूलाई मोहीलाई मोहीयानी हक दिनुपर्ने स्थितिबाट मुक्त गर्नु हो भन्ने देखिन्छ ।

यो ऐनले कृषि उत्पादनमा कुनै सकारात्मक प्रभाव पार्ने देखिंदैन । बरू उल्टो यसले नकारात्मक प्रभाव पार्ने संभावना छ । कृषि उत्पादन बढाउन भनेर २०२१ सालमा जुन भूमिसुधार गर्न खोजिएको थियो, स्थिति त अब त्योभन्दा अघिको दिशातिर गयो । जमीन जोत्ने जोताहाहरूको हिसाबले त देशको स्थिति अघिल्तिर होइन, पछिल्तिर पो गयो । उनीहरू मगनीका मजदूर पो भए, २१ सालअघि जस्तै । यस्तो भएपछि कृषि उत्पादन कसरी अघि बढ्ला ? पहिले एक बाली खेती गरेपछि मोहीको हक पाउँथ्यो । अब जति बाली खेती गरे पनि मोहीयानी हक पाउने छैनन् । बरू मन लागेन भने मोहीलाई निष्काशन गर्ने छूट जग्गाधनीलाई हुनेछ । यस्तो भएपछि मोहीहरू कसरी प्रोत्साहित हुन्छन् ? कसरी उत्पादन बढ्छ ?

यसरी मनपरी मोही हटाउने छूट हुनु जायज होइन, उत्पादन बृद्धिकै हिसाबले । सरकारले एउटा कानूनी छेकेबार राख्नुपर्थ्यो ।

हाम्रो जस्तो देशमा जहाँ खेतीयोग्य जमीन नै थोरै छ, त्यहाँ सबै किसानलाई सामाजिक न्यायका नाममा बराबरी जमीन बाँडेर कृषि उत्पादन र उत्पादकत्व बढ्न संभव छैन । जम्मा २७ लाख किसान परिवार छन् यहाँ, २६ लाख हेक्टर जमीन छ । बराबरी बाँडेर एउटा परिवारको भागमा एक हेक्टर पनि पर्दैन । कृषि उत्पादन बढाउने हो भने त काम नगर्ने भूस्वामीहरूलाई जमीनको स्वामित्वबाट मुक्त गर्नुपर्छ ।

उनीहरूलाई भनी दिनुपर्छ- कि त आफैं उपस्थित भएर खेती गर, कि जमीन गा.वि.स.ले आफ्नो स्वामित्वमा लिन्छ । यसरी गयल जमीन्दारी अन्त गर्नुपर्छ । जमीनमा गाविसको स्वामित्व स्थापना गरिनुपर्छ । जमीनलाई आर्थिक रूपले पर्ता पर्ने साइजमा विभाजित गरी वास्तविक रूपमा खेतीपातीमा मरिमेट्न चाहने जोताहाहरूलाई कमाउन दिनुपर्छ । यस्तो भयो भने- जमीनको खण्डीकरणको समस्या पनि हुँदैन । जमीनको स्वामित्व जमीनमा काम नगर्ने मान्छेको हातमा पनि पर्दैन । जमीन स्वाभाविक रूपले तिनीहरूको हातमा जान्छ, जो जमीनमै आफ्नो जीवन लगाउन चाहन्छन् । गाउँ-गाउँमा पूँजी निर्माण पनि हुन्छ, जसलाई उनीहरूले ग्रामीण औद्योगीकरणमा लगाउन सक्छन् । भूमिबाट आएको कूतबाट प्रत्येक गाविसमा पूँजी निर्माण हुन संभव हुन्छ । मोहीहरू पनि ठगिँदैनन् । उनीहरूले आफ्नो हक गाविसबाट पाउँछन् । र, जमीनको साइज आर्थिक रूपले पर्ता पर्ने खालको भएपछि त्यसमा यान्त्रीकरण र आधुनिक खेती पनि संभव हुन्छ । कृषि उत्पादन यसो गर्दा बढ्न सम्भव छ ।



फोटो: उषा

महेशचन्द्र रेग्मी

यस प्रकार दुइटा उपाय अप्नाइनु पर्थ्यो- एउटा, मोहीयानी हक बिक्रीयोग्य बनाउने, अर्को, गाविस स्वामित्वको व्यवस्था गर्ने ।

सरकारले यो दुइटै उपाय अप्नाएन । उल्टो ऊ २१ सालअघिको स्थितिमा फर्क्यो । यो कुनै प्रगतिको संकेत होइन । यो प्रतिगमनको संकेत हो । ❏


# Kathmandu Maida Mills Pvt. Ltd.
## AN AUTOMATIC FLOUR MILL



KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of
**KATHMANDU MAIDA MILLS PVT. LTD.**

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

# कुर्सी पाइन्छ भने वामपन्थीहरूले जोसंग पनि मिल्नु ठीक हो ?

**कुर्सी** पाइन्छ भन्दैमा वामपन्थीहरूले जोसंग पनि मिल्नु हुन्छ भन्ने प्रश्नमा निर्विवाद रूपमै सहमत हुन सकिँदैन । वामपन्थीहरू सैद्धान्तिक तथा व्यवहारिक दुवै दृष्टिकोणले सर्वहारा-श्रमजीवी वर्गको मुक्तिका निमित्त क्रियाशील राजनीतिक शक्ति हुन् । आमूल परिवर्तन, वर्गीय दृष्टिकोण, राष्ट्रियता, समानता र जनतन्त्र वामपन्थीहरूका मौलिक राजनीतिक आदर्श हुन् । विद्यमान सामन्ती वा पूँजीवादी



राज्यव्यवस्थालाई ध्वस्त पारी समाजवादी राज्य-व्यवस्था हुँदै मानव समाजको इतिहासमै उच्चतम र सबैभन्दा उत्तम ठहरिने साम्यवादी समाजको निर्माण गर्नु नै वामपन्थीहरूको अन्तिम लक्ष्य हो । यसरी यति ठूलो आदर्श र लक्ष्य बोकेका वामपन्थीहरू केवल कुर्सीका लागि जोसंग पनि मिल्न खोज्दछन् भने, उनीहरू न त आफ्नो लक्ष्यमा नै पुग्न सक्दछन् न त उनीहरूले वामपन्थीहरूको रूपमा आफ्नो पहिचान नै कायम गर्न सक्दछन् । अन्ततोगत्वा उनीहरू पनि दक्षिणपन्थी नै हुन पुग्दछन् । यसै प्रसङ्गमा 'के वामपन्थीहरूले अरू कसैसंग पनि मिल्नु हुँदैन त ?' भन्ने सवाल पनि खडा हुन सक्छ, जुन निकै विवादास्पद र गंभीर पनि छ । निश्चय नै वामपन्थीहरूले आफ्ना रणनीतिहरू प्राप्तिका निम्ति कार्यनीतिक रूपमा निश्चित कार्यक्रम र सिद्धान्तका आधारमा मिल्न सकिने जोकोहीसंग पनि मिल्नु हुन्छ र मिल्नु पनि पर्छ । तर यस्तो मेलमिलापले मूलभूत रूपमा दुई कुराहरूलाई आत्मासात गरेको हुनु पर्दछ । प्रथम, यसले समाजमा आमूल परिवर्तनको गतिलाई अवरूद्ध बनाउनु हुँदैन र दोस्रो, यसले सर्वहारा-श्रमजीवी वर्गको हितसंवर्द्धन गरेको हुनु पर्दछ । तर यसमा विचलन उत्पन्न हुने गरी अवसरवादी र सत्तालिप्साको भावनाले आफ्ना आदर्श, मौलिकता र सिद्धान्तसंग नै संझौता गरेर भने वामपन्थीहरूले केवल कुर्सीका लागि कसैसंग, कुनै पनि हालतमा मिल्नु हुँदैन ।

**-गोकुल घोरसाइने, निजगढ, बारा**

**कुर्सी** पाइन्छ भने वामपन्थीहरूले जोसंग पनि मिल्नु त ठकि छैन । तर अन्य कोहीसंग मिलेर सत्तामा जाँदा राष्ट्र, जनता र क्रान्तिको पक्षमा प्रगतिशील सुधारका कामहरू गर्न सकिन्छ भने किन नजाने ?

वामपन्थीहरू नेपालको राजनैतिक परिदृश्यमा एउटा ठूलो र मजबूत शक्तिको रूपमा विकसित भइरहेका छन् । विश्व कम्युनिष्ट आन्दोलन अभूतपूर्व धक्काको अवस्थाबाट गुज्रिरहेको बेला नेपालको कम्युनिष्ट आन्दोलनले आफूभित्र आन्दोलनमा प्रजातान्त्रीकरणको प्रक्रियालाई अघि बढाउनु आजको आवश्यकता हो । क्रान्तिपूर्व पनि नेपालमा शान्तिपूर्ण संसदीय संघर्षको बाटोबाट वामपन्थीहरू सरकारमा पुग्न सक्छन् र सरकारको माध्यमबाट प्रगतिशील सुधारका काम गर्दै शक्ति संचयको कार्यनीतिक लक्ष्य हासिल गर्न सक्छन् भन्ने सोचलाई नेकपा (एमाले) ले २०५१ सालमा सम्पन्न मध्यावधि निर्वाचन पश्चात सार्थक बनाएर देखाइसकेको छ ।

धान नपाक्दै काट्न खोज्ने र पाकीसक्दा पनि काट्न नसक्ने 'वाम' र दक्षिणपन्थी अवसरवाद-बाट अलग गरेर कार्यनीतिक विकास र प्रयोग गर्नु वर्तमान समयको माग हो । यस कुरालाई वामपन्थीहरूले अलि



गम्भीर रूपमा लिई मनन गर्नु पर्ने बेला आएको छ । वास्तवमा मार्क्सवादले संगठन र संघर्षको कुनै अमूक रूपलाई अन्तिम र एक मात्र बाटो ठान्दैन । वामपन्थीहरूले वर्ग संघर्षका यावत. रूप र तरीकालाई कुशलतापूर्वक प्रयोग गर्नु पर्दछ । यथार्थमा क्रान्तिको बाटो लक्ष्य होइन साधन मात्र हो । त्यसैले हामी वापन्थीहरूले जुन साधनबाट उपयुक्त लक्ष्यमा पुग्न सक्छौं, त्यसलाई प्रयोग गर्न हिचकिचाउनु हुँदैन ।

नेपालको वामपन्थी आन्दोलनमा शत्रु र मित्र शक्तिको पहिचान पनि समस्याको रूपमा रहँदै आएको छ । शत्रु र मित्रको पहिचानमा पनि भ्रमपूर्ण विचार देखिने गरेको छ । भनिन्छ, राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैन । रणनीतिक रूपले वा वर्गीय रूपले कुनै शत्रु वा मित्र खास समयका लागि अपरिवर्तनीय शत्रु वा मित्र भए पनि राजनैतिक वा कार्यनीतिक रूपले शत्रु वा मित्रको अवस्था परिवर्तन भइरहन सक्छ ।

वामपन्थी आन्दोलनमा पनि राजनीतिक प्रतिद्वन्दी फेरिँदै आएको छ र तदनुरूप नै राजनीतिक मित्रशक्ति एवं अस्थायी मित्र शक्तिको पहिचान हुने गरेको कुरा इतिहासले देखाउँछ । २००७ सालभन्दा अघि राणाहरू, त्यसपछिका दिनहरूमा कहिले कांग्रेस र कहिले निरंकुश राजतन्त्र आदि राजनैतिक दुश्मन फेरिँदै आएको सर्वविदितै छ । राजनीतिक परिस्थितिमा हुने परिवर्तनद्वारा समिकरणमा परिवर्तन आउन सक्ने कुरालाई आश्चर्यजनक रूपमा लिनु हुउदैन । वर्तमान अवस्थामा त्रिशंकु अति दक्षिणपन्थी सरकारलाई बदल्न देशको सबैभन्दा ठूलो वामपन्थी पार्टी नेकपा (एमाले) ले सत्तामा जान अन्य दल वा समूहसंग गरेको प्रयासलाई यसै रूपमा हेरिनु पर्दछ ।

**-मुक्ति 'प्रयास' घिमिरे**
**लखनपुर-१, झापा**

**विश्वका** लगभग सबै मुलुकहरूमा वामपन्थीहरू जनता र राष्ट्रियताको सवालमा ज्यादै सम्वेदनशील रहँदै आएको तथ्य इतिहासदेखि वर्तमानसम्म सर्वविदित नै छ । नेपालमा वामपन्थीहरूको सक्रिय सहभागिता स्वरूप ०४६ सालको आन्दोलनले सफलता पायो । फलस्वरूप निर्दलीयताको परिधि समेत पार गरी बहुदलीय प्रजातन्त्र अहिले उमेरको हिसाबले किशोरावस्थामा आइपुगेको छ ।

तर हालको संसद-नाटकले के देखाएको आभास पाइन्छ भने, अब सत्ता तानातानको चक्रव्यूहमा वामपन्थहिरू फस्न पुगेका छन् । यसबाट वामपन्थीहरूको कार्यनीतिप्रति प्रशस्त प्रश्न चिन्ह खडा हुन जाने देखिन्छ । देश र जनताको लागि गर्नु पर्ने न्यूनतम शर्त पूरा गर्न सत्तामा बस्नु पर्ने हुन्छ । त्यो वामपन्थीहरूले जनशक्ति परिचालन गरेर मात्र संभव देखिन्छ ।

हालको संसदीय बनावट नै यस्तो छ कि कुनै पनि एक पार्टीले संविधान बमोजिम एक्लौटी सत्ता संचालन गर्न पाउने स्थिति नै छैन । फलस्वरूप, सत्ता संचालन गर्न पनि साझेदारी नीति अपनाउनु पर्ने स्थिति छ । यसै सिलसिलामा अहिले दक्षिणपन्थी, पुनरोत्थानवादी र जातीय सम्प्रदायको हवाला दिने पार्टी ... एकता कायम भई सत्ता संचालन भ...को छ । यसको प्रतिफल देश र जनताको लागि शून्य भएको छ ।

यसैलाई मध्य नजर राखेर विपक्षी बेञ्चमा बस्न पुगेको ठूलो वामपन्थी समूहले सरकार परिवर्तन गर्ने अठोट लियो । त्यो कदम चाल्नु वामपन्थीहरूको लागि अनिवार्यता थियो । त्यस कदमको मूल लक्ष्य भनेको सत्ताको कुर्सीमा बसेर आफ्नो स्वविवेकीय नीति संचालन गर्नु नै हो । यसै क्रममा मित्रशक्ति रोज्नु आवश्यक नै हुन्छ । तर मित्र त भेटियो तर आफ्नो मूल नीतिको ठीक उल्टो अनुशरण गर्ने मित्र भेटियो । विगतलाई बिर्सेर जनआकांक्षा विपरीतको सोच वामपन्थीहरूले लिए । यसबाट निक्लने परिणाम पुनरोत्थानवादीको पक्षमा जाने हुन्छ ।

त्यसैले वामपन्थीहरूले न्यूनतम समझदारीको अधारमा जनआन्दोनका सहयात्रीसंग मिल्नु ठीक देखिन्छ । समग्रको अनुभवले पनि वामपन्थीहरूले जंस्तोसुकै मित्र शक्तिसंग विना गृहकार्य मिल्नु ठीक होइन भन्ने नै देखाउँछ ।

**-होम थापा, लालगढ-८, धनुषा**

**अर्को अंकको निम्ति विषय**

**अहिले नेपाल ०४६ सालको जन-आन्दोलनले निर्दीशित गरेको दिशामा जाँदैछ कि छैन ?**

**यो विषयमा २०० शब्दमा नबढाई आफ्नो विचार पठाउनु हुन हामी यहाँहरुलाई आह्वान गर्दछौं । प्राप्त विचारहरुमध्ये छानिएका केही विचारहरु प्रकाशित गरिनेछन् । प्राप्त विचारहरुमा स्पष्टताको लागि र स्थानाभावको कारण सामान्य सम्पादन हुनसक्नेछ । -मूल्यांकन**

**सूचना !**

**यस अंकको पेज १८ मा क. स्तालिनको फोटोको स्थानमा क. गोर्कीको फोटो छापिन गएको र केही पेजहरुमा पेज नंबरसंगै 'माघ' हुनु पर्नेमा 'जेठ' हुन गएकोले क्षमाप्रार्थी छौं । -मूल्यांकन**

*श्री ५ महाराजाधिराज सरकारको ५२ औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफको सुस्वाथ्य एवं दीर्घयुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं !*

N B Bank
नेपाल बङ्गलादेश बैंक लि
Nepal Bangladesh Bank Ltd

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५२ औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफ सरकारको सुस्वास्थ एवं दिर्घायुको लागि हार्दिक मंगलमय

शुभ-कामना



चढाउदछौं ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

नेपाल बनस्पति घ्यू उद्योग लि. | खाद्य उद्योग लि.
नेशनल फाइनान्स कं. लि. | गोरखकाली रबर उद्योग लि.
मोरंग सुगर मिल्स लि. | स्वस्ती दाल उद्योग प्रा.लि.
हितकारी गुठी | घरेलु हस्तकला उद्योग प्रा.लि.

# कोशी उच्च बाँध हाम्रो आवश्यकताको योजना नै होइन



डा. हरिमान श्रेष्ठ;
प्रसिद्ध जलस्रोतविद्

**◉ सुनकोशी उच्च बाँध परियोजना र कोशी उच्च बाँध परियोजनाबारे अहिले भर्खरै नेपाल र भारतबीच 'समझदारी' को नाममा संझौता भएको छ, । त्यो तपाईलाई कस्तो लागेको छ ?**

-सुनकोशी डाइभर्सन प्रोजेक्ट नेपालको लागि चाहिने योजना हो । यो सानो पनि छ र यो नेपालको क्षमताले भ्याउने योजना हो । तर सप्त कोशी उच्च बाँध परियोजना नेपालको प्राथमिकताको योजना नै होइन । यो नेपाललाई अहिले चाहिने र नेपालको क्षमताले भ्याउने योजना नै होइन । यो भारतीय प्राथमिकताको योजना हो । खै किन हात हाल्यो नेपाल सरकारले यो योजनामा ? मैले बुझ्न सकेको छैन ।

**◉ अब त DPR नै बनाउने हिसाबले संयुक्त टीम एक्सपर्टले यी दुवै योजनाको अध्ययन थाल्ने र संयुक्त टीममा नेपाली टीमको खर्च पनि भारतले व्यहोर्ने रे त !**

-हो, मैले पनि यस्तै सुनेको छु, अब नेपालको आयोजनामा नेपालभित्रै बन्ने प्रोजेक्टको लागि काममा जाने नेपालका सरकारी पदाधिकारीलाई दैनिक भत्ता समेत भारतले दिने भएको छ अरे । यसो गर्दा ती कर्मचारीहरू कोप्रति लोयल (उत्तरदायी) हुन्छन् र उनीहरू कसको हितको निम्ति काम गर्न उत्प्रेरित हुन्छन् ? यति सोच्न पनि हाम्रो सरकार सक्षम देखिएन । के नेपाल यति टाट पल्टिसक्यो कि ऊ आफ्नै देशभित्र बन्ने आयोजनाका लागि खट्ने कर्मचारीको पनि तलब भत्ता समेत व्यहोर्न सक्दैन ? के यो नेपालको वास्तविकता हो ?

यसबाट सबै नेपालीलाई प्रष्ट भएको छ कि यो अध्ययन र त्यसबाट बन्ने DPR कसको लागि र कसको फाइदामा बन्नेछ ।

**◉ यी दुवै आयोजना सम्बन्धी हालैको संझौतामा विद्युत शक्तिको बिक्रीबारे त्यही सिद्धान्त र त्यही भाषा हुबहु प्रयोग भएको बुझिएको छ, जुन महाकाली संझौतामा भएको छ । त्यो तपाईलाई कस्तो लाग्यो ?**

-यो विद्युत लाभको हिसाब गर्ने भन्ने कुरा धेरै परको कुरा हो । DPR नै बनेको छैन, केको आधारमा विद्युत लाभको सिद्धान्त तय गर्ने ? के को आधारमा हिसाब गर्ने ?

जब कि सप्तकोशी योजना नेपालको आवश्यकताको र प्राथमिकताको हुँदै होइन, केको लागि हामीले DPR बनाउने र विद्युत लाभको हिसाब गर्ने ?

यो स्टोरेज टाइपको जलाशय बनाउने आयोजना हो । यसबाट नेपालको प्रशस्त भूमि जलमग्न हुन्छ । तर यसबाट आउने पानी र बिजुली दुवै अहिले अरूले नै लैजान्छ । पछि हामीलाई चाहिने बेलामा थिग्रेनी जम्मा भएर बाँध निकै पुरिइसकेको हुनेछ । यस्तो जोखिम धेरै भएको आयोजनामा हाम्रो देशले किन हात हाल्ने ? कसको फाइदाको निम्ति ?

> **बबई एमाले शासनकालमा बन्न शुरु गरेको आयोजना थियो । त्यसको खै हिजोआज नाम निशाना सुनिँदैन ?**

**◉ सप्तकोशी आयोजना त थिग्रेनीले पुरिएला भन्नु भो । सुनकोशी उच्च बाँध आयोजना चाहिं थिग्रेनीले पुरिँदैन ?**

-सुनकोशीमा हाम्रो सामर्थ्यले भ्याउने गरीकन सामान्य डाइभर्सन मात्र गर्नु पर्छ, सप्तकोशीमा जस्तो स्टोरेज गर्ने होइन । यसबाट हाम्रो सिंचाइको लागि पानी प्रयोग गर्ने उद्देश्य राखिनुपर्छ । पहिलेको कोशी संझौतामा कोशीबाट नेपालले जति पनि पानी खिंचेर लिनसक्छ भन्ने प्रावधान छ, त्यही प्रावधानलाई हामीले सफलतापूर्वक अधिकतम प्रयोग गर्नुपर्छ । यो आयोजनाबाट सप्तकोशीदेखि पश्चिम र वीरगंजदेखि पूर्वको भूभागमा सिंचाइ गर्ने कुरालाई सर्वप्रमुख प्राथमिकता दिइनु पर्छ । यसो गरियो भने सुनकोशी परियोजना थिग्रेनीले पनि पुरिँदैन । यो प्रत्युत्पादक पनि हुँदैन । र, यो नेपालको पूर्वी तराईको खेतीको लागि बरदान साबित हुन सक्छ ।

> **नेपालको जलस्रोतमा भारतको एकाधिकार स्थापित गर्ने ग्रयाण्ड–डिजाइन कार्यान्वयन हुन लाग्यो अब**

**◉ तर संझौतामा सुनकोशीमा पनि हाइड्याम नै बनाउने कुरा लेखिएको छ त ?**

-यही त ठीक भएन । टनकपुरलाई वैध पार्नको लागि जसरी महाकाली संझौता गरियो, त्यसरी नै सुनकोशीबाट जति पनि पानी लान सकिने पहिले भएको कोशी संझौताको प्रावधानलाई काट्नको लागि, सप्तकोशीले सुनकोशी ड्यामलाई डुबान गर्नको लागि सुनकोशीसित मिसाइकन सप्तकोशीको संझौता गरिएको हो । वास्तवमा उनीहरूले बनाउन खोजेको सप्तकोशी परियोजना नै हो ।

भारतको नियत देख्दा मलाई गजब लाग्छ । बबई जस्तो सानो नेपालकै भूमिमा नेपालकै पैसाले नेपालकै सिंचाइको लागि योजना निर्माण गर्दा पनि ऊ त्यसको विरोध गर्छ । तर यता सप्तकोशीमा नेपाललाई अहिले चाहिँदै नचाहिने योजना बनाउन लाउन चाहिँ यस्तो तिगडम गर्छ ।

**◉ अनि हाम्रो सरकार चाहिं नि, त्यो कस्तो लाग्छ ? नेपालले स्वीकार नगरेको भए त यो संझौता हुनै सक्दैनथ्यो ।**

-२०४६ सालमा अन्तरिम सरकार भएको बेला सुनसरी मोरङ सिंचाइ योजनाको मूल्यांकनको सन्दर्भमा मैले त्यो योजनालाई स्थिरता दिन र कोशीको पश्चिमी भेगमा पंप गरेर सिंचाइ गर्नुपर्ने स्थिति नआओस् भनेर सरकारलाई एउटा प्रस्ताव राखेको थिएँ । मेरो प्रस्ताव थियो- नेपालको क्षमताले भ्याउने गरी तीन चार शय मेगावाट बिजुली निस्कने गरी सिर्फ ३०/४० मिटर अग्लो कोशी बाँध बनाउने, चतरानेर । यो व्यारेज-कम-रोडब्रिजको प्रस्ताव थियो । अर्थात् सडकको पुलको काम पनि दिने, आफ्नो भूमिगत सिंचाई पनि हुने । व्यारेजको काम पनि दिने, बिजुली पनि दिने, नेपाली भूभाग जलमग्न पनि नहुने यस्तो योजनाको प्रस्ताव थियो । नेपाल र नेपालीको बुताले बन्ने, उनीहरूकै अधिकतम हित हुने यस्तो प्रस्तावका बारेमा चाहिं सरकारले वास्तै गरेन । सदा उपेक्षा भयो यो प्रस्तावको ।

तर आश्चर्य, आफ्नो बूताले भ्याउँदैनभ्याउने, नीकट भविष्यमा नेपाललाई जरूरत नै नपर्ने, सिर्फ भारतीय आवश्यकताबाट बन्ने र सबैभन्दा उच्च बाँध अन्तर्गत पर्ने सप्तकोशी उच्च बाँध परियोजनाको प्रस्ताव भने सरकारले सहर्ष स्वीकार गऱ्यो । यस्तो आयोजनाको प्रस्ताव पनि स्वीकार गऱ्यो, जसबाट प्रशस्त नेपाली भूभाग जलमग्न हुन जान्छ । यस्तो भएपछि बुझ्न कठीन छैन- यो सरकारलाई कसको सरकार भन्ने ? यो नेपालीको सरकार हो कि बाह्य शक्तिद्वारा संचालित सरकार हो ? कसको स्वार्थपूर्तिको लागि काम गर्छ यसले- नेपालको कि- बाह्य शक्तिको ?

**◉ यो संझौतामा नेपालको भूभागमा चाहिं अध्ययनको लागि विभिन्न ठाउँबाट ज्वाइन्ट टीमको अफिस खोलिने, तर भारतीय भूभागमा चाहिं त्यस्तो अफिस नखोलिने भन्ने कुरो पनि छ रे त ! यो व्यवस्था कस्तो लाग्यो ?**

-हेर्नुहोस्, तपाईले अघि फाइदाको कुरा गर्नुभो । मेरो ठम्याइ छ- यो आयोजनाबाट फाइदा लिने भारतले हो । भारतलाई यसबाट के कति फाइदा हुन्छ, त्यसको मूल्यांकन गर्न भारतीय भूभागमा चाहिं नेपालीको अफिस खोलिनु नपर्ने, तर इण्डियाको अफिस मात्र नेपालमा खोल्नु पर्ने किन भयो ? यो पनि मैले बुझ्न सकेको छैन ।

नेपालको जलस्रोतमा भारतको एकाधिकार स्थापित गर्ने र उसको सहमतिविना नेपालले आफ्नै भूभागमा पनि जलस्रोतमा केही गर्न नपाउने स्थिति पार्ने ग्रयाण्ड-डिजाइन कार्यान्वयन हुन लाग्यो अब । मलाई यस्तो लागिरहेछ ।

नत्र भने, मलाई सप्तकोशी उच्च बाँध बन्ला भन्ने विश्वासै लाग्दैन ।

**◉ कमला र बागमती योजनाबारे नेपालले भारतलाई पूरै सूचनाहरु उपलब्ध गराउनु पर्ने [illegible] नयाँ संझौता अनुसार । के यो जायज र आवश्यक कुरा हो ?**

-कर्णाली र पंचेश्वरको योजनाबारे नेपालले अध्ययन थाल्दा त्यसलाई चाहिने तथ्य तथ्यांकहरू नेपालले पटक-पटक माग्दा पनि भारतले उपलब्ध गराएन । भारतले आँकडा नदिएको हुनाले नेपालले महँगा विदेशी कन्सल्टैन्टहरूलाई लामो समय उत्तिकै पाल्नु परेको थियो । र, यसले अध्ययन खर्च चौपट्ट बढाएको थियो ।

तर अहिले आएर नेपाली भूभागमा बन्ने कमला र बागमती योजनाको तथ्य तथ्यांकको रिपोर्ट चाहिं भारतलाई किन दिनु पर्ने ? यो त कुनै पनि हालतमा औचित्यपूर्ण व्यवस्था हुँदै होइन । यसले त नेपाली भूभागको योजनामा पनि भारत सर्वोपरि हुने भन्ने देखाउँदैन र ?

**◉ तपाईको अनुभवमा नेपालले प्राथमिकता दिएर बनाउनु पर्ने योजना चाहिं कस्तो हो त ?**

-नेपालले अहिले प्राथमिकता दिनुपर्ने साना र मझौला आयोजना हो, जुन हाम्रो सामर्थ्यले भ्याउँछ । कन्काई हाम्रो सामर्थ्यले भ्याउने योजना हो । त्यसमा ध्यान खै, बबई एमाले शासनकालमा बन्न शुरू गरेको आयोजना थियो । त्यसको खै हिजोआज नाम निशाना सुनिँदैन ?

हाम्रो ध्यान त हाम्रै बूताभित्रको साना मझौला आयोजनामा जानुपर्छ । तर दुःखको कुरा, सरकार यस्तो योजनामा ध्यान दिँदैछैन । ऊ कहिले कर्णाली प्राइभेट क्षेत्रलाई दिने भन्छ । कहिले महाकाली र कोशी भारतलाई हस्तान्तरण गर्ने काम गर्छ । यसरी कसरी नेपाल र नेपालीको हित हुनसक्छ ? हरेक नेपालीले सोच्नु जरूरी भएको छ । ❑

**मूल्यांकन** पूर्णाङ्क ४१ असोज अंकको अद्योपान्त अध्ययन पश्चात केही कुराहरू लेखी प्रेषण गर्दैछु । आवरण पृष्ठ नै ज्यादै समसामयिक चित्रले भरिएकोमा धन्यवाद । सीमा विवाद सम्बन्धी लेखहरू तथ्यपरक लाग्यो । मेची सीमा मिचिंदा हाम्रो छाती जति पोल्यो, त्यसको न्यूनतम असर समेत हाम्रा नेता भनाउँदाहरूमा देखिएन । त्यस्तै हो भने जनतालाई के को राष्ट्रियता बारेमा शिक्षा दिने ? नेहरूको 'कार्लमार्क्स' सम्बन्धी दृष्टिकोण लेख पनि उल्लेखनीय नै छ । अन्तर्क्रिया स्तम्भमा 'स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?' भन्ने विषय यथार्थपरक छ र अहिलेको स्वास्थ्य प्रणालीको विकल्पलाई वर्तमानको आवश्यकता भन्नु अनुपयुक्त नहोला । नारायण गोपालका सम्बन्धमा भट्ट र संग्रौलाका धारणाहरू वैज्ञानिक मार्क्सवादी दृष्टिकोणमा आधारित छन् । समग्रमा भन्नुपर्दा नारायण गोपाल सर्वसाधारणका मुटु पगाल्न सक्ने गायक हुन् । तैपनि उनी प्रगतिशील बन्न सकेनन् । चन्द्रदेव नेपालीको लेखमा उल्लेख भएझैं हाम्रो अध्ययनशीलता प्रतिदिन ह्रास भई विकृतितर्फ उन्मुख भएकोले भोलि भयानक समस्याहरू नजन्मेलान् भन्न गाह्रो छ ।

-पूर्व क्षितिज, सतासीधाम-६, दूधे (झापा)

**गतांक** मूल्यांकनको आवरण पृष्ठमा देउवामाथि बज्र परेको देखाइएको सटीक लाग्यो । 'हाम्रो मूल्यांकन'लाई निश्चय पनि सम्पूर्ण प्रगतिशील शक्तिहरूले एक मञ्चमा आएर देशलाई गुमराहबाट बचाउन आग्रह गरेको छ भने सत्ता छिनाझप्टीबारेको लेख पनि एकदमै सान्दर्भिक, समयसापेक्ष र स्पष्ट जानकारीमूलक छ । यसमा लिइएका अन्तर्वार्ताहरूले त अझ रोचकता र बौद्धिकता थपेका छन् । नेपाल-भारत व्यापार सन्धिबारेको लेख शोधमूलक छ । मोतीदेवी श्रेष्ठको अन्तर्वार्ताले नेपालका वर्तमान छद्म वामपन्थीहरूलाई घोचेको छ, आफ्नै स्वार्थमा रमेका यी स्वार्थीहरूले शहीदका सपना र आफ्नो अतीत भूलेका छन् भन्ने स्पष्ट पारेको छ । रूपचन्द्र बिष्टको जानकारी र खगेन्द्र संग्रौलाको समसामयिक कथाले वर्तमान समयमा मानसिक रूपमै गुलाम बनेका हामी नेपालीहरूलाई मानसिक दासताबाट मुक्त हुने प्रेरणा दिएको छ । निश्चय नै हाम्रो मुक्ति नहुनुको पछाडि हाम्रै यही गुलामीको मानसिकता रहेको छ । मस्तिष्कको स्पष्टताविना सर्वहारा वर्ग र देशको उन्नति संभव छैन । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनबारे विभिन्न जानकारीहरूले बौद्धिक स्तर उकास्न मद्दत पुऱ्याएका छन् । गोर्खाल्याण्ड, PWG का बारेमा पूर्ण जानकारी पाएकोमा हार्दिक धन्यवाद ।

धेरै दिनदेखि अनुरोध गर्दै प्रतिक्षारत रहेको 'बहुदलीय जनवाद' को दार्शनिक पक्षबारे यो अंकमा अध्ययन गर्न पाएकोमा धेरै धेरै धन्यवाद ! वर्तमान समयमा बहुदलीय जनवादकै कारणले कार्यकर्ता माझ भइरहेका तमाम खालका शोषणहरू लाई हटाउन निश्चय नै यो लेखले मद्दत गर्नेछ । केही वामपार्टीहरूभित्र बहुदलीय र नौलो जनवाद बीचको समझको रिक्तता पनि यसले पूर्ति गर्ने नै छ ।

अन्तमा यसैगरी 'यूरो कम्युनिज्म' र ग्रेट डिबेटको बारेमा जानकारी दिन हुन अनुरोध गर्दै पुनः यस मासिकको पृष्ठ संख्या बढाउन समेत अनुरोध गर्दछु ।

-गोकर्ण बिष्फोट, महुलीया उल्टाखाम-४, सि.बि. क्याम्पस, महेन्द्रनगर, कंचनपुर

**अंक ४३** मा सर्वप्रथम संसदीय सडक नाटकको अन्वेषणबाट भविष्यमा देशले विकराल स्थिति भोग्नु पर्नेछ भन्ने यस मासिकको अडकल पूर्ण रूपमा यथार्थमा आधारित देखिन्छ । साथै, विश्व कम्युनिष्ट आन्दोलनको ताजा घटनाक्रमको बिस्तृत विवरणले उच्च स्थान पाएको छ । र, अन्त्यमा नेपाली साम्यवादी आन्दोलनको सहयात्रीको बारेमा सुहाउँदो स्तभ राखी जीवनी प्रकाशित गरेमा सुनमा सुगन्ध हुने थियो ।

-होम थापा, लालगढ-८, धनुषा

**अंक ४३** का सबै सामग्रीहरू पूर्ण रूपमा जनपक्षीय छन् । त्यसमा पनि नीति संस्कृति अन्तर्गत 'दोहोऱ्याई तेहऱ्याई स्वस्थानी भट्टाउनुको अर्थ के ?', 'विश्वको पहिलो र महान दास विद्रोह कसरी भएको थियो ?' दार्जलिङ्गको गोर्खालयाण्ड आन्दोलन सम्बन्धमा भएको आरोह अवरोह र विश्लेषण, साथै उक्त आन्दोलनका हर्ताकर्ता सुवास घिसिङ्गको नियतको पर्दाफास गरिएको राम्रो लाग्यो । साथै खगेन्द्र संग्रौलाको कथा 'नकटो दोर्जेको शालीक' ले पनि तत्कालीन राजनैतिक परिदृश्यको पर्दा राम्रोसंग खुलाएको छ । क. मोतीदेवी श्रेष्ठको अन्तर्वाताले नेपाली वामपन्थी आन्दोलनमा देखिएको योद्धाहरूप्रतिको उपेक्षाभावलाई प्रष्ट पारेको छ । के उहाँ जस्तो व्यक्तिको कुनै वामपन्थी पार्टीहरूले सम्मान दिन सक्दैन ? त्यतातिर पनि ध्यान पुऱ्याउनु नितान्त जरूरी भएको छ ।

-एम.के. राई सुब्बा, तेह्रथुम

**गत अंकमा** सुधीर शर्माको 'जाग्दैछ गोर्खाल्याण्ड आन्दोलन' लेख राम्रो लाग्यो । भारतीय नेपालीहरूको बारेमा लेख लेख्दा सीमा पारिका नेपालीहरू माझ पनि मूल्यांकन प्यारो भएको छ । तर पनि मूल्यांकनसंग म एउटा अनुरोध गर्न चाहन्छु ।

सिक्किम र दार्जलिङ्गमा मात्रै नेपालीहरू छैनन् । नेपालीहरू भारतको आसाम, मेघालय, मणिपुर, नागाल्याण्ड, त्रिपुरा, अरूणाचल आदि ठाउँहरूमा पनि छन् । र, उनीहरू कुली-मजदूर र किसान-मजदूर भएर कष्टपूर्ण जीवन बिताइरहेका छन् । उनीहरूमाथि पुलिस र सरकारद्वारा विदेशी भनेर अत्याचार, लूट र असम्मान व्यवहार गरिन्छ । नेपालमा भारतीयहरू साँढे भएर नेपालीहरूमाथि अत्याचार गरिरहेका छन् । तर भारतमा भने नेपालीहरूले अन्याय र अत्याचारपूर्ण जीवन बिताउनु परेको छ । नेपाल सरकारले यसबारेमा कहिले सोच्ने ? आगामी अंकमा ती ठाउँका नेपालीहरूको बारेमा पनि मूल्यांकनले दिनु पऱ्यो ।

-राजु पाखेरेल, अभिषेक शर्मा, आसाम, भारत

**मूल्यांकनको** हरेक अंक स्तरीय र ज्ञानवर्द्धक लाग्छ । हामी बामपन्थी युवाहरू भइकन पनि धेरै वाम विचारका कुराहरू नबुझेको र पूँजीवादी कुसंस्कारले घेरिएको अवस्थामा रहेका छौं । हामीमा भएको अज्ञानता र खुल्दुलीलाई मूल्यांकन पत्रिकाले हटाइ दिनेछ भन्ने आशा राखेका छौं । त्यसैले यौन र प्रेम सम्बन्धमा वाम विचार कस्तो छ ? वामपन्थीहरूको अन्तिम लक्ष्य एउटै भए पनि किन एक वाम एक ठाम हुन सकिरहेको छैन ? देवी, देवता, धामी, झाँक्री आदिक के हो ? आदिको बारेमा मूल्यांकनले तथ्यगत ठोस प्रमाणिक विचार देओस् ।

-राजेन्द्र खत्री, कृष्ण खत्री, बसन्त, गोपाल, भूपराज तथा अन्य साथीहरु, इटहरी-२ शान्तिनगर, सुनसरी

**मूल्यांकनमा** क. गोञ्जालोको जीवनी पनि प्रस्तुत गरिदिनु भएमा युवा पींढीको लागि अति नै राम्रो हुने थियो । र मलाई पूर्ण रूपले विश्वास छ, क. गोञ्जालोको बारेमा हामी अवश्य जान्न पाउने छौं ।

-दीपेन्द्र ढकाल, उदासी, पोखरा चोक-४, माडी, पाल्पा हालः अरेरा कलोनी, भोपाल, म.प्र..

७ पेजको बाँकी

## टुपाक आमारु र पेरु सरकारबीच वार्ता

### के बन्धक समस्या हल होला ?

'हाम्रा बन्दी साथीहरूका आमा, श्रीमती तथा केटाकेटीहरू पनि उनीहरूको रिहाई पर्खिरहेका छन् !'

जापानी राजदूतको निवासको छतमा विद्रोहीहरूले झुण्ड्याएको तूलमा यसरी लेखिएको थियो ।

पूँजीवादी सरकार र संचार माध्यमहरूले जापानी राजदूतको निवासमा MRTA का छापामारहरूद्वारा बन्दी बनाइएका कूटनीतिज्ञहरू र सरकारी अधिकारीहरूका बारेमा मात्र बेसी प्रचार-प्रसार गरिरहेका छन्, तर फुजीमोरी सरकारले वर्षौंवर्ष अगाडि बन्दी बनाएर राखेका MRTA का नेता र कार्यकर्ताहरूको नारकीय स्थितिको बारेमा भने पटक्कै बोलिरहेका छैनन् । जापानी राजदूतको आवासमा कूटनीतिज्ञहरूलाई बन्दी बनाउने MRTA का छापामारहरूलाई 'आतंकवादी' भनी गाली गर्दै त्यहाँका बन्दीहरूको रिहाईका लागि तिनीहरूले बढी माग गरिरहेका छन् । तर 'हजारौं हजार पेरूभियाली जनता र तिनीहरूको मुक्तिका लागि' भनी संघर्षरत वामपन्थी कार्यकर्ताहरूलाई धुन्ने, मार्ने, यातना दिने र वर्षौंवर्षसम्म जेलको कालकोठरीमा बन्द गरेर अमानवीय यातना दिने जस्ता 'आतंककारी' कामहरू गर्दै आएकोमा ती देशी-विदेशी पूँजीवादी सरकार र संचार माध्यमहरू किन बोल्दैनन्, किन लेख्दैनन् ?

हो, यही प्रश्न उठाउन MRTA का छापामारहरूले जापानी राजदूतको निवासको छतमा यस्तो खालका तूल झुण्ड्याएका हुन् । यस तूलमा लेखिएको विचारले सबै पूँजीवादी सरकार र संचार माध्यमहरूलाई MRTA ले बन्दी बनाइराखेका कूटनीतिज्ञहरू र फुजिमोरी सरकारले बन्दी बनाइरहेका MRTA का नेता र कार्यकताहरूको स्वास्थ्य, सुरक्षा र रिहाईको बारेमा समान महत्व दिएर बोल्न-लेख्नका लागि घच्घच्याउन सक्ला त ?

स्मरणीय छ, यो पंक्ति लेखिरहँदासम्म MRTA का छापामारहरूले अब ७३ जनालाई बन्दी बनाइराखेका छन् । यसमा ४८ जना पेरूभियालीहरू, २४ जना जापानीहरू र १ जना बोलिभियाली छन् । ४८ जना पेरूभियालीहरूमध्ये मन्त्री, न्यायाधीश, प्रहरी र सेनाका अधिकारीहरू र फुजिमोरीका भाइ जस्ता महत्वपूर्ण व्यक्तिहरू रहेका छन् । २४ जना जापानीहरूमा जापानी राजदूतका साथै विशेष गरी, व्यापारीहरू बढी छन् । एक जना बोलिभियाली चाहिँ राजदूत हुन् । MRTA का धेरै कार्यकर्ताहरू बोलिभियाली जेलबाट रिहा नगरिएको कारणले उनलाई पनि नछोडिएको बताइन्छ । उरूग्वेले MRTA का दुई जना कार्यकर्तालाई रिहा गरेपछि उरूग्वेका राजदूतलाई छाडिएको थियो ।

उता अहिले पेरूका विभिन्न जेलहरूमा ४५० जनाभन्दा बेसी MRTA का नेता र कार्यकर्ताहरूलाई बन्दी बनाएर राखिएको छ । ती राजबन्दीहरूलाई रिहा गर्नका लागि नै MRTA का छापामारहरूले पेरूको बन्धककाण्ड सिर्जना गरेका हुन् । अहिले MRTA संग वार्ता गर्न फुजीमोरी सरकार तयार त भएको देखिन्छ, तर छापामारहरूको मुख्य मागका रूपमा रहेको सरकारी जेलमा बन्दी जीवन बिताइरहेका ती सबै राजबन्दीहरूलाई रिहा गरिनु पर्ने कुरालाई त्यसले ठाडै अस्वीकार गर्द्रै आइरहेको छ । तर यो माग सरकारले नस्वीकारेसम्म वार्ताको टेबुलमा नजाने अडान MRTA का छापामार नेता क. सेर्पाले व्यक्त गर्दै आनुभएको छ । त्यसका साथै, बन्दी बनाइएका आफ्ना साथीहरूका परिवारलाई जेलमा बन्दीहरूसंग भेट्न नदिएसम्म वार्ताको शुरूवात नहुने कुरामा पनि उहाँले जोड दिइरहनु भएको छ ।

यो स्थितिमा फुजिमोरी सरकारले आफ्नो मूर्खतापूर्ण अडानमा अलिकति पनि लचिलोपन नल्याएसम्म न वार्ता हुन संभव छ, न त पेरू बन्धक प्रकरणको शान्तिपूर्ण समाधानको बाटो नै खुल्नसक्छ । ❑

### कविहरुमा अनुरोध

**कविता क्यालेण्डर ०५४ को लागि १५ पंक्तिसम्मको गीत/कविता/मुक्तक र एकप्रति अटो साइजको फोटो ०५३ माघ २५ गतेसम्ममा आमन्त्रण गरिन्छ ।**

*पठाउने ठेगानाः*
अनिल पौडेल
सम्पादक, कविता क्यालेण्डर
कृषि विकास बैंक
मुख्य कार्यालय, काठमाण्डौ

# बोर्डिङ्ग पास - समयको उपहार


एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न




**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने

**MULYANKAN**
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

